# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ११०

मूल्य रु. २५/-, भारतमा भा.रु. २०/-

**प्रजातन्त्रको नयाँ मोडेलबारे बहस**

*अन्तर्राष्ट्रिय विधिशास्त्रीहरूको ठहर:*
**नेपाल निरंकुश राजतन्त्रतर्फ जाँदै छ !**

**महेशचन्द्र रेग्मीलाई कसरी सम्झना गर्ने ?**



## माओवादीहरु फर्किए

# वार्ता कसरी सफल हुनसक्छ ?




*Avenues 2003*

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष– २१, पूर्णाङ्क– ११०
साउन–भदौ– २०६०



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुईंटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**बजार व्यवस्थापक**
दुर्गा खड्का
जमुनाप्रसाद चौधरी

**विज्ञापन प्रबन्धक**
श्रीबहादुर खड्का



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क – ३/८०, टेकु, काठमाडौं–१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np.
yuwamonthly@yahoo.com

**मूल्य : रु. २५/-**




# वार्ता कसरी सफल हुनसक्छ ?

## माओवादीहरू फर्किए

### किन फर्किए ? अब कसरी टिकाउने ?


○ सूचना तथा संचारमन्त्री कमल थापा ○ डा. सुन्दरमणि दीक्षित ○ डा. मथुराप्रसाद श्रेष्ठ ○ भिक्षु आनन्द ○ पद्मरत्न तुलाधर ○ शैलेन्द्रकुमार उपाध्याय ○ कृष्ण खनाल ○ डा. पीताम्बर शर्मा

## वार्ता अल्झिनुमा 'विदेशी चाल'

● मुक्तिको तीन वर्षपछि पनि कमैयाहरुको कन्तबिजोग ● कोलम्बियाको जनयुद्ध : अमेरिकी हस्तक्षेप ● प्रतिभा पुरस्कारको मण्डलेकरण ● अन्तर्राष्ट्रिय विधिशास्त्रीहरुको ठहर: नेपाल निरंकुश राजतन्त्रतर्फ जाँदैछ ● हृदयाघात कसरी हुन्छ ? – *डा. अरुण सायमी*

⌘ महेशचन्द्र रेग्मीलाई कसरी सम्झना गर्ने ?

⌘ छाडेर त गए, तर कसैले बिर्सने छैनन्



## व्यवस्थापकबारे सूचना

यस मासिकमा बजार व्यवस्थापक रहँदैआउनु भएका श्याम खड्का हाल यस मासिकसँग आबद्ध नरहनु भएकोले अबदेखि बजारसम्बन्धी हाम्रो सम्पूर्ण कारोवार हाम्रा बजार व्यवस्थापकद्वय दुर्गा खड्का र जमुनाप्रसाद चौधरीले गर्नुहुने बेहोरा समस्त ग्राहक, विक्रेता तथा विज्ञापनदाताहरुमा जानकारी गराइन्छ । – *मूल्यांकन*


हाम्रो मूल्यांकन : ४

आवरण कथा :
● वार्ता कसरी सफल हुनसक्छ ? – *श्याम श्रेष्ठ* ५
● के भन्छन् प्रबुद्ध नागरिकहरु १०
● वार्ता अल्झिनुमा 'विदेशी चाल' – *हरि बस्नेत* १३

इतिहास :
● विश्वमा संविधानसभा: *नील प्र. पन्त* १५
● ०१७ सालसम्मको धोकापूर्ण इतिहास – *सुक्ता श्रेष्ठ* २४

विज्ञान :
● वैज्ञानिकहरु 'क्वार्क कणाको सूप' पकाउने सुरमा ! – *तुल्सीदास महर्जन* १६

स्वास्थ्य चर्चा :
● हृदयाघात कसरी हुन्छ ? – *डा. अरुण सायमी* १९

कम्युनिष्ट विश्व :
● कोलम्बियाको जनयुद्ध: अमेरिकी हस्तक्षेप – *राजेन्द्र महर्जन* २०

अनुभव :
● 'क्रान्तिकारी' महिलाहरुको जोश जाँगर देखेर – *शान्ता श्रेष्ठ* २७

कविता :
● मलाई मेरो पौरखमा बाँच्न देऊ – *लक्ष्मी माली* २८

घटना र प्रवृत्ति :
● प्रतिभा पुरस्कारको मण्डलेकरण – *अमर गिरी* २९
● साहित्यिक हस्ती भीष्म साहनी – *समीर थापा* ३७
● कमैयाहरुको कन्तबिजोग – *दामोदर तिमल्सिना* ३८
● चीन–भारत सम्बन्ध : नेपाललाई चुनौती – *हरि रोक्का* ४४
● अमेरिकी, बेलायती शासकको झूठ ४५

नीति/संस्कृति :
● संस्कृतिका विचित्र अभिव्यक्तिहरु – *डी. आर. पोखरेल* ३०

किताब :
● समाजवादको सपना– *नारायण ढकाल* ३२

बहस :
● लोकतन्त्रको नयाँ मोडेलबारे – *खगेन्द्र प्रसाई* ३३

विशेष रिपोर्ट :
● अन्तर्राष्ट्रिय ठहर : नेपाल निरंकुश राजतन्त्रतर्फ जाँदैछ – *विनोद ढुंगेल* ३५

स्मृति :
● महेशचन्द्र रेग्मी : – सुरेश ढकाल/अनिल भट्टराई ४१

अर्थतन्त्र :
● टाट पल्टेको राज्यको पपुलिष्ट बजेट ४३

कला :
● उषाले खिचेका काश्मीरका तस्वीरहरु ४६

पाठकको कुरो : ४६



आवरणमा माओवादी नेताहरु बाबुराम भट्टराई र रामबहादुर थापा 'बादल' विगत चरणमा वार्ताका लागि काठमाण्डौ आउनुहुँदा । फोटो : नरेश श्रेष्ठ, ए.बी.सी. प्रेस फोटो एजेन्सी, फोन नं. ४२४६१२२ । आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोन: ४१००५९ । कलर सेपरेशन: पोलिइमेज, फोन: २५२५७१ । कलाकारहरु: लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४३०७५२ । मुद्रण: इन्द्रेणी अफसेट प्रेस, फोन: ७७१४४८

# केही प्रस्ताव, केही सुझाव प्रमुख राजनीतिक दलहरूलाई

**देश भीषण** गृहयुद्धको डढेलोमा पर्नबाट बल्ल बल्ल जोगिएको छ । तर गजबको विडम्बना के हो भने यसपल्ट सिंगो राष्ट्र सम्भावित गृहयुद्ध र हत्याहिंसाको श्रृङ्खलाले देशको प्रजातन्त्र र प्रभुसत्तालाई स्वाहा पार्ने भयबाट औधी चिन्तित हुँदा पनि देशका प्रमुख राजनीतिक पार्टीहरूले एउटा औपचारिकता निभाउने वक्तव्य दिनुबाहेक त्यसलाई रोक्न चाहिंदो मात्रामा सक्रियता देखाएनन् । यहाँ ठूला राजनैतिक दलहरू अति नै ज्यादा स्वार्थ केन्द्रित र देश र जनताको भविष्यप्रति वेपर्वाह देखिए ।

विगत वार्ताहरूबाट माओवादी ज्यादै निराशिनुको एउटा मुख्य कारण प्रमुख राजनैतिक दलहरूको बाहिर शान्तिवार्ता सफल हुनैपर्ने वक्तव्य र भित्र माओवादीलाई उनीहरूको परिवर्तनको आकांक्षालाई सम्बोधन गर्ने खालको सम्मानजनक र स्वीकार्य अग्रगामी राजनैतिक निकास दिंदै नदिने रवैया हो । ती पार्टीहरूलाई राम्ररी थाहा छ, माओवादीहरू यही संविधान र राजनीतिक संरचनाको परिधिभित्र यथास्थितिको टाङमुनि छिरेर राजनैतिक मूलधारमा कुनै पनि हालतमा आउदैनन् भन्ने कुरा । यदि संविधान संशोधनमै माओवादीहरू आउने भए, आठ आठ हजार जनाको रगतको बलिदान व्यहोर्ने बाटोमा उनीहरू किन जान्थे ?

अहिले पनि निक्कै मुश्किलले माओवादीहरू वार्ताको टेबुलमा आएका छन् । वार्ता सफल हुनु नहुनु मुख्य रूपमा प्रमुख राजनीतिक दलहरूको खासगरी नेपाली कांग्रेस र एमालेको राजनैतिक निकाससम्बन्धी दृष्टिकोण र वार्ताप्रतिको रवैयामा आधारित हुने स्पष्ट देखिन्छ । माओवादीहरू, नेपाली कांग्रेस र नेकपा एमालेबीच मात्रै पनि अग्रगामी निकासको सवालमा साझा सहमति हुने हो भने वार्ता र आन्दोलन कुनै पनि क्षण फलदायी हुन सम्भव छ तर पनि यी तीनथरि शक्तिहरू अग्रगामी निकासको सवालमा किन साझा सहमति विकास गर्न सक्दैनन् ? अहिले वार्ता पनि परिणाममूलक हुन सकिरहेको छैन । र, सडक आन्दोलन पनि प्रभावकारी हुन सकिरहेको छैन । यी दुवैको एउटै कारण छ- यी तीनथरि शक्तिहरू अग्रगामी निकासको बूँदामा एकमत नहुनु । माओवादी र पांच राजनीतिक आन्दोलनकारीहरूको मागहरू गहिरोमा नियालेर हेर्ने हो भने उनीहरूबीच थुप्रै महत्वपूर्ण बूँदामा साझा सहमति भेटिन्छ । तर बुझ्नै गाह्रो हुने विरोधाभाष के हो भने त्यति धेरै बूँदाहरूमा साझा दृष्टिकोण हुँदाहुँदै पनि उनीहरू त्यो प्राप्त गर्ने प्रक्रिया र बाटोको सवालमा किन साझा सहमति र दृष्टिकोण विकास गर्न सकिरहेका छैनन् ? आन्दोलनकारी प्रमुख पार्टीहरू न त माओवादीलाई संयुक्त सडक आन्दोलनमा सरिक गराउन तयार देखिन्छन्, न त वार्तामा उनीहरूलाई सघाएर सफल हुन दिन नै । उनीहरूको असहयोगी रवैया नै यतिखेरसम्म वार्ता फलदायी नहुनुको एउटा मुख्य कारण हो । राजनैतिक दलहरूले आफू सहमत भएजति वार्ताका राजनैतिक मागहरूमा आफ्नो खुलेआम समर्थन जनाइदिए मात्र पनि वार्ताको प्रभावकारीता अरू ज्यादा बढ्ने थियो । ठीक त्यस्तै, माओवादीले आफू सहमत भएजति आन्दोलनका राजनीतिक मागहरूमा आफ्नो समर्थन सार्वजनिक रूपमा जनाइदिए भने पनि आन्दोलनको प्रभावकारीता अहिलेभन्दा निक्कै ज्यादा हुन्थ्यो । यस्तो गर्न उनीहरूलाई केले रोकिरहेको छ ?

निश्चय पनि माओवादीले आफ्ना कार्यकर्ताहरूबाट अन्य राजनैतिक दलहरूमाथि भइरहेको बल प्रयोगका घटनाहरू हिंसात्मक आक्रमणहरू र आफ्नो क्षेत्रमा राजनैतिक गतिविधि गर्न नदिने अलोकतान्त्रिक र अमैत्रीपूर्ण हर्कतहरू बन्द गर्नैपर्छ । माओवादीले राजनीति चाहिं जनमत र जनसमर्थन नभई नहुने संविधानसभाको लिने, अनि चरित्र र व्यवहारचाहिं जनता र मित्रपंक्तिमाथि समेत बल प्रयोग गर्ने र जनमत भड्किने खालको अपनाउने कुरा ठ्याप्पै मिलेन । यस्तो अन्तर्रविरोधी व्यवहार र चरित्र माओवादीले हटाउनैपर्छ । अन्य पार्टीहरूले पनि माओवादीविरूद्ध भइरहेको शत्रुतापूर्ण रवैया र खुफियागिरी बन्द गर्नैपर्छ । माओवादीलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याइयो भने आआफ्नो राजनीतिक जमीन र अस्तित्व खस्किन्छ भन्ने अदूरदर्शीतापूर्ण चिन्तनबाट अन्य पार्टीहरू पनि मुक्त हुनैपर्छ ।

आन्दोलनरत पार्टीहरूले के स्पष्ट हुनु जरूरी छ भने उनीहरूले अहिले सडक आन्दोलनमार्फत् राखिरहेका सबै राजनीतिक मागहरू माओवादीसित एकनाबद्ध भएर वार्ताको टेबुलबाट पनि प्राप्त गर्न सम्भव छ । त्यस्तै, माओवादीले पनि स्पष्ट हुनु आवश्यक छ कि वार्तामा राखेका मागहरू सशक्त सडक आन्दोलनबाट पनि हासिल गर्न सकिन्छ । के पार्टीहरू र नागरिक समाजको गोलमेच सम्मेलनबाट सर्वाधिकारसम्पन्न अन्तरिम सरकार बन्यो भने पार्टीहरूले माग गरेको जस्तो प्रतिगमन पूर्णतया परास्त हुँदैन ? के यसले प्रतिनिधिसभाको निर्वाचन गर्ने घोषणा गर्‍यो र त्यही प्रतिनिधिसभाले नयाँ संविधान निर्माण गर्ने कार्य गर्‍यो भने त्यो संविधानसभा बरोबरको अग्रगामी निकास हुँदैन ? मुख्य कुरो के हो भने अहिले देशले जुन सम्वैधानिक र राजनीतिक संकट व्यहोरी रहेको छ, त्यसको निकास अहिलेकै मुर्छित संविधानको धारा उपधाराहरूमा विद्यमान देखिंदैन । त्यसको लागि देशमा कार्यरत सबै प्रमुख राजनैतिक दलहरूको र शक्तिहरूको साझा सहमतिको राजनीतिक निर्णयको आवश्यकता हुन्छ । त्यस्तो राजनीतिक निर्णय लिन प्रमुख राजनीतिक पार्टीहरू तयार हुने कि नहुने ? देशमा संसद नभएको स्थितिमा दलहरूको सहमतिको राजनीतिक निर्णयविना संविधानको कुन धारामुताविक संसद पुनर्स्थापना गर्न मिल्छ ? कुन धाराले सर्वाधिकार सम्पन्न सर्वदलीय सरकार गठन गर्न मिल्छ ? यदि राजनीतिक निर्णय नै लिने हो भने अहिलेको प्रतिगमनको समस्या पनि एकसाथ हल हुने र माओवादी विद्रोहले अपेक्षा गरेको परिवर्तनको चाहना पनि हल हुने बाटो किन नअपनाउने ? त्यसो गर्नको लागि संसदभित्रका प्रमुख राजनैतिक दलहरूले आफ्नो यथास्थितिवादी सोच र कुर्सी स्वार्थ केन्द्रित मागहरू त्याग गर्नैपर्छ । माओवादीहरूले हिजोको संविधान र संसदलाई छुनै नहुने शुद्धतावादी सोच त्याग गर्नैपर्छ । संसदभित्रका प्रमुख राजनीतिक पार्टीहरू नयाँ संविधान निर्माणको लागि सहमत हुनुपर्दछ । माओवादीहरू नयाँ प्रतिनिधिसभाको चुनावको लागि तयार हुनुपर्दछ । र, त्यसैमार्फत् त्यस्तो नयाँ संविधान निर्माण गर्ने बाटोमा सहमत हुनुपर्दछ । यदि यसो गर्न सकियो भने अग्रगमनका थुप्रै विषयवस्तुमा तीनथरिबीच साझा सहमति भएजस्तै अग्रगामी निकासको सवालमा पनि साझा सहमति बन्नु सम्भव छ । अहिलेको मुख्य आवश्यकता हो, वार्ता र आन्दोलनको लक्ष्य र माग दुवै समरूप हुनु ।

यसपटक संसदीय पार्टीहरूले माओवादीलाई कुनै पनि हालतमा जंगल फर्कन दिनुहुँदैन । अनि माओवादीले पनि कुनै पनि हालतमा सडक आन्दोलनलाई विफल हुन दिनुहुँदैन । वार्ता र आन्दोलन दुवैमा दुवैथरि सामेल हुनुपर्दछ । वैध र अवैधको झगडामा फसिराख्ने होइन । वैधताकै कुरा गर्ने हो भने के धारा १२७ को दुरूपयोग गरेर सक्रिय राजतन्त्रको अभ्यास गरिरहेका वर्तमान राजसंस्था वैध छ ? उनीसँग कुराकानी गर्न मिल्छ भने उनैको अभिन्न अंगका रूपमा रहेका खेतालाहरूसँग किन मिल्दैन ? पार्टीहरू एक ढिका हुन नसकेर माओवादीहरू पुनः जंगल फर्कन बाध्य भए र देशी-विदेशी प्रतिगमन पक्षधर शक्तिको दमनबाट मासिए भने त्यसपछि मासिने पालो सडक आन्दोलनमा उत्रिरहेका पार्टीहरूकै हो भन्ने कुरा प्रमुख ठूला पार्टीहरूले राम्ररी अनुभूति गर्नु जरूरी छ । ❑

# वार्ता कसरी सफल हुनसक्छ ?

● श्याम श्रेष्ठ

## माओवादीहरू फर्किए

**नत्र सिंगो देश संभावित भीषण गृहयुद्धको भयले त्रस्त भएका थियो**

भण्डै भण्डै वार्ता टुट्ने र युद्धविराम भंग हुने स्थितिबाट देश बल्ल-बल्ल बचेको छ र, सिंगो राष्ट्रले राहतको सास फेरेको छ । माओवादी र राज्य पक्षबीच चलेको चार पटकको पत्रयुद्धपछि नागरिक समाजको, सहजकर्ताहरूको र केही वामपन्थी राजनीतिक नेताको पहलकदमीमा पुनः दुईथरीबीच वार्ता हुने सम्भावना पैदा भएको छ । दुईथरीबीच विद्यमान संवादहिनताको स्थिति र चरम विश्वासको संकटमा साउन १५ गतेको माओवादी नेतृत्वको वक्तव्यपछि केही सुधार आएको छ र माओवादीहरू वार्ताको टेबुलमा आउन पुनः सहमत भएका छन् । साउन ११ गते माओवादीले पाँच दिनको समय दिएर र पाँचवटा माग राखेर कडा अल्टिमेटम दिएपछि सरकारले नागरिक समाजको र सहजकर्ताहरूको आग्रह र दवावमा पहिलो र दोस्रो चरणका वार्ताका केही निर्णयहरू कार्यान्वयन गर्ने घोषणा गरेपछि यो नयाँ स्थिति पैदा भएको हो । नत्र सिंगो देश संभावित भीषण गृहयुद्ध, व्यापक हत्या हिंसाको श्रृंखला, सैन्यीकरण र विदेशी हस्तक्षेपको भयले त्रस्त भएका थियो ।

माओवादीले साउन ११ गते पठाएको पत्रमा साउन १५ गतेको अवधिभित्र वार्ताका लागि उनीहरूले माग गरेका पाँचवटा पूर्वाधारहरू पूरा नभएमा सत्तापक्षले एकपक्षीय रूपमा युद्धविराम र वार्ता भंग गरेको निष्कर्ष निकाल्न आफू बाध्य हुनुपर्ने चेतावनी दिएको थियो । उनीहरूले अर्को चरणको वार्ताका लागि आवश्यक ठानेका पूर्वाधारहरू निम्नअनुसार थिए :

क) दोस्रो चरणको वार्तामा भएका सबै सहमति र निर्णयहरू कार्यान्वयन गरिनुपर्ने ।

ख) वार्तामा या त राजा स्वयं संलग्न हुनुपर्ने वा सरकारी वार्ता टोलीलाई अग्रगामी राजनैतिक निकासलगायतका सबै आवश्यक विषयमा सम्झौता गर्ने अधिकार रहेको र सम्झौतालाई पूर्णरूपेण पालना गर्न आफू प्रतिबद्ध रहेको सुस्पष्ट र द्विविधारहित अभिव्यक्ति राजाबाट सार्वजनिक गरिनुपर्ने ।

ग) शाही सेनाद्वारा आचारसंहिता र सबै चरणका वार्तामा भएका र हुने सबै निर्णयहरू निःशर्त र पूर्णतः पालना गरिने प्रतिबद्धता सार्वजनिक गरिनुपर्ने ।

घ) अमेरिकासँग हालै भएको कथित प्रति-आतंकवादी पाँचवर्षे सम्झौता खारेज गरिनुपर्ने र सबै अमेरिकी सैनिक सल्लाहकार र विशेषज्ञहरूलाई फिर्ता गरिनुपर्ने ।

ङ) सत्ता पक्षको अग्रगामी निकासको राजनैतिक एजेण्डा सार्वजनिक गरिनुपर्ने ।

माओवादीका यी मागहरू वर्तमान राज्यप्रतिको चरम विश्वासको संकटबाट सिर्जित देखिन्छन् । सरकारले विगतका वार्ताका कुनै पनि सहमति लागु नगर्नु, वार्ताकै दौरानमा पनि सेना परिचालन र सैन्य कार्वाहीहरू जारी राख्नु र सरकारले गरेको सहमतिलाई सैनिक मुख्यालयले अस्वीकार गर्नुबाट विद्रोहीहरूमा यो विश्वासको संकट सृजना भएको हो ।

अहिले सरकारले माओवादीका यी मागमध्ये पहिलो र दोस्रो चरणको वार्ताका सहमतिहरू कार्यान्वयन गर्ने सिलसिलामा माओवादीका तीनजना केन्द्रीय नेताहरू रवीन्द्र श्रेष्ठ, वामदेव क्षेत्री र मुमाराम खनालका अलावा विद्यार्थी नेता ज्ञानेन्द्र त्रिपाठीलाई रिहा गरिदिएको छ । उसले बेपत्ता पारिएका ३६ जनाको स्थिति सार्वजनिक गरेको छ । 'आतंककारी तथा विध्वंशात्मक कार्य नियन्त्रण र सजायँ ऐन' खारेज गर्न गृहकार्य शुरू गरिसकेको जनाएको छ । 'प्रतिरक्षात्मक अवस्थामा बाहेक माओवादीका विरूद्धमा लक्षित सैनिक परिचालन र कार्यवाही नगर्ने, शाही नेपाली सेना र विद्रोही पक्षका सेनाका बीचमा आमने-सामने र मुठभेडको स्थिति आउन नदिने तथा उपरोक्त कार्यका लागि सशक्त अनुमगनको प्रक्रिया र माध्यम कायम गर्नेबारे' सरकारले लेखेको ताजा पत्रमा सार्वजनिक प्रतिबद्धता जनाइएको छ । साथै सैनिक हेडक्वार्टरका तर्फबाट जारी गरिएको एउटा वक्तव्यमार्फत् सरकारले गरेको वार्ताको हरेक सहमति र आदेश सेनाले मान्ने र कार्यान्वयन गर्ने सार्वजनिक प्रतिबद्धतासमेत जारी गरिएको छ । शाही नेपाली सेनाका प्रवक्ता महासेनानी दीपककुमार गुरूङ्गले साउन १३ गते राससँग कुरा गर्दै 'शाही नेपाली सेनाले श्री ५ को सरकारले दिने हरेक आदेशको अक्षरशः पालना गर्दै सरकारको निर्णय कार्यान्वयन गर्ने' प्रतिबद्धता व्यक्त गरेका छन् ।

सरकारको यो सकारात्मक प्रत्युत्तर वार्ताका चारजना सहजकर्ताहरूले, 'शान्तिका लागि नागरिक ऐक्यबद्धता' नामक सम्पूर्ण नागरिक समाजको छाता संस्था र अन्य नागरिक समाजको प्रतिनिधिमण्डलले प्रधानमन्त्री तथा सरकारी वार्ता टोलीलाई भेटेर शान्तिवार्ताको लागि अनुकूल वातावरण बनाउन तत्काल कदम चाल्न केही मूर्त



सुझावहरू दिएपछि र दवाव सिर्जना गरेपछि आएको हो । उता उनीहरूले र केही वाम राजनीतिक दलका नेताहरूले माओवादी पक्षलाई पनि अहिलेको विन्दुमा युद्धविराम भंग नगर्न र पुनः वार्ताको टेबुलमा आउन सशक्त दवाव दिए । सरकारले माओवादी पक्षबाट अल्टिमेटम राख्ने दौरानमा अघिसारेका मागहरूमध्ये केही प्रमुख मागहरूलाई पूरा गरेपछि अहिलेकै विन्दुमा वार्ता छोडेर जानु र युद्धविराम भंग गर्नु विल्कुलै उचित नहुने र यसो गरियो भने जनमत माओवादी पक्षमा नहुने कुरा राखेपछाडि माओवादी नेतृत्व पनि वार्ताको टेबुलमा आउन सहमत भएको हो ।

## वार्ताका चुनौतिहरू र जटिलताहरू

माओवादी पक्ष पुनः वार्ताको टेबुलमा आउन सहमत भएतापनि अब आउने शान्तिवार्ताका सामुन्ने गम्भीर चुनौतिहरू र जटिलताहरू विद्यमान देखिन्छन् । माओवादीको राज्य पक्षसित मुख्य डर के देखिन्छ भने सरकारले माओवादीसित कुनै सम्झौता गरेतापनि राजा र सेनाले त्यो सम्झौतालाई स्वीकार नगर्ने र त्यसलाई पहिलेझैं लत्याएर अगाडि बढ्ने पो हो कि ? उनीहरूको अर्को डर के देखिन्छ भने यता वार्ताको टेबुलमा सहमति जुटाउन उनीहरू बसिरहँदा, उता अमेरिकी र सरकारी सेना मिलेर माओवादीमाथि सैनिक दमनको तयारी पो पूरा गर्ने हुन् कि ? तेस्रो, अन्ततः संस्थापन पक्ष र संसदीय दलहरू मिलेर माओवादीलाई एक्ल्याउदै ज्यादाभन्दा ज्यादा संवैधानिक सुधारद्वारा अहिलेकै संविधान र संसदीय यथास्थितिभित्र माओवादीलाई हुल्न चालवाजी गर्ने पो हुन् कि ? अहिले वार्तामा जुन जटिलता सिर्जना भएको छ र माओवादीहरूले वार्ताको लागि जुन शर्तहरू अघि सारेका छन् ती माओवादीका यिनै डर र आशंकाहरूबाट सिर्जित देखिन्छन् । माओवादीका यी डरहरूलाई समुचित ढंगले बेलैमा सम्बोधन गर्ने कार्य राज्य पक्षबाट भएन भने माओवादीहरू अहिले वार्ताको टेबुलमा आएतापनि उनीहरू कुनै पनि क्षण वार्ताको टेबुलबाट फर्कन सक्छन् ।

अबको वार्ताको टेबुलमा मुख्यतया दुईवटा सवालमा राज्य पक्षले कुन रूख देखाउँछ त्यसमा नै वार्ताको सफलता र असफलता आधारित हुने देखिन्छ । पहिलो, राज्य पक्षले राजा र सेनाको समेत सहमति जुटाएर माओवादीविरूद्ध परिलक्षित देशीविदेशी सेनाको परिचालन र आक्रामक गतिविधिलाई व्यवहारमा र भुइंतहमा प्रभावकारिताका साथ रोक्न सक्छ कि सक्दैन । दोस्रो, माओवादीले राजनैतिक एजेण्डाअन्तर्गत उठाएका मुख्य राजनैतिक मागलाई सम्बोधन गर्ने गरी राज्य पक्ष नयाँ संविधान निर्माणको प्रक्रियामा जान सक्छ कि सक्दैन ? यदि यी दुई सवालमा राज्य पक्ष तमाम राजनैतिक पार्टीलाई पनि सहमतिमा लिएर सकारात्मक दिशामा जान तयार भयो भने वार्ता सफल हुन सक्ने बलियो सम्भावना छ । यदि यी दुईमध्ये कुनै पनि सवालमा राज्य सकारात्मक हुन सकेन भने वार्ता तत्कालै टुट्ने टड्कारो सम्भावना छ ।

माओवादीहरू यसपटक धेरै लामो समयसम्म वार्ताको टेबुलमा रहने गरी आउन लागेका छैनन् । उनीहरू छोटो, सघन र कामकाजी वार्ताको पक्षमा देखिएका छन् । यसपल्ट उनीहरू पहिलेझैं अन्य विषयमा केन्द्रित नभई मूलभूत रूपले उनीहरूले अघिसारेका राजनीतिक एजेण्डामा केन्द्रित हुने सोचमा छन् । अध्यक्ष प्रचण्डले साउन १५ गते जारी गरेको प्रेस-वक्तव्यमा स्पष्ट रूपमा भनिएको छ, "अबको वार्ता, प्राविधिक विषयमा नभएर राजनैतिक विषयमा केन्द्रित हुनुपर्ने कुरामा हामी विशेष जोड दिन चाहन्छौं ।" एक माओवादी सूत्रले *मूल्यांकन*लाई बताएअनुसार लामो वार्ता उनीहरूको लागि आफ्नो अस्तित्व नै जोखिममा पार्ने धराप हुन सम्भव छ । किनकि उनीहरूलाई प्राप्त सूचनाअनुसार सरकार अहिले अमेरिकी र बेलायतीहरूको सहयोग र उत्प्रेरणामा सैन्य दमनको उपायबाट माओवादीलाई सिध्याउने भौतिक तयारी गरिरहेछ । त्यो तयारी पूर्ण भइसकेको छैन, त्यसको लागि थोरै समय थप चाहिएको छ । त्यसैले अहिले वार्ताको नाटक भइरहेछ भन्ने माओवादी नेतृत्वलाई परेको छ ।

यता सरकार चाहिं पहिले अनौपचारिक वार्ता गर्ने त्यसपछिमात्र औपचारिक वार्ता गर्ने मनस्थितिमा देखिएको छ । यसको मतलब सरकारी योजनाअनुसार वार्ताले अपेक्षित रूपमा लामो समय लिनसक्छ । परन्तु, सरकार पनि तुरून्तै राजनीतिक एजेण्डामा प्रवेश गर्न भने सहमत देखिएको छ । प्रधानमन्त्री सूर्यबहादुर थापाले *मूल्यांकन*लाई बताएअनुसार, "माओवादीका हामीप्रतिका जेजति डरहरू छन्, त्यसलाई हामी सबभन्दा पहिले अनौपचारिक वार्तामा बसेर हल गर्न सक्छौं र चाहन्छौं । त्यसपछि बल्ल औपचारिक वार्ता भयो भने त्यो ज्यादा फलदायी हुन्छ । प्राविधिक विषयहरू वास्तवमा औपचारिक वार्तामा टुङ्ग्याउने कुरा पनि होइनन् । तिनलाई अनौपचारिक वार्ताबाटै हल गर्नुपर्छ । हामी औपचारिक वार्ताको माध्यमबाट माओवादीका राजनीतिक एजेण्डामा तुरून्त छलफल गर्न तयार छौं ।"


राज्य पक्षको पनि माओवादीप्रति केही गम्भीर डरहरू देखिन्छन् । उनीहरूको पहिलो डर माओवादीले यता वार्ताको टेबुलमा कुरा चलाउँदै गर्दा उता हातहतियार र सेना दुवै निक्कै वृद्धि गर्ने, संगठन पनि व्यापक पार्ने र वार्तालाई रणनीतिक उद्देश्यको लागि प्रयोग गरेर पोहोर सालको दाङ आक्रमण फेरि दोहोऱ्याउलान् कि भन्ने छ । उनीहरूको दोस्रो डर वार्ता टुट्ना साथ माओवादीले शहरी क्षेत्रमा नागरिक विद्रोह मच्चाउलान् वा पोहोरजस्तै उच्चपदस्थ कृष्ण मोहन हत्याकाण्डहरू दोहोऱ्याउलान् कि भन्ने देखिन्छ । उनीहरूको तेस्रो डर माओवादी र आन्दोलनरत राजनैतिक पार्टीहरू मिलेर सत्तापक्षलाई एक्ल्याउलान् र संयुक्त आन्दोलन गरेर तथा साझा माग राखेर संस्थापन पक्षलाई ती मागहरू पूरा गर्न वाध्य पार्लान् कि भन्ने देखिन्छ । अहिले राज्यपक्षका तमाम सैनिक र राजनीतिक गतिविधिहरू यिनै डरबाट पैदा भएका देखिन्छन् ।

अबको वार्ताको टेबुलमा माओवादी पक्षले राज्य पक्षका यी डरहरूमध्ये कुन कुनलाई सम्बोधित र हल गर्न सक्नेछ भन्ने कुरामा माओवादीका मागहरूप्रति सत्तापक्ष लचिलो र सकारात्मक हुन सक्छ कि सक्दैन भन्ने कुरा आधारित हुने देखिन्छ ।

वार्ताको टेबलमा सबभन्दा जटिल कुरो आन्दोलनरत पार्टीहरूको सहभागिता र उनीहरूको सकारात्मक रवैया जुटाउने सवाल देखिन्छ । यसपटकको वार्तामा माओवादी नेतृत्वले आन्दोलनरत राजनीतिक पार्टीहरूको सहभागितालाई 'अनिवार्य' बताएको छ । अध्यक्ष प्रचण्डको ताजा वक्तव्यमा भनिएको छ "देशको आजको विशिष्ट अवस्थामा राजनैतिक निकासको प्रक्रियालाई सहज तुल्याउनका लागि आन्दोलरत राजनैतिक दलका प्रतिनिधिसमेतको सहभागिता हामीले अनिवार्य ठानेका छौं । त्यस प्रकारको सहभागिताका लागि हामी राजनैतिक दलहरूसँग विशेष अनुरोध गर्दछौं र सोको व्यवस्था मिलाउन सत्तापक्षसँग आग्रह गर्दछौं ।" तर राजनीतिक पार्टीहरूले वर्तमान सरकारलाई कुनै पनि हालतमा वैधानिकता प्रदान गर्न नसक्ने कारण देखाएर वार्ताको टेबुलमा आफू सरिक हुन असमर्थ भएको बताएका छन् । यहींनेर आएर आगामी वार्ता जटिल हुनसक्ने देखिन्छ ।

अहिलेको परिस्थितिमा आन्दोलनरत राजनीतिक पार्टीहरू सरकारसँगको वार्तामा सामेल हुनसक्ने सम्भावना अत्यन्त न्यून छ । त्यसैले माओवादीले वार्ताको टेबुलमा उनीहरूको सहभागिता अनिवार्य बनाउनुको तात्पर्य वार्ता नै नगर्नु हुन जाने हुन्छ । यसो गर्नुभन्दा उचित कुरो माओवादीले सबभन्दा पहिले पार्टीहरूसित समयबद्ध वार्ता गर्नु र सहमति जुटाउनु र त्यसपछि मात्र सत्तापक्षसँग वार्ता गर्नु हुनसक्छ । यसो गर्दा वास्तविक वार्ता जनता र दरवार पक्षका बीच हुन जाने हुन्छ र वार्ता प्रभावकारी पनि हुन्छ ।





यसपटकको वार्तामा माओवादी नेतृत्वले आन्दोलनरत राजनीतिक पार्टीहरूको सहभागितालाई 'अनिवार्य' बताएको छ

परन्तु यो काम सजिलो भने अवश्य छैन । जाआन्दोलनरत पार्टीहरूमध्ये सबैभन्दा ठूला दुई पार्टीहरू- नेपाली कांग्रेस र नेकपा एमाले माओवादीलाई मूल राजनीतिक धारमा आउनका लागि सम्मानजनक र स्वीकार्य अग्रगामी निकास दिन तयार नै देखिँदैनन् । नेकपा एमालेको मुख्य नेतृत्व वार्ता सफल भएर माओवादीहरू मूल राजनैतिक धारमा आए भने आफ्नो राजनैतिक जमीन नै सांघुरो हुन्छ कि भनेर औधी भयभीत देखिन्छ । उता नेपाली कांग्रेसका सभापति र मुख्य नेतृत्व विशेषतः विदेशी दाताहरूको दवाबमा हालको संयुक्त आन्दोलनमा माओवादीलाई सामेल गर्नसमेत उसले हतियार छोडेपछि मात्र यो सम्भव छ भनेर शर्त लगाइरहेछ । यी दुवै शक्तिहरूका शीर्षस्थ अगुवाहरू नयाँ संविधान र संविधान सभाको बाटोमा जान हालसम्म पनि तयार देखिएका छैनन्, जबकि यिनका भूइँ तहका अधिकांश कार्यकर्ताहरू भने यतिबेला सडकमा गणतन्त्रको पक्षमा देखिएका छन् र सडकमा राजविरोधी नारा लाउँदै पुलीसको लाठी खाइरहेछन् । संसदको पुनर्स्थापना, सर्वदलीय सरकार र संविधानको संशोधनजस्तो मूलतः यथास्थितिवादी वा सुधारवादी निकासभन्दा माथि उठ्न उनीहरू दुवै आ-आफ्नो संकीर्ण सत्तास्वार्थले गर्दा तयार भइरहेका छैनन् । माओवादी पक्ष भने यथास्थितिवादी वा सुधारवादी निकासमा ओर्लन ठ्याप्पै तयार देखिँदैन । वार्ताको टेबुलमा मुख्य गाँठो यहींनेर पर्ने देखिन्छ । वार्ताको सबैभन्दा ठूलो जटिलता नै यही देखिन्छ ।


उता दरवार सक्रिया राजतन्त्रको पक्षमा हठ गरिरहेको स्पष्टतः देखिएको छ । ऊ जनतामा अहिलेभन्दा ज्यादा सत्ताधिकार सुम्पन पटक्कै तैयार देखिँदैन । तसर्थ, पार्टीहरू र दरवारको यथास्थितिवादी अन्धहठका कारण राजनीतिक एजेण्डामा वार्ता शुरू हुना साथ त्यो टुट्ने संभावना प्रबल छ ।

## पार्टीहरू र माओवादीका दायित्वहरू

यसप्रटक माओवादीहरू केवल रणनीतिक स्वार्थपूर्ति गर्नका लागि वार्तामा आएको प्रतीत हुन्न । रणनीतिक शक्ति सन्तुलनको स्थितिमा युद्ध पुगेको हुनाले अग्रगामी राजनीतिक निकाससहित शान्तिपूर्ण बाटोबाट सम्मानजनक र सुरक्षित अवतरणका लागि उनीहरू वार्तामा आएका देखिन्छन् । उनीहरू शान्तिवार्ताबाटै संकटको हल निकाल्न र संवादबाटै राष्ट्रिय राजनीतमा प्रवेश गर्ने सम्मानजनक बाटो निकाल्न वार्तामा आएका देखिन्छन् । उनीहरूको वार्ता टोलीको उच्च स्तरको संरचना हेर्दा पनि यो महशूस गर्न सकिन्छ, उनीहरूले वार्तामा राखेको माग-पत्रको गूदी विषयवस्तु हेर्दा पनि यो अनुभूति गर्न सकिन्छ । वार्ताको टेबिलमा राखेका उनीहरूका मागहरू सारमा क्रान्तिकारी लोकतन्त्र (Radical democracy)को परिधिभित्रका मात्र देखिन्छन् । अहिले आइपुग्दा संसदवादी लोकतन्त्रवादीहरू र उनीहरूका मागमा अनेकौं सवालमा समानता भेटिन्छ । माओवादी नेतृत्वले अब आएर ४६ सालका जन-आन्दोलनका उपलब्धिहरूलाई समेत सकारेका छन् । र त्यसलाई मूर्तिकरण पनि गरेका छन् । यस्तो परिस्थितिमा हिजोका पूर्वाग्रहबाट निर्देशित भएर माओवादीलाई पुनः जंगल जान बाध्य पार्नु ठूलो मूर्खता हुनेछ ।



*डा. प्रकाशचन्द्र लोहनी*



*कमल थापा*

**माओवादीलाई पुनः जंगलतिर जान बाध्य नपार्ने हो भने आन्दोलनरत राजनीतिक पार्टीहरू अहिलेको यथास्थितिवादी वा सुधारवादी राजनीतिक निकासको हठबाट मुक्त हुनैपर्छ**

माओवादीलाई पुनः जंगलतिर जान बाध्य नपार्ने हो भने र देशलाई सम्भावित भीषण गृहयुद्ध अनावश्यक रक्तपात, पूर्ण सैनिकीकरण र विदेशी हस्तक्षेपबाट जोगाउने हो भने आन्दोलनरत राजनीतिक पार्टीहरू अहिलेको यथास्थितिवादी वा सुधारवादी राजनीतिक निकासको हठबाट मुक्त हुनैपर्छ । उनीहरू माओवादीलाई सम्मानजनक र स्वीकार्य अग्रगामी राजनैतिक निकास दिन तयार हुनुपर्दछ ।

अहिले माओवादीले वार्ताको टेबुलमा अघिसारेका मागहरू र आन्दोलनरत पार्टीहरूले अघिसारेका अठार सूत्रीय मागहरूमा थुप्रै महत्वपूर्ण बूँदाहरूमा आश्चर्यजनक समानता भेटिन्छ । जस्तो- नेपाली जनतालाई पूर्ण रूपमा प्रभुसत्तासम्पन्न पार्नका लागि संविधानमा जनमतसंग्रहको प्रावधान राख्ने सवाल, सेनालाई निर्वाचित जनप्रतिनिधिसभा र सरकारको स्पष्ट मातहतमा राख्ने सवाल, क्षेत्रीय स्वायत्त शासनको सवाल, धर्मनिरपेक्ष राज्यको सवाल, महिला समानता, जातको समानता र भाषिक समानताको सवाल । माओवादी र पार्टीहरूको बुद्धिमानी यसैमा हुन्थ्यो कि उनीहरू यी मागहरूलाई साझा माग बनाएर यिनलाई हाँसिल गर्ने प्रकृयाको सवालमा पनि एकमत होउन् ।

पार्टीहरूले नै अघिसारेका मागहरूमध्ये सबैभन्दा प्रमुख जनमत संग्रहको माग अहिलेको संविधानमा संशोधन गरेर प्राप्त हुने माग होइन । यसका लागि नयाँ संविधान नै बन्नु आवश्यक छ । किनकि अहिलेको संविधानले संविधानको प्रस्तावनाको भावना प्रतिकूल हुनेगरी संविधानको कुनै पनि धारालाई संशोधन गर्ने हक प्रदान गरेको छैन । र, संविधानको प्रस्तावनाको भावना के हो भन्ने कुराको व्याख्या गर्ने अधिकार सर्वोच्च अदालतलाई मात्र छ । यो जगजाहेर छ, नेपालको सर्वोच्च अदालत त्यस्तो अदालत हो, जसले संकटकालमा पनि संसदीय चुनाव सम्भव छ र अध्यादेशमार्फत् पनि बजेट ल्याउंनसक्छ भनेर सरासर प्रतिगमनको पक्षमा फैसला दिन्छ, जबकि संविधानमा संसदको दुवै सदनसमक्ष बजेट पेश गर्नै पर्ने र त्यसले त्यो अनुमोदन गर्नै पर्ने बाध्यकारी प्रावधान छ । यसो हुनाले पार्टीहरूले राखेको माग पूरा गर्न पनि नयाँ संविधान आवश्यक छ र नयाँ संविधानको लागि संविधान सभा नै सबभन्दा उत्कृष्ट बाटो हो । यही कारणले पार्टीहरू संविधानसभाको पक्षमा खडा हुनु जरूरी छ । र, यसरी खडा हुने हो भने माओवादी र पार्टीहरूको माग र लक्ष्य एउटै हुन जान्छ । दुवैको माग र लक्ष्य एउटै हुँदा मात्रै आन्दोलन र वार्ता दुवै एकसाथ सफल हुन्छन् । वार्ता बिग्रे आन्दोलनलाई तेज र सफल पार्न सकिन्छ, आन्दोलन बिग्रे वार्तालाई फलदायी बनाउन सकिन्छ । तर विडम्बना, आन्दोलनरत पार्टीहरूले अहिलेसम्म के महशूस गर्न सकेको देखिँदैन भने उनीहरूले अहिले राखिरखेका यावत् मागहरू वार्ताको टेबुलबाट पनि पूरा गर्नु संभव छ । के वार्ताको बाटोबाट आन्दोलनरत पार्टीहरू नागरिक समाज र माओवादीको गोलमेच सम्मेलन भएर त्यसमा संलग्न पार्टीहरूको सहमति र सिफारीशबाट सर्वाधिकारसम्पन्न सरकार बन्यो र त्यसले संविधान सभाको चुनाव गरायो भने आन्दोलनरत पार्टीहरूले लक्षित गरेको प्रतिगमन परास्त हुँदैन ?

पार्टीहरूले आफ्नो आन्दोलनको उद्देश्य जनतालाई पूर्ण रूपमा प्रभुसत्तासम्पन्न बनाउनु हो भनेर घोषित गरेका छन् । यदि यो उनीहरूको वास्तविक घोषित लक्ष्य हो भने उनीहरूले आफ्नो माग पूरा गर्ने प्रक्रिया पनि त्यस्तो रोज्नुपर्दछ, जसले जनतालाई वास्तविक अर्थमा प्रभुसत्तासम्पन्न बनाउँछ । त्यो प्रक्रिया भनेको संविधानसभा नै हो । यस परिप्रेक्ष्यमा आन्दोलनरत पार्टीहरू संविधान सभाबाट डराउनु पर्ने कुरै छैन । बरू संविधान सभा नै त्यो एजेण्डा हो, जसले माओवादी र आन्दोलनरत पार्टीहरूलाई एकगठ बनाउछ । र दरवारलाई दुवैका मागहरू पूरा गर्न बाध्य बनाउँछ ।

अबको वार्तामा माओवादी र पार्टीहरूले साझा राजनीतिक माग र त्यो माग हाँसिल गर्ने प्रक्रियामा लचिलो भएर साझा सहमति, आपसी विश्वास र समझदारी विकास गर्न समर्थ भए भने वार्ता र सडक आन्दोलन दुवै सफल हुन संभव छ । यसो भयो भने माओवादीहरू पुनः जंगल पस्नु पर्ने सवालै छैन, न त पार्टीहरूले नै अनन्तकालसम्म अप्रभावकारी आन्दोलन उठाइरहनु पर्ने आवश्यकता हुनेछ । यस्तो हुन सकेन भने दरवार कुनै पनि हालतमा आफूले असोज १८ गते बलपूर्वक हातमा लिएको राजकीयसत्ता र कार्यकारी अधिकार जनतामा सुम्पन तयार हुनेछैन । वार्ता त अवश्यमेव विफल हुनेछ नै, सडक आन्दोलन पनि कुनै पनि हालतमा सफल हुने छैन । दुवै पराजित हुनेछन्, प्रतिगामी र दरवारिया शक्तिहरूमात्र विजयी हुनेछन् ।

यसपटक असोज १८ गतेको काण्ड हुँदा संसदीय पार्टीहरूले २०१७ सालको हविगत भोग्नु नपरेको केवल यस कारणले मात्र हो कि माओवादीसित सशस्त्र बल छ र देशव्यापी रूपमा

उनीहरूको सत्ता पनि छ । अहिले राज्य पहिले सशस्त्र बलसहितको माओवादीलाई मास्ने अनि त्यसपछि आन्दोलनरत पार्टीहरूलाई मास्ने दाउमा देखिन्छ । यो दाउ तबमात्र विफल हुन्छ, जब विद्रोही माओवादी र आन्दोलनरत पार्टीहरू एकगठ हुन्छन् ।

यसबीच माओवादीको तर्फबाट पनि गम्भीर त्रुटि र कमजोरीहरू भएका छन् । माओवादीको हाइकमाण्डले अब उप्रान्त अरू दलका कार्यकर्ताहरूलाई सुराकी भएमा समेत आफूले कार्यवाही नगर्ने, बरू सम्बन्धित पार्टीको ध्यान आकर्षण गर्ने र अन्य पार्टीहरूका नेता-कार्यकर्ताहरूलाई आक्रमण नगर्ने र उनीहरूलाई आफ्नो क्षेत्रमा राजनीतिक क्रियाकलाप गर्न बाधा-विरोध खडा नगर्ने निर्देशन जारी गरेतापनि व्यवहारमा यो लागू भएन । यता माओवादी वार्ताटोलीले प्रमुख राजनीतिक दलका नेतृत्वदायी मान्छेहरूसित साझा सहमतिका लागि वार्ता गरिरहँदा भुइँतहका माओवादी कार्यकर्ताहरूले अरू पार्टीका कार्यकर्ताहरूमाथि आक्रमण गर्ने र उनीहरूलाई अपहरण गर्ने कार्य रोकेनन् । नेपाली कांग्रेस, एमाले लगायत अन्य पार्टीका केही कार्यकर्ताहरू त मारिए पनि । साथै उनीहरूले अरू पार्टीलाई माओवादी प्रभावित क्षेत्रमा राजनीतिक क्रियाकलाप गर्न खोज्दा बल प्रयोग गर्ने कार्य ठाउँ ठाउँमा गरेको देखियो । यी महाभूलहरू, शत्रुतापूर्ण रवैया र बल प्रयोगको व्यवहारले गर्दा प्रमुख राजनैतिक पार्टीहरू र माओवादीबीच राजनैतिक सहमतिका लागि आपसी समझदारी र विश्वास निर्माण गर्न ठूलो कठिनाइ पैदाभयो । उनीहरू एक-अर्काप्रति हार्दिक र आश्वस्त नै हुनसकेनन् । माओवादीले अबको वार्ताअघि यी भूलहरू र कमजोरीहरू सच्याउनैपर्छ । माओवादी र पार्टीबीचको सम्बन्ध र व्यवहार निर्धारण गर्न एउटा मूर्त आचारसंहिता बन्नुपर्छ र त्यसको कडाइपूर्वक कार्यान्वयन गर्नुपर्दछ । यसका निम्ति एउटा साझा अनुगमन संयन्त्र बनाइनु पर्दछ । संसदीय र गैरसंसदीय पार्टीहरूमा माओवादीको अस्तित्व हाम्रो अस्तित्वको निषेध होइन, हामी सँगसँगै बाँच्नसक्छौं र राजनैतिक क्रियाकलाप गर्नसक्छौं भन्ने सह-अस्तित्वको भाव जगाउन माओवादीले हर सम्भव प्रयत्न गर्नैपर्छ । आन्दोलनरत पार्टीहरू माओवादीबाट तर्सनु नपर्ने, माओवादीहरू आन्दोलनरत पार्टीहरूबाट झस्कनु नपर्ने स्थिति सिर्जना गर्नुपर्दछ । यो स्थिति सिर्जना गर्नुपर्ने दायित्व माओवादी र आन्दोलनरत पार्टीहरू दुवैको हो ।

माओवादीबाट भएको अर्को भूल चन्दा, बास र खानाको लागि जनताको र निकटस्थ मित्रको पंक्तिअन्तर्गत पर्ने व्यक्ति र संस्थाहरूमाथि समेत यत्रतत्र बल प्रयोगका घटनाहरू घटाउनु हो । यी घटनाहरूले गर्दा प्रतिगमनकारी शक्तिलाई युद्धविराम आचारसंहिता भंग गर्न, पार्टी र माओवादीबीच फाटो ल्याउन र अन्ततः प्रतिगामी शक्तिलाई बलवान र विजयी पार्न सघाउ पुग्न गएको छ ।

माओवादीले अहिलेसम्म पनि कुन क्रियाकलाप गर्दा व्यापक जनमत आफ्नो विरूद्धमा जान्छ भन्ने कुरा आवश्यक मात्रामा ध्यान दिन सकिरहेको देखिँदैन । माओले देखाउनुभएको जनसमर्थन र जनमतलाई धुरी बनाएर हरेक क्रियाकलाप संचालन गर्ने, जनसमर्थन र जनमत आफ्नो पक्षमा नभएसम्म

**सैनिक कोणबाट फाइदा हुने कुरा हुनासाथ व्यापक जनमत आफ्नो विरूद्धमा जाने भएतापनि आँखा चिम्लेर काम कुरा गरिहाल्ने सैन्यवादी प्रवृत्ति माओवादीमा अझै हावी देखिन्छ**

बरू पर्खने, त्यसको सिर्जनाको लागि सचेत ढंगले काम गर्ने तर जनमत र जनसमर्थनविरूद्ध कदापि नजाने जननीतिको बाटोलाई माओवादी नेता-कार्यकर्ताहरूले ठीकसित अबलम्बन गर्न सकिरहेको देखिँदैन । सैनिक कोणबाट फाइदा हुने कुरा हुनासाथ व्यापक जनमत आफ्नो विरूद्धमा जाने भएतापनि आँखा चिम्लेर काम कुरा गरिहाल्ने सैन्यवादी प्रवृत्ति माओवादीमा अझै हावी देखिन्छ । यस्तो सैन्यवादी प्रवृत्तिबाट माओवादीहरू मुक्त हुन जरूरी छ ।

साथै, माओवादी वार्ताटोलीले वार्ताको क्रममा यसपटक उनीहरू कुनै पनि हालतमा वार्ताको टेबुलबाट फर्कने छैनन् भन्ने गलत सन्देश जनसमुदायसमक्ष दिइरह्यो । यो सन्देशले गर्दा नागरिक समाज र पार्टीहरू दुवै वार्ता सफल वा विफल जे भए पनि अब माओवादीहरू वार्ता छाडेर जंगल पस्दैनन् भन्ने कुरामा ढुक्क भए । र, वार्ताको विफलताले पैदा गर्ने जोखिम र खतराको उनीहरूले अनुभूति नै गरेनन् । फलस्वरूप वार्ताको सफलताको लागि व्यापक जनदवाव सिर्जना गर्ने कुरामा उनीहरूमा उत्प्रेरणा नै सिर्जना भएन । यो अर्को गलत कार्य थियो । किनकि आखिर माओवादीहरू कुरा नमिल्दा वार्ताको टेबुलबाट एउटा खास बिन्दुमा जंगलमा त फर्कने रहेछन् त । यसपटकको वार्तामा माओवादीले त्यो कमजोरी पुनः दोहोऱ्याउनु हुँदैन । माओवादीले पार्टीहरूसित पनि र सत्तापक्षसित पनि समयबद्ध वार्ता गर्नुपर्छ ।

## नागरिक समाज र सहमतिको संभावना

आन्दोलनरत पार्टीहरू र माओवादीहरू आफ्नै पहलकदमीमा मिल्नसक्ने सम्भावना कम देखिन्छ । नागरिक समाजले दुवैथरिलाई एक ठाउँमा ल्याउन र साझा सहमतिका बुँदाहरू पहिल्याउन पहलकदमी गर्नु जरूरी छ । पार्टीहरूको माओवादीप्रतिको डर र माओवादीको पार्टीप्रतिको डरलाई सम्बोधन र समाधान गर्ने उपायहरू पहिल्याउने मूर्त प्रयत्न नागरिक समाजबाटै हुनु जरूरी छ । पार्टीहरूमा माओवादीप्रति रहेको एउटा मुख्य डर के देखिन्छ भने माओवादीले दरबारसित सम्झौता गरेर उनीहरूलाई असान्दर्भिक पो बनाइदिने हुन् कि ? अर्को डर के देखिन्छ भने माओवादी मूलधारको राजनीतिमा आउने हो भने पार्टीहरूको अस्तित्व र राजनीतिक जमीन नै स्वाहा पो हुने हो कि ? माओवादीले संसदीय पार्टीहरूका यी डरहरूलाई सम्भव हदसम्म सम्बोधन गर्न प्रयत्न गर्नुपर्दछ । पार्टीहरूप्रति माओवादीको डर के देखिन्छ भने अन्तिम घडीमा गएर पार्टीहरू दरबारसँग पो मिल्ने हुन् कि, र यसरी माओवादीलाई एक्लो पारेर दरबार र पार्टी मिलेर माओवादीलाई संकटकालमा झैं पुनः सिध्याउन पो लाग्ने हुन् कि ? पार्टीहरूले माओवादीलाई अग्रगामी निकास नदिएर अहिलेकै संविधान र यथास्थितिको टाङ्गमुनि छिराउन पो बाध्य पार्ने हुन् कि ? नागरिक समाजको दायित्व यो हो कि पार्टीहरूको र माओवादीका यी डरहरूलाई उनीहरूले यथासंभव हदसम्म सम्बोधन गर्ने उपाय निकाल्नुपर्दछ । दुवैका जायज डरहरूको सम्बोधन र समाप्ति हुँदामात्र दुवैको मिल्ति सम्भव छ । दुवैको मिल्ति सम्भव हुँदामात्र दुवैको विजय सम्भव छ । अन्यथा वार्ता र आन्दोलन दुवैको पराजय सुनिश्चित छ ।

अहिलेको आवश्यकता अबको वार्ताको क्रममा आन्दोलनरत पार्टीहरू र माओवादीलाई सँगै राख्ने प्रयत्न हो । दुवैका बीचमा अग्रगामी निकासका सवालमा साझा सहमतिका उपायहरू पहिल्याउने प्रयत्न हो । संविधान सभा र नयाँ संविधान नै यतिखेर माओवादी र आन्दोलनरत दलहरूलाई एकै ठाउँमा जोड्ने सर्वोत्तम कडी हो । परन्तु, त्यसमा उनीहरूबीच कुनै पनि हालतमा सहमति बन्न सकेन भने नागरिक समाजले दोस्रो उत्तम विकल्प पनि प्रस्तुत गर्नु आवश्यक छ । मेरो विचारमा आन्दोलनरत पार्टीहरू नयाँ संविधान निर्माणको लागि सहमत भइदिए भने र माओवादीहरू प्रतिनिधिसभाको निर्वाचनमार्फत् नै नयाँ संविधान

**मकालु यातायात बस सेवा** काठमाण्डौ, कलंकी फोन नं. २७७५५२

**काठमाण्डौबाट बस जाने स्थान र बस छुट्ने समय**

काठमाण्डौ - काकडभिट्टा- बिहान ५:०० बजे, भद्रपुर- ५:१० बजे, उर्लाबारी-मधुमल्ला- ५:२० बजे, विराटनगर- ५:४५ बजे, राजविराज- ६:०० बजे, सिरहा-माडर- ६:१५ बजे, मलंगवा- ६:३० बजे, विराटनगर दोस्रो- ६:४५ बजे, धरान- ७:०० बजे, जनकपुर- ७:२० बजे, गौर- ७:४० बजे, बिरगंज- ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे, कलैया- ८:०० र १०:१५ बजे, बरहथवा- ८:३० बजे, भरतपुर- ८:३०, ९:१५ र ११:४५ बजे, गितानगर- दिउँसो १:३० बजे, पर्साढाप-मेघौली- दिउँसो १:५५ बजे, नारायणगढ-विशालचोक - दिउँसो २:२० बजे, बिरगंज रात्री- बेलुका ८:१५ बजे

**आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !**

निर्माण गर्न सहमत भइदिए भने त्यो दोस्रो उत्तम विकल्प निक्लिन सम्भव छ । निर्वाचित प्रतिनिधिसभाको माध्यमबाट नयाँ संविधान निर्माण गर्नु भनेको वास्तविक अर्थमा र सारमा संविधानसभामार्फत् नै संविधान निर्माण गर्नुसरह हो । तर यसो गर्दा संसदीय राजनीतिक पार्टीहरूलाई २०४६ सालको उपलब्धिमाथि नै टेकेर नयाँ संविधानतिर गएको आभाष हुन्छ । प्रतिनिधिसभाको निर्वाचनको लागि अन्तरिम सरकार बनाउने र अन्तरिम सरकारमा माओवादीहरूसमेत सामेल हुने हो भने सबैलाई स्वीकार्य साझा सहमतिको निकास निक्लन सम्भव छ ।


राज्यपक्ष पनि राजनीतिक एजेण्डाको मामलामा पहिलेको वार्ता टोलीभन्दा केही लचिलो हुने छाँटकाँट देखिएको छ । "हामी माओवादीलाई अहिलेकै संविधान र राजनीतिक यथास्थितिभित्र आए आऊ, नआए फर्केर जाऊ भन्दैनौं । हामी आफू र उहाँहरूलाई पनि स्वीकार्य हुने सम्मानजनक निकास दिन तैयार छौं । हामीले नयाँ राजनीतिक संरचनामा नगइकन यथास्थितिमा माओवादीहरू कदापि सहमत हुँदैनन् भन्ने कुरा राम्ररी बुझेका छौं, तर त्यो संरचनाभित्र खालि उहाँहरूले भनेका कुरा मात्र चाहिँ हुनेछैनन् । त्यसमा हामीले र उहाँहरूले अघिसारेका एजेण्डाहरूको बीचबाट बीचको सहमतिको बाटो खोज्ने प्रयत्न हुनेछ ।" सरकारी वार्ता टोलीका वरिष्ठ सदस्य अर्थमन्त्री प्रकाशचन्द्र लोहनी बताउनु हुन्छ । सरकारी वार्ता टोलीका प्रवक्ता सूचना तथा संचार मन्त्री कमल थापाले मूल्यांकनसित कुराकानी गर्दै भन्नुभएको छ- "एउटाले पूर्ण रूपमा जित्ने, अर्को पूर्ण रूपमा हार्ने होइन, दुवैले जित्ने सूत्र खोज्नुपर्छ । हामी यथास्थितिमा माओवादीलाई आत्मसमर्पण गराएर मूल धारमा ल्याउँदैनौं । त्यो संभव छैन भन्ने हामीले बुझेका छौं । हाल विकसित भइरहेको राजनीतिक शक्ति-सन्तुलन कायम गर्ने र माओवादीले उठाइरहेको परिवर्तनको चाहनालाई संबोधन गर्ने गरी सहमतिको विन्दु खोज्नुपर्छ ।"

सरकारका यी भनाइहरूबाट र सरकारले माओवादीलाई लेखेको पत्रमा आफ्नो बटमलाइनका रूपमा सरकारले उल्लेख गरेको "संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र" जस्ता शब्दावलीबाट भावी वार्तामा राज्यपक्ष नयाँ संविधानका लागि सहमत हुने, तर त्यो शर्तसहतिको हुने बलियो संभावना देखिएको छ । ❑

# दुवैले जित्ने सूत्र खोज्नुपर्छ

**- कमल थापा**

*सूचना तथा सञ्चार मन्त्री/ सरकारी वार्ताटोली प्रवक्ता*



**● वार्ता कहिलेबाट शुरू हुन्छ ?**

- निश्चित भएको छैन । माओवादीसँग अप्रत्यक्ष सम्पर्क भइरहेको छ । साउन भित्र हुन सक्छ । वार्ताको बैठकसम्बन्धी कार्यविधि र अनुगमन टोलीसम्बन्धी निर्देशिका ड्राफ्ट गरेर माओवादीलाई दिएका छौं ।

**● माओवादीले वार्तामा राजनीतिक पार्टीहरूको सहभागिता खोजेका छन् । तर राजनीतिक पार्टीहरू वार्तामा बसेर सरकारलाई मान्यता नदिने भनिरहेका छन् । यो गाँठो कसरी फुक्छ ?**

- त्यस्तो गाँठो पर्दैन होला । माओवादीले त्यसलाई पूर्वशर्तका रूपमा प्रस्तुत गरेको होइन । राजनीतिक दलहरूको सहमति र सहभागिता कायम गर्न सरकारले निरन्तर प्रयास जारी राख्छ । दलहरू आए भने अर्को वार्ताटोली बन्न सक्छ । त्यो स्थिति आएन भने उनीहरूको विचार र भावनाको प्रतिनिधित्व गराउने वैकल्पिक उपाय हामी खोज्छौं ।

**● राजनीतिक दलहरूहरूले सहमति दिएनन् भने राज्य पक्षले वार्तामा आफ्नो अवधारणा कसरी प्रस्तुत गर्छ ?**

- हामी राजनीतिक दलहरूको सहमति लिने प्रयास गर्छौं । सरकारले आफ्नो धारणा प्रस्तुत गर्दा संसदवादी राजनीतिक दलहरूको विचार र भावनालाई शसक्त रूपमा प्रतिनिधित्व गर्ने प्रयास गर्छ ।

**● सरकारको राजनीतिक एजेण्डा के हो ?**

- हामीले प्रस्तुत गर्ने एजेण्डा समानान्तर किसिमको होइन । माओवादीहरूले पहिलो वार्तामा जुन प्रस्ताव र कार्यसूची प्रस्तुत गरेका छन्, त्यसमा राज्यको धारणा हामीले प्रस्तुत गर्ने हो । राजनीतिक निकासका कुराहरू त्यसमा उल्लेख हुन्छ ।

**● माओवादीले नयाँ संविधानको प्रस्ताव गरेका छन्, सरकार त्यसमा तयार हुन्छ ?**

- माओवादीहरूले नयाँ संविधान निर्माण हुनु पर्ने र त्यसको विधि र प्रक्रिया पनि उल्लेख गरेका छन् । त्यससम्बन्धी सरकारको धारणा हामी आफ्नो राजनीतिक अवधारणा पत्रमा उल्लेख गर्छौं । त्यसपछि छलफल हुन्छ र एउटा टुङ्गोमा पुगिन्छ । हामी यथास्थितिमा माओवादीलाई आत्मसमर्पण गराएर मूल धारमा ल्याउँदैनौं । त्यो संभव छैन भन्ने हामीले बुझेका छौं । शान्ति वार्तालाई एउटा महत्वपूर्ण राजनीतिक सुधार गर्ने अवसरको रूपमा पनि प्रयोग गर्नुपर्छ । हाल विकसित भएको राजनीतिक शक्ति सन्तुलन कायम गर्ने र माओवादीले उठाइरहेको परिवर्तनको चाहनालाई सम्बोधन गर्ने गरी सहमतिको विन्दु खोज्नुपर्छ ।

**● सहमति वर्तमान प्रणालीभित्रै खोजिन्छ कि माओवादीले प्रस्ताव गरे अनुसार नयाँ आधारमा ?**

- जनतामा सर्वभौमसत्ता, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र २०४६ सालको मुख्य उपलब्धि हो । नेपालको भावी राजनीतिक व्यवस्थाको परिकल्पना गर्दा यी तीनवटा कुराहरूलाई अपरिहार्य आवश्यकताको रूपमा लिनुपर्छ । वार्तामा सरकारको तर्फबाट प्रस्तुत हुने अवधारणा पत्र यी कुराहरूबाट अभिप्रेरित हुन्छ नै ।

**● अहिलेको संविधानलाई आधार मानेर माओवादीहरू सहमतिमा आउँछन् होला र ?**

- बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र र जनतामा निहित सार्वभौमसत्ताको आधारमा टेकेर अगाडि बढ्न सकिने धेरै ठाउँहरू छन् । यी तीनवटा कुराहरू अग्रगमनका लागि पनि राम्रा आधार हुन् ।

**● माओवादी त अग्रगमनको आधार नै नयाँ संविधानको निर्माण भन्दैछन् नि ?**

- भोलि नयाँ संविधान निर्माणको निम्ति हामीले सहमति कायम गर्‍यौं भने पनि त्यसमा यो कुरा अट्दैन भन्ने छ र ?

**● त्यसो भए नयाँ संविधान निर्माणको लागि संविधानसभामा जान सकिन्छ ?**

- अहिले म त्यस्तो केही भन्न सक्तिन । आ-आफ्नो अडान दुवैको हुन्छ । वार्ताबाट सहमति खोज्ने हो । एउटाले पूर्ण रूपले जित्ने र अर्कोले पूर्ण रूपले हार्ने होइन, दुवैले जित्ने सूत्र खोज्नुपर्छ ।

**● दोस्रो चरणको वार्तामा भएको सहमतिअनुसार सेनाले ब्यारेकबाट ५ किलोमिटरको सिमाभित्र बस्ने सहमति नमान्दा झण्डै वार्ता भाँडिएको थियो । अब हुने सहमतिहरू कार्यन्वयन हुन्छ भन्ने प्रतिवद्धता यो सरकारले जाहेर गर्न सक्छ ?**

- यो वार्ता राज्य र विद्रोही पक्षको बीचमा हो । राज्यका विभिन्न अंग र एजेन्सीहरू छन् । तिनीहरूको विश्वास प्राप्त गर्ने जिम्मेवारी राज्य पक्षको हो । हामी विद्रोही पक्षसँग वार्तामा बस्दा त्यो विश्वास अनुरूपको प्रस्ताव लिएर जान्छौं । वार्तामा भएका निर्णयहरू कार्यान्वियन गर्ने सुनिश्चितताका साथ राज्यका विभिन्न अंग र एजेन्सीहरूसँग परामर्श गरेर, एउटा आधिकारिक धारणा लिएर मात्र हामी वार्तामा जान्छौं । कुनै कुरामा हामीलाई आशंका भयो, निर्णयमा पुग्न दुविधा भयो भने बरू केही समय छलफललाई रोकेर फेरि परामर्श गर्छौं । तर निर्णय भैसकेपछि कार्यान्वियन नहुने, विवादमा आउने स्थिति सिर्जना हुन दिंदैनौं । त्यो कुराको हामी ग्यारेण्टी गर्छौं ।

**● दुवै पक्षको सेनालाई आ-आफ्नो क्षेत्रमा सीमित गरेर विश्वासको वातावरण बनाउन सकिँदैन ?**

- युद्धविरामको अवधिमा दुवै पक्षको सेनाको परिचालन र भूमिकालाई मार्गदर्शन गर्ने आधार भनेको आचारसंहिता हो । आचारसंहिता अनुसार चलेको छ कि छैन भनेर लेखाजोखा गर्ने काम अनुगमन टोलीलाई दिनुपर्छ । अनुगमन टोलीलाई चाँडो क्रियाशील तुल्याउनु पर्छ र त्यसको कार्यविधि निर्धारण गर्नुपर्छ ।


**● वार्तालाई टुङ्गोमा पुर्‍याउन माओवादी पक्षबाट सरकारले के अपेक्षा गरेको छ ?**

आचारसंहितालाई प्रभावकारी रूपमा कार्यान्वियन गर्ने र वार्तालाई सफल तुल्याउन विश्वासको वातावरण सिर्जना गर्ने जिम्मेवारी माओवादी पक्षको पनि हो । सबभन्दा महत्वपूर्ण कुरा, राजनीतिक विषयमा मतभेद सिर्जना भएको अवस्थामा बाहेक अन्य अवस्थामा युद्धविराम भंग गर्दैनौं भन्ने प्रतिवद्धता दुवै पक्षबाट आयो भने ढिलो चाँडो शान्तिपूर्ण निकास निस्कन्छ ।

*❑ प्रस्तुति : हरि बस्नेत*

# वार्तालाई कसरी फलदायी बनाउन सकिन्छ ?

## के भन्छन्, प्रबुद्ध नागरिकहरू



### गोलमेच सम्मेलनबाट अग्रगामी निकास निकाल्नुपर्छ

डा. सुन्दरमणि दीक्षित

**कुनै** पनि दुई पक्षबीच वार्ता हुँदा संसारको कुनै पनि ठाउँमा एकैचोटि सफल भएको हुँदैन । बीचबीचमा वार्ता टुट्नसक्छ । नेपालको सन्दर्भमा पनि यस्तै भएको हो ।

यहाँ वार्ता टुट्दा खुसी भएर ताली बजाउने मान्छेहरु पनि छन् । नेपालमाथि प्रभुत्व जमाउन चाहने विदेशी तत्वहरु र आफ्नो शक्ति कम गर्न नचाहने नेपालभित्रकै तत्वहरुले वार्ता भाँडेर माओवादीलाई एकाएक वार्ताबाट भगाउने कुत्सित चाल चालेका हुन् । तैपनि ९९.९ प्रतिशत नेपाली जनताहरु वार्ता सफल होस् भन्ने चाहन्छन् । हामी जनताहरुले वार्ता सफल पार्नका लागि दुवै पक्षलाई दवाब दिनुपर्छ । कथंकदाचित् वार्ता टुट्यो र फेरि गृहयुद्ध भयो भने त्यसको परिणाम भयंकर हुन्छ । देशको अर्थतन्त्र स्वाहा हुन्छ । हजारौं लाखौं नेपालीहरु मर्छन् । विदेशीको चलखेल भयंकर हुन्छ ।


त्यसैले वार्तामा आइसकेका माओवादीहरुलाई अब कुनै हालतमा पनि फेरि जंगल पस्न दिनु हुँदैन । त्यसका लागि सरकारले लचकता देखाएर माओवादीका शर्तहरु पूरा गरिदिनुपर्छ । हालै यसको शुरुवात पनि भएको देखिन्छ । माओवादीले पनि सरकारले पूरा गर्न नसक्ने शर्तहरु के के हुन् बुझिदिनुपर्छ, जुन शर्तहरु पूरा गर्न कुनै कारणले तत्काल नसकिँदा पनि, ती कुराहरु वार्ताको टेबुलमा बसेर समाधान गर्न सकिन्छ । त्यसका लागि सबभन्दा पहिले दुवै पक्ष वार्ताको टेबुलमा छिटै बस्नुपर्छ । त्यसमा दरबारलाई पनि समावेश गर्नुपर्छ अथवा सरकारी वार्ता टोली स्पष्ट रुपमा अख्तियार प्राप्त हुनुपर्छ । र, बन्दूक बिसाउने र आआफ्ना सेनाहरु आआफ्ना ब्यारेकमा फर्काउने निर्णय गर्नुपर्छ । त्यसपछि माओवादीलाई समेत सामेल गरेर अन्तरिम सरकारको गठन गर्नुपर्छ र गोलमेच सम्मेलनको आयोजना गर्नुपर्छ । त्यही गोलमेच सम्मेलनबाट माओवादीलाई समेत मान्य हुने अग्रगामी निकास निकाल्नुपर्छ । अन्तरिम सरकारमा कुनै पनि दलले भ्रष्टाचार र अनियमितता गरेका व्यक्तिहरुलाई कुनै हालतमा पनि सामेल गर्नुहुँदैन । कुकृत्यको शंका मात्रै लागेकालाई पनि त्यसमा सामेल गरिनु हुन्न । अन्यथा हामी जनतालाई उनीहरुले गरेका निर्णयहरु मान्ने हुने छैनन्

अब, प्रमुख संसदीय पार्टीहरु पनि १३ वर्षमा आफूहरुले गरेका गल्ती-कमजोरीको आत्मालोचना गरेर भ्रष्टाचारीलाई लत्याएर अगाडि आउनुपर्छ । उनीहरुले आइन्दा यस्ता गल्ती-कमजोरी दोऱ्याउने छैनौं भन्ने प्रतिबद्धता जाहेर गर्नुपर्छ । र, उनीहरु पनि वार्तालाई सफल पार्नका लागि प्रतिबद्धताका साथ लाग्नुपर्दछ । अहिले उनीहरु वार्ता सफल गराउनुपर्छ भन्ने कुरामा प्रतिबद्ध भएको दृश्य देखिएको छैन । उनीहरुले वार्ता सफल पार्नुपर्छ भनेर मुखले मात्र बोलिरहेका छन्, वार्ता सफल पार्नका लागि कुनै खास सहयोग गरिरहेका छैनन् ।

पार्टीहरु प्रधानमन्त्री बन्नकै होडबाजीमा मस्त छन्, त्यति हो । नेपाली कांग्रेस अहिले गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बनाउन पाइएला कि भनेर दाउ हेरेर बसिरहेका छन्, जसरी पहिले कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रीको उम्मेद्वारका रुपमा देखाएर चुनाव जितेपछि प्रधानमन्त्री बनेको १० महिना पनि नबित्दै उनलाई हटाएर कोइरालालाई प्रधानमन्त्री बनाइको थियो । अहिले माधवकुमार नेपालसित पनि त्यस्तै गर्ने चाल रहेको देखिन्छ । पुरानो बानी छुट्न गाह्रो हुन्छ । त्यस्तै कसरी गिरिजाप्रसाद कोइरालालाई खुशी पारेर माधव नेपाललाई प्रधानमन्त्री बनाउने, कसरी खड्गप्रसाद ओलीलाई तह लगाउने भनेर एमाले लागेको छ ।

तर आजको आवश्यकता हो- दुवै पक्षलाई वार्ता गराउनु र वार्ता भड्किन नदिनु । कसरी मुलुकमा स्थायी शान्ति ल्याउने भन्ने कुरामा पार्टीहरुले सम्पूर्ण बल लगाउनु आजको जरुरत हो र समस्त नेपालीको चाहना र चासो हो, जुन उनीहरुको दायित्व बन्नु पर्छ । हामीले संगठित पार्टीहरुबाट त्यही आशा गरेका छौं, प्रधानमन्त्रीको लागि होडबाजीको होइन । मुलुकलाई मात्रै सर्वोपरि राखेर वार्ताको सफलताका लागि मरिमेट्नु र माओवादीसँग मिलेर अग्रगामी निकासतिर लाग्नु नै आजको आवश्यकता पनि हो । साँच्चै नै फलदायी वार्ता गर्ने हो र माओवादीलाई फेरि जंगल नफर्काउने हो भने पार्टीहरु पनि माओवादीसँग मिलेर अगाडि जानु पर्छ । ❑

### वार्ता पारदर्शी हुनुपर्छ



डा. मथुराप्रसाद श्रेष्ठ

**सरकारको** अकर्मण्यताको कारणले र माओवादीलाई दमन गरेर समस्या समाधान गर्ने नीति सरकारले लिएको कारणले गर्दा नै माओवादी र सरकारबीच भएको वार्ता टुट्ने स्थितिमा पुगेको हो । सरकारले न आफ्नो राजनैतिक एजेण्डा नै तय गऱ्यो, न त वार्ताप्रति आफ्नो प्रतिबद्धता नै देखायो । पहिलो र दोस्रो चरणमा भएका वार्ताका निर्णय नै सरकारले लागू गरेन । अर्को कुरा, स्वास्थ्य क्याम्पको नाममा शाही सेना हतियार लिएर गाउँ-गाउँमा घुम्न थाल्यो । सरकार आफैंले प्रस्ताव राखेको शाही सेनाको ब्यारेकको ५ किलोमिटरभन्दा पर सेना नजाने भन्ने कुरा पनि सरकारले स्वीकार गरेन । त्यही कारणले गर्दा माओवादीहरुमा सरकारप्रति अविश्वास पैदा भयो । जहाँसम्म माओवादीको कुरा छ, उनीहरु पनि यसलाई निहुँ बनाएर वार्ता छाडेर फर्कनु हुँदैनथ्यो ।


यसरी यी दुवै पक्षका कमजोरीले गर्दा, खास गरेर सरकारी पक्षको अकर्मण्यताको कारण नै वार्ता टुट्न लागेको थियो । तर जेहोस्, अब वार्ता फेरि हुने वातावरण बनेको छ । अब यो वार्तालाई सफलतामा टुंग्याउन र माओवादीलाई फेरि जंगल पस्न नदिनका लागि सरकार र अन्य दलहरु लाग्नुपर्छ । यसका लागि नागरिक समाजले पनि सशक्त दवाब दिनुपर्छ । सबभन्दा मुख्य कुरा त यो द्वन्द्व समाजमा भएको शोषण, दमन, अन्याय, अत्याचार, भ्रष्टाचार, अनियमितता तथा जनतालाई सार्वभौमसत्तासम्पन्न बन्न नदिनका लागि भइरहेका क्रियाकलापहरुले गर्दा भएको हो । यसको अन्त्य नभइकन समाजमा स्थायी शान्ति हुनसक्दैन ।

तैपनि अहिले वार्तालाई स्थायित्व दिन सबभन्दा पहिला सरकारले अविश्वासको वातावरण सिर्जना हुने कुनै पनि काम गर्नु हुँदैन । आफ्नो राजनैतिक एजेण्डा प्रस्तुत गर्नुपर्छ । आचारसंहिता पालना गर्नुपर्छ । र, माओवादीले पनि त्यस्तै किसिमको व्यवहार गर्नुपर्छ । माओ त्से तुङ्गले प्रतिपादन गर्नुभएको अनुशासनको सिद्धान्त लागू गर्नुपर्छ । आफ्ना अराजक कार्यकर्ताहरुलाई नियन्त्रण गर्नुपर्छ । अन्य प्रतिगमनविरोधी पार्टीहरुसँग पारदर्शी भएर आधिकारिक रुपमा वार्तालाप चलाउनुपर्छ । वर्तमान संविधान फेर्नुपऱ्यो भने पनि ०४६ सालको संविधानबाट अगाडि जान तयार भएको कुरामा इमान्दारिता देखाउनुपर्छ ।

अन्य पार्टीहरुले पनि जनताका अगाडि १३ वर्षमा आफूले गरेका गल्ती-कमजोरीहरुको इमान्दारीपूर्वक आत्मालोचना गरी जनतासँग माफी माग्दै जाने संस्कृतिको विकास गर्नुपर्छ । झिनामसिना मतभेदबाट माथि उठेर माओवादीसँग पारदर्शी रुपमा वार्ता शुरु गर्नुपर्छ र आवश्यक परे उनीहरुसँग मिलेर संयुक्त रुपमा आन्दोलन गर्न पनि सक्नुपर्छ । ०४६ सालको संविधानलाई अझ अगाडि लैजान पनि तयार छौं भन्ने प्रतिबद्धता देखाउनुपर्छ ।

त्यस्तै गरेर नागरिक समाज र जनताले पनि सरकार र माओवादीलाई वार्ताबाट भाग्न नदिन प्रभावकारी ढंगले दवाब दिनुपर्छ । सरकार र माओवादी दुवैले गरेका गल्तीलाई इमान्दारितापूर्वक र साहसपूर्वक औंल्याएर तिनलाई रोक्न लगाउन सक्नुपर्छ ।

यसरी सबै क्षेत्रमा सबैले इमान्दार र प्रतिबद्ध भएर काम गरे भने यो वार्ता सफलतामा टुंगिनसक्छ, माओवादीलाई जंगल पस्नबाट रोक्न सकिन्छ र युद्धको फलस्वरुप हुने भयंकर खतराबाट देशलाई जोगाउन सकिन्छ । ❑



## विकल्पहरू खोज्नुपर्‍यो

भिक्षु आनन्द
*संयोजक, शान्तिका लागि नागरिक ऐक्यबद्धता*

**माओवादी** र सरकारबीच वार्ता नहुने हो कि भन्ने कुरामा सम्पूर्ण देशवासीहरु त्रसित भइरहेको समयमा अहिले फेरि वार्ता हुने खबर सुनेर मानिसहरुले राहतको सास फेर्न पाएका छन् ।

वार्ता भाण्डै भाण्डै टुट्न लाग्नुको मुख्य कारण त सरकारी वार्ता टोली अधिकारविहिन र निरीह हुनु हो । पहिलो र दोस्रो चरणका वार्तामा सहमति भएका कुराहरु पनि उसले लागू गर्न सकेन । त्यो वार्ता टोली पर्दापछाडिबाट नियन्त्रित र निर्देशित देखियो । युद्धविरामको अन्तर्राष्ट्रिय आचारसंहिता विपरीत देशभर सेना परिचालित गरिरह्यो । अमेरिकाबाट सरकारले हतियार भित्र्याउन थाल्यो । माओवादी कार्यकर्ताहरुलाई सरकारले पक्रन थाल्यो । यसले गर्दा माओवादीहरुमा सरकारप्रति अविश्वास पैदा भयो र उनीहरु सम्पर्क कार्यालयसमेत बन्द गरेर आफ्नो स्थानमा फर्के । त्यस्तै माओवादीले पनि आचारसंहिता विपरीत चन्दा संकलन र अपहरणजस्ता कामहरु जारी राखे । यी कारणहरुले गर्दा नै शुरु भइसकेको वार्ता फेरि टुट्न लागेको थियो ।

जेहोस्, अब माओवादीहरु फेरि वार्तामा आउने भएका छन् । अब उनीहरुलाई फेरि जंगल फर्कन नदिनका लागि फलदायी वार्ता हुनुपर्‍यो । माओवादीहरु फेरि जंगल पसे भने यहाँ पुनः डरलाग्दो युद्ध हुनेछ । जनजीवन अस्तव्यस्त हुनेछ । देशमा हाहाकार मच्चिनेछ । नेपालमा विदेशी सेना संचालित हुनेछ ।

त्यसैले अब वार्ता टुट्न दिनु भएन र माओवादीलाई जंगल पस्न दिनु भएन । त्यसका लागि दुवै पक्षलाई वार्ताबाट भाग्न नदिनको लागि निरन्तर दवाब दिइरहनु पर्छ । सरकार र अन्य राजनैतिक दलहरुमा माओवादीलाई देशकै एउटा राजनैतिक दलको रुपमा स्वीकार गर्ने मानसिकता हुनुपर्‍यो । माओवादी समस्या सुल्झाउन तथा माओवादीका मागहरु पूरा गर्न सरकार र अन्य दलहरु एउटै टेबुलमा बसेर माओवादीसँग छलफल गर्नुपर्छ । र, समस्याको समाधानको लागि विकल्पहरु खोज्नतिर लाग्नुपर्छ । ❑

# सहजकर्ताहरू के भन्छन् ?



## वैधानिकताको प्रश्न राजाबाटै हल हुनुपर्छ

पद्मरत्न तुलाधर
*राज्य माओवादी वार्ताका एक सहजकर्ता*


**पहिलो** कुरा त, पहिलेका दुई चरणका वार्ताहरुमा भएका निर्णयहरुको माइन्यूटिंगसम्म पनि भएन, प्रक्रियागत त्रुटी नै रह्यो । अर्को उल्लेखनीय कुरा भनेको वार्ताप्रति गंभीरताको कमी र वार्तामा भएका सहमतिहरु लागू नहुनु हो । यसले गर्दा दुवै पक्षमा विश्वासको संकट बढ्न थाल्यो । त्यस्तै, माओवादीले राजनैतिक एजेण्डा प्रस्तुत गरीसक्दा पनि सरकारले त्यसमा छलफल गर्ने मनस्थिति नै बनाएन । यी कुराहरुले गर्दा नै माओवादीहरु र सरकारको बीचमा हुन लागेको वार्ता टुट्न लागेको थियो । यसको साथै सरकार परिवर्तनले पनि यसलाई असर पुर्‍यायो ।

फेरि वार्ता हुन सक्ने बन्नुमा धेरै मानिसहरुको व्यक्तिगत र सामूहिक पहलले महत्वपूर्ण भूमिका खेलेको छ । औपचारिक रुपले हामी सहजकर्ताहरुले पहल गर्‍यौं भने अनौपचारिक रुपमा श्याम श्रेष्ठलगायत अरु धेरै प्रबुद्ध नागरिकहरु र नागरिक समाज वार्ता सफल पार्न लागिपरे । त्यस्तै, संचारमा नआएका अरु पनि थुप्रै मानिसहरुले वार्ता सफल पार्ने काम गरेका छन् । यी प्रयासहरुको साथै, विशेष गरेर माओवादीको अल्टिमेटमको पत्र आएपछि वार्ताप्रति सरकारलगायत सबै गम्भीर भए । देशभित्रैबाट र अन्तरराष्ट्रिय क्षेत्रबाट पनि दवाब बढ्न थाल्यो । यी कारणहरुले गर्दा टुट्न लागेको वार्ता फेरि हुन लागेको हो ।

माओवादीहरुको पत्रमा उल्लेख छ, वार्तामा अन्य पार्टीहरुलाई पनि अनिवार्य सहभागी गर्नुपर्ने भनेर । सरकारले पनि उनीहरुलाई वार्तामा सहभागी बनाउन चाहिरहेको नै छ । तर पार्टीहरु भने 'यो अवैधानिक सरकारलाई मान्यता दिँदैनौं' भनेर बसिरहेका छन् । र, यसरी मन्त्रीहरु सहभागी भएका कार्यक्रमहरु नै बहिष्कार गरिरहेका यी पार्टीहरु कसरी वार्तामा समावेश होलान् ? उनीहरु वार्तामा आएनन् भने वार्ता असफल पनि हुनसक्छ । फेरि, माओवादीहरु पनि वार्ता राजा वा राजाको प्रतिनिधिहरुसँग वार्ता गर्ने भन्ने कुरा गरिरहेका छन् । यो अवैधानिक परिस्थिति राजाकै कारणले खडा भएको हो । त्यसैले यो वार्तालाई सफल बनाउनको लागि राष्ट्राध्यक्षको हैसियतले राजाले नै जिम्मेवारीबोध गरेर वैधानिकताको समस्यालाई हल गर्नुपर्छ । होइन भने राजा आफ्नै ठाउँमा बसिरहने, पार्टीहरु आन्दोलन गरिरहने भयो भने वार्ता कसरी सफल होला ?

अहिलेको समस्या भनेको राष्ट्रिय समस्या हो र यसको निकास पनि राष्ट्रिय सहमतिबाटै हुन्छ । वार्ताको निर्णय राष्ट्रिय सहमतिबाट भएन भने त्यो निर्णय सबैलाई मान्य हुँदैन । सबैलाई मान्य नहुनुको अर्थ वार्ता सफल नहुनु हो । त्यसैले म व्यक्तिगत रुपमा के भन्छु भने अहिले राजा र पार्टीहरुबीच भइरहेको द्वन्द र विग्रह राजाले आफ्नै पहलमा पार्टीहरुसँग कुराकानी गरेर अन्त्य गर्नुपर्दछ । यसको साथै, वार्ता सफल पार्नको लागि अहिले स्वास्थ्य शिविरको नाममा परिचालित भएका सेनाहरुलाई सरकारले ब्यारेकमा फर्काउनुपर्दछ र अग्रगमनको निकासको लागि राजनैतिक धारणा अगाडि ल्याउनुपर्दछ तथा माओवादीमा पैदा भएको विश्वासको संकट हटाउने प्रक्रिया चलाउनुपर्दछ ।

वार्ता सफल पार्नको लागि अन्य पार्टीहरुले पनि जिम्मेवारीपूर्ण भूमिका निभाउनु पर्दछ । माओवादीहरुले यथास्थितिवादी राजनैतिक व्यवस्था र वर्तमान संविधानले देशको अग्रगमन हुँदैन, अग्रगमनको लागि नयाँ संविधान र संविधानसभाको आवश्यकता छ भनिरहेका छन् । र, यहाँ राजसंस्थाको प्रश्न पनि उठेको छ । संसद हुँदा पनि सेना संसदको अथवा सरकारको हातमा छैन । सेना पूर्ण रुपले राजाप्रति वफादार छ । यसरी अहिले एकातिर राजा, राजतन्त्रवादी र अर्कोतिर गणतन्त्रवादीको कुरा छ । यस स्थितिमा नेकपा एमाले र नेपाली कांग्रेसले मध्यस्थ भएर बीच शक्तिको भूमिका निभाउनुपर्दछ भन्ने कुरा मलाई लागेको छ । ❑



## वार्तामा सबै पक्ष सामेल हुनुपर्छ

शैलेन्द्रकुमार उपाध्याय
*राज्य माओवादी वार्ताका एक सकजकर्ता*

**दोस्रो चरणको** वार्तामा भएका सहमतिहरू लागु गर्नुपर्छ भन्ने अडान माओवादीहरूको थियो । सरकारले पनि ५ किलोमिटरको कुराबाहेक अरू सबै सहमतिहरू लागु गर्न तयार रहेको र बन्दीहरू छाड्ने गृहकार्य भइरहेको छ भन्ने कुरा भनिरहेको थियो, लागु चाहिँ गरिरहेको थिएन । तर औंषधि वितरणको र स्वास्थ्य शिविरको नाममा सेना गाउँ गाउँमा गइरहेको र सुराकी गरिरहेको कारणले गर्दा माओवादीलाई सरकार वार्ताप्रति इमान्दार नभएको तथा यता वार्ता गरिरहने, उता सरकारले माओवादीलाई दमन गर्ने तयारी गरिरहेको छ भन्ने पर्‍यो र माओवादीहरू सशंकित भए । त्यसैकारण माओवादीहरू प्रतिरक्षामा गएका हुन् र वार्ता संकटग्रस्त भएको हो ।

अहिलेसम्म माओवादी र सरकार दुवै पक्षले सही गरेको डकुमेन्ट भनेको आचारसंहिता हो । त्यसकारण सबभन्दा पहिला यो आचारसंहिता दुवै पक्षले पालना गर्नुपर्दछ । दोस्रो, यो आचारसंहिता दुवै पक्षले पालना गरेका छन् कि छैनन् भन्ने कुराको निरीक्षण गर्न दुवै पक्षको प्रतिनिधित्व भएको अनुमगन समिति गठन गर्नुपर्दछ । सरकारले स्वास्थ्य शिविरको नाममा गरिरहेको सेना संचालन बन्द गर्नुपर्छ र माओवादीले आफ्नो सैनिक क्रियाकलाप बन्द गर्नुपर्छ । यसको साथै सेना संचालनको सम्बन्धमा दुवै पक्षको बीचमा स्पष्ट सम्झौता हुनुपर्छ । यी सबै कुराहरू भयो भने मलाई लाग्छ, माओवादीहरू वार्ताबाट पछाडि हट्दैनन् । तर सबभन्दा पहिला त वार्ता हुनुपर्‍यो । वार्ता होस् भन्ने चाहना सबै नागरिकहरूको छ । त्यसैले वार्ता शुरू हुनेबित्तिकै वार्ता सफल पार्न नागरिकहरूले सरकारलाई दवाब दिन थाल्छन् ।

वार्ता सफल बनाउनको लागि अन्य पार्टीहरूको भूमिका महत्वपूर्ण हुन्छ । वार्ता भइरहेको बेलामा कहीं गएर सबैको राय त मिल्नुपर्‍यो नि । सबैको राय मिलेन भने वार्ता सफल नहुनसक्छ । यसको लागि सबैको बीचमा स्पष्ट कुराकानी हुनुपर्छ । अझ माओवादी, सरकार, दरवारको प्रतिनिधि र नागरिक समाजको प्रतिनिधि एकै ठाउँमा बसेर कुरा गर्न सकियो भने अति उत्तम हुन्थ्यो । तर त्यसरी बस्न नसके पनि सरकारसँगको वार्ता भनेको एक किसिमले राजासँगको पनि वार्ता हो । र, यता माओवादी र अन्य राजनैतिक पार्टीहरूबीचमा पनि वार्ता भयो भने पनि राम्रो हुन्छ । यसो भएको खण्डमा सबैको राय मिल्नसक्छ र संकटको समाधान भएर वार्ता सफल हुनसक्छ भन्ने मलाई लाग्छ । ❑



# दुवैलाई स्वीकार्य बाटो रोज्नुपऱ्यो

कृष्ण खनाल

**झण्डैझण्डै** टुट्न लागेको स्थितिबाट अहिले फेरि वार्ता हुने भएको छ । अहिले पनि वार्ता किन टुट्न लागेको थियो भन्ने कारणहरू खोतल्नु आवश्यक छ । खासगरी, दोस्रो पटकको वार्तामा भएका निर्णयहरूमा भएको विवाद नै वार्ता टुट्न खोज्नुको मूल कारणको रूपमा देखिन्छ । ती निर्णयहरूलाई स्वीकार गर्ने र लागु गर्ने मनस्थिति सरकारमा भएन । त्यसले गर्दा माओवादीहरूमा सरकारप्रति शंका उठ्न थाल्यो । अर्को, नयाँ सरकार बनेको २ महिना भइसक्दा पनि वार्ताको लागि मुख्य चाहिने कुरा के हुन्, कसरी वार्तालाई उपलब्धिपूर्ण बनाउन सकिन्छ भन्ने कुरामा सरकारसँग स्पष्ट दृष्टिकोण नै भएन । तेस्रो कारण, यो सरकार अत्यन्त कमजोर, निरिह र अधिकारविहिन अवस्थाको रह्यो, त्यसले ठोस कुराहरू दिन नै सकेन ।

यसबाट के बुझिन्छ भने सरकारको गैरजिम्मेवारीपनले गर्दा नै वार्ता बिथोलिन खोजेको हो ।

अब माओवादीहरू वार्तामा आउने भएका छन् । उनीहरूलाई फेरि जंगल पस्न दिनु भएन । उनीहरू फेरि जंगल पसे भने देशमा भीषण गृहयुद्ध हुनसक्छ । यस स्थितिमा मुलुकको प्रजातन्त्र र मानवअधिकारका कुराहरू धरापमा पर्छन् । यसबाट आन्तरिक रक्तपात त हुन्छ हुन्छ, साथै यसले विदेशी हस्तक्षेप पनि निम्त्याउँछ । त्यसैले देशलाई यी खतराहरूबाट जोगाउने हो भने शान्तिपूर्ण निकासमा पुऱ्याउने ठोस पहलको आवश्यकता छ ।

तर अहिलेको सरकारको संरचनाले ठोस निकासमा पुऱ्याउँछ भन्ने कुरामा म आशावादी छैन । अहिलेसम्म सरकारले न माओवादीले राखेको संविधानसभाबारेमा आफ्नो दृष्टिकोण बाहिर ल्यायो, न त नयाँ संविधान अथवा संविधानमा संशोधनको बारेमा नै । अहिलेको संविधानबाट निकास संभव छ कि छैन ? छैन भने माओवादीलाई के विकल्प दिन तयार छ त ? यसमा सरकारको के दृष्टिकोण छ ? त्यो कुरा बाहिर आउनुपऱ्यो ।

त्यस्तै गरेर, वार्ता सफल पार्ने हो र देशलाई अग्रगमनको बाटोमा लाने हो भने माओवादी र अन्य राजनैतिक पार्टीहरूले पनि एउटा समझदारीमा पुग्नुपऱ्यो । अहिले माओवादीहरू वार्ताबाट निकासमा जाने हो भने संविधानसभा नै एउटा बाटो हो भन्छन् । अन्य राजनैतिक पार्टीहरू ०४६ सालको संविधानमा टेकेर नै अग्रगमनको बाटोमा जानुपर्छ भन्छन् । त्यसैले यी दुवैलाई मान्य हुने बाटो हामीले खोज्नुपर्दछ भन्ने मलाई लाग्छ । यो १०-१२ वर्षको संसदीय अभ्यास, यसमा देखिएका नीतिगत कमी-कमजोरीहरू सबैलाई हेर्दा नेपाली राज्य-व्यवस्थाको व्यापक पुनरसंरचनाको खाँचो छ । माओवादीहरू संविधानसभाबाट मात्रै यो काम संभव छ भन्छन् । संसदवादीहरू संविधान संशोधनबाट पनि यो काम संभव छ भन्छन् ।

यस स्थिमा दुवैलाई स्वीकार्य हुने बाटो लिन सकिन्छ । त्यो बाटो भनेको नयाँ संविधानको आवश्यकतालाई संसदवादी पार्टीहरूले स्वीकार्नु र नयाँ संविधान निर्माणको बाटोमा जानको लागि अथवा संविधानसभामा पुग्नको लागि संसदको बाटोलाई माओवादीले पनि स्वीकार गर्नु हो । अहिले केही देशहरूमा संविधानसभा र संसद एकसाथ गइराखेको छ । नेपालमा पनि माओवादी र संसदवादी पार्टीहरूको बीचमा सहमति हुने हो भने संसद पनि हुने र संविधानसभा पनि हुने बाटोमा जान सकिन्छ । त्यो बाटो भनेको प्रतिनिधिसभाले संविधान बनाउने गरेर प्रतिनिधिसभाको निर्वाचनमा जानु हो । यो कुरामा माओवादी र संसदवादीहरूको बीचमा सहमति भयो भने एउटा राम्रो निकास निस्कनसक्छ । यही निकासबाट माओवादीलाई फेरि जंगल पस्नबाट रोक्न सकिन्छ भन्ने मलाई लाग्छ । ❑

---

# सबैले आफ्नो पूर्वाग्रह त्याग्नुपर्छ



डा. पितामम्बर शर्मा

**६ महिनाअगाडि** माओवादी र सरकारबीच शुरू भएको वार्ता झण्डै झण्डै टुट्न लागेको स्थितिमा पुगिसकेको थियो । अहिले फेरि वार्ता हुने भएको छ, जुन राम्रो कुरा हो । यो वार्ता टुट्न नदिन पहिले के के कारणले वार्ता टुट्न लागेको थियो भन्ने कुरामा गौर गर्नु पर्छ । वार्ता टुट्न खोज्नुको मुख्य कारण सरकारको गैरजिम्मेवारी नै होजस्तो मलाई लाग्छ । किनभने पहिलो कुरा त सरकार माओवादीले राखेको राजनैतिक एजेण्डामा सोझै पस्न नै चाहेन । अर्को कुरा, सरकारले यथास्थितिपरक सोचलाई नै अगाडि सारेर युद्धविराम र वार्ताको कुरा अगाडि सारिरह्यो । त्यस्तै वार्तामा भएका सहमतिका कुराहरूसमेत सरकारले लागू गर्न सकेन । यसका साथै माओवादीले पनि जबर्जस्ती चन्दा उठाउने काम जारी राखे । र, अरू पार्टीहरूले पनि वार्ताप्रति खासै चासो देखाएनन् ।

तर, जेहोस् अहिले माओवादीहरू वार्तामा आएका छन् । अब फेरि उनीहरूलाई जंगल पस्न दिनु भनेको देशमा पुनः गृहयुद्ध निम्त्याउनु हो । फेरि गृहयुद्ध भयो भने यसको परिणाम भयंकर हुनेछ । नेपालको इतिहासमा कहिल्यै नभएको घटना हुनेछ । देशमा बाह्य चलखेल र हस्तक्षेप बढ्नेछ ।

त्यसैले अब माओवादीहरूलाई जंगल नपठाउने हो भने उनीहरूले राखेका राजनैतिक एजेण्डालाई केन्द्रविन्दुमा राखेर सरकार र अन्य राजनैतिक पार्टीहरूले आफ्नो विचार स्पष्ट रूपमा अगाडि राख्नुपर्दछ । अहिले कायम रहेको राजनैतिक यथास्थिति र संविधानविरूद्ध जसले ७/८ वर्षसम्म यद्ध चलाए र ७/८ हजार मान्छे मरे, त्यस्ता विद्रोहीहरूको एजेण्डालाई सम्बोधित नगरिकन समस्या समाधान हुन्छ भन्ने सरकार र राजनैतिक दलहरूमा सोच देखियो, त्यो सोच नै त्याग्नुपर्छ ।

अहिलेको समस्या समाधान गर्ने हो भने माओवादीले राखेको गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभामा केन्द्रित भएर कसरी त्यसलाई सम्बोधन गर्न सकिन्छ भन्ने कुरातिर अन्य पार्टीहरू लाग्नु पर्छ । अन्य दलहरू र माओवादी मिलेको खण्डमा राजतन्त्रलाई अलग्याएर नेपाली जनतालाई सार्वभौम तुल्याउने बृहत् अभियानलाई अगाडि लैजान सजिलो हुन्छ । त्यो माग माओवादीले पनि राखेको हो र अरू राजनैतिक दलहरूले पनि चाहेका हुनसक्छन् । त्यसको मतलब राजतन्त्रलाई सिध्याउने भन्ने कुरा होइन । राजतन्त्रलाई उचित ठाउँमा राखेर संविधानसभातिर जाने ठाउँहरू पनि छन् ।

यसो गरियो भने निकास निस्कन्छजस्तो मलाई लाग्छ । त्यसका लागि तीनैतिरबाट आफ्नो पूर्वाग्रह त्यागिनु पर्छ । राजसंस्था र सरकारले पुरानो यथास्थितिवादमै अड्किने वा राजसंस्थामा बढी अधिकार केन्द्रित हुने स्थितिमा कुरा फर्केर जानु पर्छ भन्ने पूर्वाग्रह त्याग्नुपर्छ । अन्य राजनैतिक दलहरूले पनि ०४६ सालको संविधानबाटै माओवादी समस्या समाधान हुन्छ भन्ने पूर्वाग्रह त्याग्नुपर्छ । र, ती पूर्वाग्रहहरूलाई एकछिन बाहिर राखेर त्यस्ता सहमतिका बुँदाहरू खोज्नुपर्छ, जसले ०४६ सालका उपलब्धिहरूको पनि जगेडा गर्न सक्छन् र ती उपलब्धिहरूमाथि टेकेर अग्रगमन गर्न सकियोस् र अग्रगामी निकासको बाटो पनि खोज्न सकिन्छ ।

त्यस्तै माओवादीले पनि आफ्नो एजेण्डा प्राप्त गर्नसकिने अरू वैकल्पिक उपायहरू के के हुनसक्छन् भन्नेबारे अन्य राजनैतिक दलहरूसँग गहन छलफल गरेर उनीहरूको कुरा पनि सुन्ने स्थिति ल्याउनुपऱ्यो । यी कुराहरू पूरा भए भने समस्याको निकास निकाल्नसकिन्छ र देशलाई भयंकर त्रासदीको बाटोमा जानबाट रोक्न सकिन्छ । ❑

# वार्ता अल्झिनुमा 'विदेशी चाल'

माओवादीले संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र माने वार्तालाई सम्झौतामा पुऱ्याउन सकिने संकेत शक्ति राष्ट्रहरूले दिइरहेका छन् । तर उनीहरू विद्रोही शक्तिको रूपमा माओवादी सत्तामा उदाएको हेर्न चाहँदैनन् ।

● हरि बस्नेत

> विद्रोही माओवादी र सरकारबीचको वार्ता बीचैमा अल्झिनुमा विदेशी शक्तिको हात छ भन्ने कुरामा राजनीतिशास्त्रका धेरै पारखीहरू विश्वास गर्दैनन् । तर...

**विद्रोही माओवादी** र सरकारबीचको वार्ता बीचैमा अल्झिनुमा विदेशी शक्तिको हात छ भन्ने कुरामा राजनीतिशास्त्रका धेरै पारखीहरू विश्वास गर्दैनन् । सरकारी अधिकारीहरू झैं उनीहरू पनि त्यो अवधारणालाई विद्रोही पक्षले खडा गरेको 'वाहना' मात्र हो भन्ठान्छन् ।

तर छ महिनाअघि युद्ध रोकेर वार्तामा आएका माओवादीहरू उपलब्धीमूलक ढंगले वार्ता अगाडि नबढ्नु र आफ्नो तर्फबाट अगाडि सारिएका राजनीतिक कार्यसूचीमा छलफलसम्म नहुनुलाई वार्ता भाँड्ने विदेशी 'षड्यन्त्र' वा 'चाल' नै हो भनेर ठोकुवा गर्छन् । माओवादी बाहेकका राजनीतिक विश्लेषकहरू पनि यसमा केही न केही सहमत छन् । त्यसैले कसैले यो कुरा विश्वास गरे पनि नगरे पनि वा विश्वास गरेर भन्न नचाहे पनि, आजको नेपालमा वार्ताको सन्दर्भमा विदेशी 'चलखेल' एउटा भूराजनीतिक महत्वको मुद्दा बन्न पुगेको छ ।

जनयुद्ध सञ्चालनको सात वर्षपछि, सायद माओवादीहरू सबभन्दा कठीन घडीमा छन् । प्रहरी र सेनासँग लडिसकेका उनीहरू 'बाह्य शक्ति' सँग जुध्न नपरोस् भनेर वार्तामा 'हदै लचिलो' भएको बताइरहेका छन् । तर अमेरिका, बेलायत जस्ता पूँजीवादी मुलुकहरूको निर्देशन र सहयोगमा वार्ता भाँडेर युद्धमा जान सरकारले तयारी गरिसकेको ठहर उनीहरूको छ । "शाही सेनाले सयौं अमेरिकी सैनिक विशेषज्ञ र सल्लाहकारहरूलाई देशमा भित्र्याएर 'शाही नेपाली सेना' लाई वस्तुतः 'शाही अमेरिकन सेना' मा परिणत गर्दै लगिरहेको छ । र, वर्तमान शान्तिवार्ता तुहाएर देशमा विदेशी कठपुतली फौजी शासन थोपर्ने षड्यन्त्र गरिरहेको संकेत दिएको छ," साउन ७ गते माओवादी वार्ताटोली संयोजक बाबुराम भट्टराईले सरकारी वार्ताटोलीलाई पठाएको प्रत्युत्तर पत्रमा भनिएको छ । साउन ११ गते माओवादीले पठाएको सोही व्यहोराको अल्टिमेटम-पत्रमा 'अमेरिकासँग भएको प्रति-आतंकवादी पाँच वर्षे संझौता खारेज गरिनुपर्ने र अमेरिकी सैनिक सल्लाहकार र विशेषज्ञहरूलाई देश निकाला गरिनुपर्ने' माग गरिएको छ ।

युद्ध रोकेर काठमाडौं आएलगत्तै माओवादी वार्ताकारहरूले दूतावासहरूमा चिठी पठाए, जसमा भेटघाटको लागि याचना गरिएको थियो । शक्ति राष्ट्रहरूसँग मैत्री सम्बन्धको हात बढाउने, आफूले अगाडि सारेका परिवर्तनका कार्यक्रममा समर्थन माग्ने तथा वार्ताद्वारा राजनीतिक निकासको सहमति खोज्ने माओवादीको उद्देश्य थियो । अमेरिका, बेलायत, भारत र युरोपियन युनियनका प्रतिनिधिहरूसँग माओवादी वार्ताकारहरूले आफ्नो 'बटमलाइन' संविधानसभाको बारेमा छलफल गरे । माओवादी सूत्रहरूका अनुसार, अमेरिकी अधिकारीहरूले दूतावासका कर्मचारीको हत्या र चन्दा संकलनको बारेमा पुरानै प्रश्नहरू सोधेका थिए भने युरोपियन र भारतीय अधिकारीहरू सहज रूपमा प्रस्तुत भएका थिए । "युरोपेली समुदाय वार्ताको सार्थक निकासकै पक्षमा देखिन्छ र त्यसका निम्ति सहयोग गर्न पनि तयार छ," - माओवादी नेता बादलको विश्वास छ । चीनिया कुटनीतिज्ञहरूसँग भने माओवादी वार्ताकारहरूले औपचारिक छलफल गरेका छैनन् ।

शक्ति राष्ट्रका राजदूतहरूले औपचारिक भेट नदिएपछि, दोस्रो तहका अधिकारीहरूसँग भेटेर फर्किनु पर्दा राम्रो 'कुटनीतिक मर्यादा' नपाएको महशुस माओवादी वार्ताकारहरूले गरेका हुन सक्छन् । त्यो भन्दा पनि, दूतावासहरूको व्यवहारले माओवादी-सम्बन्धी ती मुलुकको पुरानो मान्यतामा परिवर्तन नआएको स्पष्ट जनाउ दिएको छ । वार्तामा अन्तर्राष्ट्रिय चासोलाई सबभन्दा गंभिरताका साथ हेरिरहेका माओवादीहरूले परिस्थिति आफूले सोचे जत्ति उत्साहजनक पाएनन् ।

पहिलो वार्ताको दुई दिनअघि वैशाख १२ गते, अमेरिका र नेपाल सरकारबीच 'पाँच वर्षे आतंकवादविरोधी समझदारी' मा हस्ताक्षर भयो, त्यस अनुसार अमेरिकाले नेपाललाई सैन्य सहयोग, तालिम र हातहतियार उपलब्ध गराउन थालिसकेको छ । वैशाख १४ गते पहिलो चरणको वार्ता भयो र माओवादीले आफ्नो कार्यसूची प्रस्तुत गऱ्यो । त्यसको तीन दिनपछि वैशाख १७ गते



नेपालका लागि अमेरिकी राजदूत मालिनोस्की र बेलायती राजदूत केइथ ब्लुम्सफिल्ड

काठमाडौंबाट दिल्लीको दैनिक पत्रिकामा लेख्ने एक भारतीय पत्रकारको दावी छ- "दक्षिण एसियामा भारतलाई अलग गरेर अमेरिकाले केही पनि गर्न सक्दैन"

अमेरिकाले माओवादीलाई औपचारिक रूपमै 'आतंककारी संगठन' को सूचीमा राख्यो, जसलाई माओवादीहरूले 'एउटा सामान्य र नियमित प्रशासनिक घोषणा मात्र नभएर ठूलो खतराको संकेत' को रूपमा लिए । तैपनि वैशाख २६ गते दोस्रो चरणको वार्ता भयो । तर शाही सेनालाई ब्यारेकबाट ५ किलोमिटरको दूरीमा सीमित राख्ने सहमति लागु नभएपछि 'सरकारले वार्तालाई षड्यन्त्रको रूपमा लिएको' आरोप माओवादीले लगाउन थाले ।

माओवादीले संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र मानेर आए वार्तालाई सम्झौतामा पुऱ्याउन सकिने संकेत शक्ति राष्ट्रहरूले दिइरहेका छन् । तर उनीहरू विद्रोही शक्तिको रूपमा माओवादी सत्तामा उदाएको हेर्न चाहँदैनन् । २०५९ फागुन १४ गते अमेरिकाको वासिङ्टन डीसीमा आयोजित 'माओवादीको शासनबाट नेपाललाई जोगाऔं' विषयक विचार गोष्ठीमा अमेरिकी स्टेट विभागका उपसचिव डोनल क्याम्पले 'अमेरिकी सरकारले आर्थिक, सैनिक र राजनीतिक हतियार प्रयोग गरी माओवादीलाई औपचारिक रूपमै आतंककारीको संज्ञा दिन सक्ने' बताएका थिए ।

डोनलले भनेका तिनै हतियार प्रयोगमा ल्याइसकेको छ उनको महाशक्ति देशले । राजनीतिक हतियार प्रयोग गरेर माओवादी विद्रोहीलाई दोस्रो तहको 'आतंककारी संगठन' को सूचीमा चढाइएको छ । 'माओवादीको स्थान उनीहरूको भावी कदममा निर्भर रहनेछ' भनेर राजदूत मालिनोस्कीले उनीहरूलाई 'निगरानी'मा राखिएको जनाउ दिएका छन् ।

अमेरिकी सैन्य विज्ञहरूले नेपाली सेनालाई सैन्य र राजनीतिक तालिम दिइरहेको सुरक्षा सूत्रहरू पनि स्वीकार गर्छन् । ललितपुरको गोदावरीमा अमेरिकी सेनाले 'प्रतिविद्रोह तालिम' सञ्चालन गरिरहेको छ । त्यहाँ तालिम प्राप्त महावीर रेञ्जर बटालियनको एउटा डफ्फालाई अमेरिकाबाट ल्याइएको एम-१६ हतियार बोकाएर असार मसान्तमा रोल्पा पठाइसकिएको छ । फौजी र 'इन्टेलिजेन्स तालिम' सञ्चालनको नाममा एक हजार जति अमेरिकी सैनिकहरू अहिले नेपालमा रहेको सुरक्षा मामलामा दखल राख्ने राप्रपाका एक केन्द्रीय सदस्यको दावी छ । ४९ जना अमेरिकी सेनाले गोर्खामा 'कमाण्डो तालिम' सञ्चालन गरेको सूचना यसअघि नै सार्वजनिक भइसकेको थियो । दुई दर्जन जति अमेरिकी सैनिकहरू चाँडै आउन लागेको दूतावासका एक अधिकारीले सार्वजनिक गरेका छन् ।

काठमाडौंस्थित अमेरिकी अधिकारीहरू माओवादी दबाउने उद्देश्यले नेपालमा सैन्य तालिम सञ्चालन गरिरहेको कुरा मान्दैनन् । उनीहरू यसलाई एउटा नियमित प्रक्रिया मात्र हो भन्छन्, जुन शाही सेना र सरकारले पनि भनिरहेको छ ।

वार्ता भङ्ग भएमा, हुन सक्ने 'भियतनाम युद्ध' को लागि तयार रहेको दावी माओवादीले गरे पनि अमेरिका माओवादी जनसेनासँग आमने-सामने युद्धमा जाने वा आफ्ना सेना ल्याएर अफगानिस्तान वा इराकमा जस्तो आक्रमण गर्ने स्थितिमा छैन । शाही सेनालाई 'आधुनिकीकरण' गर्ने र उनीहरूलाई नै युद्धमा होम्ने अमेरिकी तयारीले देखाउँछ । त्यसैको लागि आधुनिक हतियार र तालिम दिएर उसलाई दक्ष बनाइँदै छ ।

विभिन्न कार्यक्रमहरू मार्फत अमेरिकाले नेपाली सेनासँग सिधै पहुँच बढाइरहेको छ । काठमाडौंस्थित अमेरिकी सूचना केन्द्रले 'अमेरिकी दूतावास र नेपालको सशस्त्र बलबीच सक्रिय संवाद कायम भएको' असार १२ गतेको विज्ञप्तीमा जनाएको थियो । गत सेप्टेम्बर र डिसेम्बरमा सैनिक अधिकृतहरूको लागि 'मानव अधिकार' तालिम दिएको पनि केन्द्रले जनाएको छ । गत वर्ष नेपाल आएका अमेरिकी विदेशमन्त्री कोलिन पावेलले शाही नेपाली जंगी अड्डा गएर प्रधानसेनापति लगायत उच्च सैनिक अधिकारीहरूसँग सिधै वार्ता गरेपछि अमेरिकी सेना र अधिकारीहरूले शाही सेनाका सैनिक तालिम केन्द्र र गणहरूको अध्ययन भ्रमणलाई बढाएका छन् ।

माओवादीको भनाइमा सहमति जनाउँदै नेकपा एकता केन्द्र-मसालका सहमहामन्त्री प्रकाश भन्नुहुन्छ "माओवादीलाई दमन गर्ने त अमेरिकाको उद्देश्य छँदै छ, नेपाललाई अखडा बनाएर पहिले चीन घेर्ने र पछि भारतलाई पनि नियन्त्रणमा लिएर एशियामा प्रभुत्व कायम गर्ने उसको लक्ष रहेको छ ।" जेठको दोस्रो साता नेपालले १८ तिब्बतीहरूलाई चीन सरकारसमक्ष सुपुर्दगी गर्दा अमेरिकाले जनाएको आपत्तिले पनि चीनप्रति उसको चासोलाई अभिव्यक्त गर्छ ।

अमेरिकाको बढ्दो सक्रियताको अगाडि निश्चित रूपमा उत्तर र दक्षिण मौन छैनन् । उनीहरू पनि स्थिति अनुसार गतिविधिहरू बढाइरहेका छन् । भारतीय प्रधानमन्त्री बाजपेयीको चीन भ्रमण दुई देशबीचको अन्तरविरोधमा अमेरिकाले खेल्न नपाओस् भनेर सम्बन्ध सुधार्ने एउटा प्रयास थियो । नेपालको मामलामा भारतको सक्रियता स्वाभाविक रूपमा चीनभन्दा अगाडि छ ।

राजनीतिक विश्लेषकहरूका अनुसार, अमेरिकी योजना अन्तर्गत माओवादीलाई वार्ता प्रक्रियामा ल्याउँदा भारतको ठाडै समर्थन थिएन । अहिले उसलाई सहमतिमा ल्याउने प्रयास जारी छ । बेलायत सरकारका तर्फबाट नेपालका लागि नियुक्त विशेष दूत जेफरी जेम्स कुटनीतिक वृत्तमा भारत र नेपालका लागि 'अमेरिकी मध्यस्थकर्ता' को रूपमा चिनिन्छन् । वैशाखको दोस्रो साता भारत भ्रमणबाट फर्किएका सूर्यबहादुर थापालाई 'कम्प्रोमाइज क्यान्डिडेट'को रूपमा प्रधानमन्त्री बनाउन मध्यस्थकर्ताको भूमिका खेल्ने उनै थिए । थापालाई प्रधानमन्त्री बनाएपछि नेपालको दैनिक राजनीतिमा अमेरिकाको उपस्थितिलाई किनारा लगाउने प्रयासमा छ भारत । "तर अमेरिकाले नेपालमा जे



नेपाल भ्रमणमा आएका भारतीय स्थल सेनाध्यक्ष जनरल निर्मल चन्दर बीज नेपालका राजासँग

जति गतिविधि गरिरहेको छ, त्यो भारतको सहमतिमै भइरहेको छ." काठमाडौंबाट दिल्लीको दैनिक पत्रिकामा लेख्ने एक भारतीय पत्रकारको दावी छ– "दक्षिण एसियामा भारतलाई अलग गरेर अमेरिकाले केही पनि गर्न सक्दैन ।"

अमेरिकी सेनाको उपस्थितिले भारतीय सेनालाई नेपाल प्रवेश गर्न सहज बनाएको छ । काठामाडौंस्थित भारतीय दूतावासको एक प्रतिवेदन अनुसार भारतीय सेनाले एक हजार नेपाली फौजलाई 'प्रति विद्रोह' र 'इन्टेलिजेन्स' तालिम दिइसकेको छ । नेपाल र भारतमा अलग अलग रूपमा यो तालिम सञ्चालन गरिएको थियो । भारतीय सैनिकले नेपालमा आएर फौजी तालिम दिएको सायद यो पहिलो घटना हो । यस अघि सन् १९५० देखि डेढ-दुई सय नेपाली सैनिकलाई भारतमा लगेर फाइलट, मेडिसिन आदि तालिम दिइन्थ्यो ।

नेपाल भ्रमणमा आएका भारतीय स्थल सेनाध्यक्ष जनरल निर्मल चन्दर बीजले वैशाख ११ गते भारतीय दूतावास पेन्सन वितरण क्याम्प पोखरामा आयोजित स्वागत समारोहमा बोल्दै 'आतंककारी नियन्त्रण गर्न भारतले दुई अर्बको हतियार पठाइसकेको र अर्को एक अर्बको हतियार आउने तरखरमा रहेको' जानकारी दिएका थिए । नेपालका माओवादीलाई सबभन्दा पहिले आतंककारी घोषित गर्ने भारतले त्यो मान्यता त्यागेको छैन । नेपाल भारतबीचको सुपुर्दगी सन्धीलाई परिमार्जन गर्ने अन्तिम तयारी पनि भइरहेको छ ।

प्रतिविद्रोहमा अभ्यस्त बृटिश र भारतीय गोर्खा भूतपूर्व सैनिकहरूलाई पनि माओवादी विरूद्ध परिचालन गर्ने तयारी भइरहेको आभास मिलेको छ । भारतका सेना अध्यक्ष बीजले नेपाल भ्रमणको बेला गोर्खा भूतपूर्व सैनिकहरूलाई सम्बोधन गर्दै माओवादीसँगको युद्धमा शाही सेनालाई सघाउन अपील गरेका थिए । बीजले 'भारतमा लडेर बहादुरी देखाएका भारतीय गोर्खा भूतपूर्व सैनिकहरूले यहाँ पनि त्यस्तै सेवा गरेमा नेपाल आतंकबाट मुक्त हुने' दावी गरेका थिए । उता बृटिश गोर्खा भूतपूर्व सैनिकहरूको पेन्सन वृद्धिको मुद्दामा प्रधानमन्त्री टोनी ब्लेयरकी पत्नी अधिवक्ता चेरी बुथले गोर्खा भूतपूर्व सैनिकहरूको कानुनी नेतृत्व गरेकोलाई 'युद्धमा होम्ने चालवाजी' ठान्नेहरू पनि छन् ।

चीन र युरोपियन युनियन 'युद्ध होइन, वार्ता' भनिरहेका छन् । 'पुनः युद्ध भएमा आर्थिक सहयोग स्थगित गर्ने स्थिति आउन सक्छ' युनियनका एक अधिकारी भन्छन् । चीनियाहरू भने अहिले खासै प्रतिक्रिया नजनाई अध्ययन मात्र गरिरहेका छन् । 'तर अमेरिकाको चलखेल नेपालको हितविरूद्ध मात्र होइन, चीनतिर धेरै लक्षित छ भन्ने उनीहरू ठान्दछन्,' चीन अध्ययन केन्द्रका एकजना प्राध्यापक भन्छन् ।

असारमा भारतको बिहारमा सम्पन्न दक्षिण एशियाका माओवादी समूहहरूको सम्मेलनले विदेशी हस्तक्षेपकारीलाई 'नेपालबाट टाढै बस' भन्ने चेतावनी दिँदै दक्षिण एशियामा माओवादी विद्रोहलाई संगठित गर्ने नीति लिएको छ । अमेरिका र उसका मतियार शक्ति राष्ट्रहरूलाई दक्षिण एशियामा प्रभुत्व बढाउन यो एउटा ठूलो आधार बन्न सक्छ । तर दक्षिण एशियाको शक्तिराष्ट्र भारतमा त्यसको सिधा असर पर्ने भएकाले उसको सहमति नलिई उनीहरू यहाँ आउन सक्ने स्थिति छैन ।

अमेरिकी हस्तक्षेपको प्रतिवाद गरिरहेका माओवादीहरू पनि भारतसँग 'मैत्री सम्बन्ध' को हात बढाइरहेका छन् । भारतले आफूलाई एउटा सिमामा राखेर अमेरिकी हस्तक्षेपलाई अस्वीकार गर्‍यो भने वार्ताबाट सहमतिमा पुग्न सकिन्छ भन्ने माओवादीले ठानेका हुन सक्छन् । नेपालको माओवादी विद्रोहले निकास पाउँदा त्यसको सकारात्मक असर भारतका माओवादी विद्रोहीहरूमा पनि पर्न सक्ने भएकाले भारतले त्यसो गर्ने उत्साह देखाउन सक्छ । ❑

# विश्वमा संविधान सभाका उदाहरणहरू

■ नीलप्रसाद पन्त

संविधान सभाको स्थापना कुनै पनि देशको नयाँ संविधान निर्माण गर्न, संविधान बदल्न र संविधान संशोधन गर्न गर्ने गरिन्छ ।

संविधान सभालाई सम्वैधानिक रिक्तता पूरा गर्ने एउटा महत्वपूर्ण प्रक्रियाको रुपमा लिइन्छ । विश्वमा संविधान सभाको इतिहास निक्कै पुरानो छ ।

विश्व इतिहासलाई सरसर्ती हेर्दा हामी अमेरिकी स्वतन्त्रता संग्राममा पुग्दछौं । अमेरिकामा स्वतन्त्रता संग्रामपछि संविधान निर्माण गर्न Federal Constitutional Convention नामक संविधान सभाको गठन भएको थियो । यसमा विभिन्न स्वार्थ, पृष्ठभूमि, विभिन्न जनजीवनको प्रतिनिधित्व गर्ने ५५ जना सदस्यहरु विभिन्न राज्यहरुबाट निर्वाचित भएर आएका थिए, जसमा महत्वपूर्ण नेताहरु र संस्थापकहरु पनि थिए । यसै Federal Constitutional Convention ले तयार गरेको संविधान ४ मार्च, १७८९ मा अमेरिकामा लागु गरियो । यो विश्वकै सबभन्दा पुरानो लिखित संविधान थियो *(हेर्नुहोस्– An Outline of American Government, Page 6-8, An Outline of American History, P. 45-46)*


अमेरिकी क्रान्तिको लगत्तै फ्रान्समा सन् १७८९ मा भएको क्रान्तिको क्रममा त्यहाँको स्टेट जनरल (State General)का तेस्रो वर्गका प्रतिनिधिहरुले क्रान्तिको दौरानमा संविधान निर्माण गर्न संविधान सभा (Constituent Assembly)को स्थापना गरेका थिए । तेस्रो वर्गका प्रतिनिधिहरुले १७ जुन, १७८९ को दिन आफूलाई फ्रान्सको एकमात्र प्रतिनिधिमूलक संस्था संविधान सभा (Constituent Assembly) घोषणा गरेका थिए । त्यो संविधान सभाले १७ जुन, १७८९ देखि ३० सेप्टेम्बर १७९१ सम्म करिब २ वर्ष ३ महिना काम गरेको थियो । यो सभाको मुख्य काम फ्रान्सको लागि संविधान तयार गर्नु थियो । यो कार्य सभाले १४ सेप्टेम्बर, १७९१ मा पूरा गर्‍यो । यो संविधानलाई 'फ्रान्सको १७९१ को संविधान' भनिन्छ । यो संविधान विश्वको इतिहासमा अति नै महत्वपूर्ण छ । यो फ्रान्सको मात्र नभै सम्पूर्ण यूरोपकै पहिलो लिखित संविधान थियो । यसले फ्रान्समा सीमित राजतन्त्रात्मक व्यवस्था स्थापना गरेको थियो ।

फ्रान्समा पुनः दोस्रो पटक १८४८ मा संविधान सभाको चुनाव भएको थियो । यो चुनाव २३ अप्रिल, १८४८ मा भयो र ४ मेमा संविधान सभाको पहिलो बैठक बस्यो । यस सभामा जम्मा ९०० सदस्यहरु थिए र यसमा उदार गणतन्त्रवादीहरु बहुमतमा थिए । यिनीहरुको संख्या ८०० थियो । यस सभाले ५ जना व्यक्तिहरुको एक कार्यकारिणी परिषद् नियुक्त गरी शासन संचालन गरेको थियो । *(हेर्नुहोस्– C.D.M. Ketel by a History of Modern Times, C.D. Hazen (Modern Europe)*


रुसमा सन् १९१७ को नोभेम्बर क्रान्ति वा बोल्सेभिक क्रान्तिपछि भि.आई. लेनिनको नेतृत्वमा बनेको वोल्सेभिक सरकारले संविधान सभाको चुनाव १२-१५ नोभेम्बर, १९१७ मा गराएको थियो ।

हाम्रो छिमेकी मुलुक भारत सन् १९४७ मा ब्रिटिश उपनिवेशबाट स्वतन्त्रताको क्रममा त्यहाँ पनि संविधान निर्माण गर्न संविधान सभाको चुनाव गराइएको थियो । यो चुनाव १९४६ मा भएको थियो । यसमा कूल ३८९ जना सदस्यहरु निर्वाचित भएर आएका थिए, जसमा कांग्रेसको बहुमत थियो । संविधान सभाको पहिलो बैठक ९ डिसेम्बर, १९४६ मा बसेको थियो । डा. सचितानन्द सिन्हा संविधान सभाको अस्थायी अध्यक्षमा मनोनित भए । संविधान सभाको ११ डिसेम्बर, १९४६ को बैठकले डा. राजेन्द्रप्रसादलाई स्थायी अध्यक्षमा निर्वाचित गर्‍यो । संविधान सभाले २९ अगष्ट, १९४७ मा संविधान प्रारुप समिति निर्माण गर्‍यो, जसको अध्यक्षमा डा. भीमराव अम्वेडकर थिए । सदस्यमा गोपालस्वामी आयंगर, के.एम. मुन्सी, सैयद मोहम्मद सादुल्ला, एम. राघव राव, सर वि.एल. मित्र, डी.पि. खेतान थिए । यस प्रारुप समितिले संविधानको मस्यौदा २१ फेब्रुअरी, १९४८ मा संविधान सभामा पेश गर्‍यो । त्यस प्रारुपलाई २६ नोभेम्बर, १९४८ मा संविधान सभाले संशोधनसहित स्वीकृत गर्‍यो । २६ जनवरी, १९५० को दिन उक्त संविधान भारतमा लागू गरियो । *(हेर्नुहोस्– डा. कौलेश्वर राय– विश्व इतिहासके प्रमुख अध्याय, पृष्ठ २५३-५५)* ।

❑



प्रोटोनभित्र क्वार्क र ग्लूयोनहरू



न्यूट्रोनभित्र क्वार्क र ग्लूयोनहरू

# वैज्ञानिकहरू 'क्वार्क कणको सूप' पकाउने सूरमा !

● तुल्सीदास महर्जन

हालैमात्र वैज्ञानिकहरूले घोषणा गरेका छन्-"हामी 'क्वार्क कणको सूप' पकाउने बाटोमा पुग्न सफल भएका छौं ।"

आश्चर्य ! दाल-तिउनको सूप, मासुको सूप, च्याउको सूप आदि पकाउने कुरो पो हामी सबैले सुनेका छौं र व्यवहारमा लागु गरेका छौं । यो 'क्वार्क कणको सूप' पकाउने भन्ने कुरो कस्तो हो ?

तर पटक्कै अचम्भित नहुनुहोस् । कुरो सोह्रै आना सही हो ! वैज्ञानिकहरू सन् १९९६ देखि नै 'क्वार्क कणको सूप' पकाउने उपायको खोजीमा थिए । सैद्धान्तिक रूपमा उनीहरू त्यही बेला नै उक्त सूपको विषयमा विश्वस्त भइसकेका थिए । र, त्यसपछिका वर्षहरूमा त्यही सैद्धान्तिक निष्कर्षलाई व्यवहारिक रूपमा देखाउन उनीहरूले विभिन्न परीक्षणहरू गर्दैरहे । हाल आएर उनीहरू त्यस बाटोमा पुग्न सफल भएको महशूस गर्न थालेका छन् ।

## के हो त यो 'क्वार्क कणको सूप' ?

'क्वार्क कणको सूप' कुनै खाने सूप होइन । यो त क्वार्क र ग्लूयोनजस्ता अति अति सूक्ष्म भौतिक कणहरू स्वतन्त्र रूपमा तैरिएर रहने अवस्थाको पदार्थको एउटा विशिष्ट रूप हो । यसलाई 'क्वार्क ग्लूयोन प्लाज्मा, QGP' पनि भनिन्छ । स्मरणीय छ, लाखौं डिग्री सेल्सियस तापक्रममा मात्र संभव हुने पदार्थको चौथो अवस्था प्लाज्मा हो । सामान्य अवस्थामा पदार्थको ठोस, तरल र ग्याँस गरी जम्मा तीन अवस्था मात्र हुन्छन् ।



सन् ६० को दशकमा अमेरिकी वैज्ञानिक मुरे गेलमानले शैद्धान्तिक रूपमा पुष्टि गरेको क्वार्क कणलाई त्यही दशकमा अन्य वैज्ञानिकहरूले परीक्षणशालामा व्यवहारिक रूपमै पुष्टि गरिदिएका थिए

क्वार्क तथा ग्लूयोन कणहरू परमाणुको नाभी (nucleus) भित्र रहने अति सूक्ष्म कणहरू प्रोटोन तथा न्यूट्रोनभित्र रहन्छन् । अर्थात् क्वार्क तथा ग्लूयोनहरूबाट प्रोटोन तथा न्यूट्रोनहरूको निर्माण भएको हुन्छ ।

क्वार्क तथा ग्लूयोन कणबाट प्रोटोन र न्यूट्रोनबाहेक मेजोन नामक अन्य कणहरू पनि निर्माण हुन्छन् । मेजोन कणहरू मुख्यतः अन्तरिक्ष किरणमा रहेका हुन्छन् ।

बीसौं शताब्दीको सन् ६० को दशकमा अमेरिकी वैज्ञानिक मुरे गेलमानले शैद्धान्तिक रूपमा पुष्टि गरेको क्वार्क कणलाई त्यही दशकमा अन्य वैज्ञानिकहरूले परीक्षणशालामा व्यवहारिक रूपमै पुष्टि गरिदिएका थिए । वैज्ञानिकहरूले व्याख्या गरेअनुसार परमाणु भित्रका न्यूट्रोन तथा प्रोटोन कणहरू तीन/तीन वटा क्वार्क कणहरू मिलेर बनेका हुन्छन् । र, ती कणहरू 'शक्तिशाली नाभिकीय बल' (strong nuclear force) बाट बाँधिएका हुन्छन् । 'शक्तिशाली नाभिकीय बल' अर्को अति अति सूक्ष्म कण ग्लूयोनको कारणले प्राप्त हुन्छ । अर्थात् क्वार्कहरूलाई बाँध्ने काम ग्लूयोनले गर्दछ ।

नाभिकीय भौतिकशास्त्रीहरू के भन्छन् भने आजभन्दा १२ अर्बभन्दा बढी वर्ष पहिले 'महाविस्फोट' (big bang) भई ब्रम्हाण्डको सृष्टि हुँदाको क्षणमा पहिलो एक सेकेण्डको एक करोड खण्डको एक खण्ड समयमा 'क्वार्क कणको सूप' पाकेको थियो, अर्थात् पदार्थको त्यो विशिष्ट रूप बनेको थियो । किनकि त्यस क्षण त्यहाँ खरबौं डिग्री सेल्सियससम्म तापक्रम माथि चढेको थियो र त्यस्तो अवस्थामा क्वार्क र ग्लूयोन कणहरू स्वतन्त्र रूपमा तैरिएर रहन पुगे । तर त्यो स्थिति लामो क्षणसम्म रहन सकेन । तापक्रम ओरालो लागेअनुसार क्वार्कहरूलाई ग्लूयोनहरूले बाँध्न थाले र प्रोटोन तथा न्यूट्रोनहरू बन्न थाले । र, त्यसरी त्यहाँ विस्तारै प्रोटोन र न्यूट्रोनहरू बाँधिएर परमाणुका नाभीहरू बन्दै पछि परमाणुहरू नै बन्न थाले । तर यी घटनाहरू त्यतिखेर एक सेकेण्डको पनि लाखौं खण्डहरूमध्ये केही खण्डको समयभित्र नै सम्पन्न भए भनेर वैज्ञानिकहरू तर्क गर्छन् ।

यहाँ माथि पनि भनियो- क्वार्कहरूबाट प्रोटोन र न्यूट्रोन कणहरू मात्र बनेका छैनन् । तिनीहरूबाट मेजोनजस्ता अन्य सूक्ष्म कणहरू पनि बनेका छन् । मेजोनमा एउटा क्वार्क कण र एउटा प्रतिक्वार्क कण मिलेको हुन्छ । मेजोन कणहरू मुख्य रूपमा 'अन्तरिक्ष किरण' (cosmic ray) मा पाइन्छन् । 'अन्तरिक्ष किरण' अन्तरिक्षबाट लगातार पृथ्वीको सतहमा खसिरहने अदृश्य किरण हो ।

वैज्ञानिकहरूको के विश्वास रहेको छ भने प्रयोगशालाभित्र 'क्वार्क कणको सूप' पकाउने

काममा सफलता प्राप्त भएमा ब्रम्हाण्डको सृष्टिको क्षणका धेरै रहस्यहरू हाम्रा अगाडि खुल्ने छन् । र, त्यस्तै गरी परमाणुको अस्तित्व, गुण तथा रूपको सम्बन्धमा अझ मूर्त रूपले थप व्याख्या प्रस्तुत गर्ने काममा राम्रो मद्दत मिल्नेछ ।

त्यसैले वैज्ञानिकहरू सन् १९९६ देखि नै प्रयोगशालामा 'क्वार्क कणको सूप' पकाउने कार्यमा प्रयासरत छन् । त्यही क्रममा नै सन् १९९६ को मे महिनामा स्विट्जरल्याण्डको जेनेभास्थित 'कण भौतिकशास्त्रका लागि यूरोपेली प्रयोगशाला, सर्न' (European Laboratory for Particle Physics, CERN)मा वैज्ञानिकहरूले 'क्वार्क कणको सूप' को प्राथमिक रूप आविष्कार गरेको कुरा जनाए ।

CERN मा वैज्ञानिकहरूले पदार्थको चौथो अवस्था प्लाज्मा प्राप्त गर्न आवश्यक अत्यधिक ताप र चापको लागि स्वयं सिसाको कणसँग सीसाको नाभी (lead nuclei) लाई जुधाएर विस्फोटन गराउँदा 'क्वार्क कणको सूप' आविष्कार हुन पुगेको हो । तर त्यो साह्रै छोटो समयको लागि मात्र प्राप्त भयो, जसले गर्दा त्यसबाट निष्कर्ष निकालिहाल्ने स्थिति भएन ।

अहिले ७ वर्ष पछाडि आउँदा कण अनुसन्धान-प्रविधिले धेरै फड्को मारिसकेको छ । र, वैज्ञानिकहरूले 'क्वार्क कणको सूप' प्राप्त गर्न नयाँ नयाँ प्रविधिहरू प्रयोगमा ल्याएका छन् । यसै क्रममा नाभिकीय भौतिकशास्त्रको अनुसन्धानको लागि सर्वाधिक सुविधा भएको ' दि रिलेटिभिस्टिक हेभी आयोन कोलाइडर, ह्रिक' (The Relativistic Heavy Ion Collider, RHIC)मा गरिएको पछिल्लो परीक्षणले वैज्ञानिकहरूलाई 'क्वार्क कणको सूप' प्राप्त गर्न सही बाटोमा पुऱ्याएको कुरा प्रकाशमा आएको छ । *ह्रिक* अमेरिकाको क्यालिफोर्नियाको ब्रूकहेभनमा अवस्थित छ ।

*ह्रिक*का वैज्ञानिकहरूका अनुसार सुनका आयोनहरू (gold ions) एक आपसमा जुधाउँदा एकदमै अस्वभाविक अवस्था सिर्जना हुन पुग्छ । र, यसबाट पदार्थको 'क्वार्क ग्लूयोन प्लाज्मा' नामक एउटा भिन्नै रूप आविष्कार हुनेछ । यस कुरामा अहिले वैज्ञानिकहरूको विश्वास धेरै बढेको छ अर्थात् 'क्वार्क कणको सूप' कृत्रिम रूपले पकाउन सकिने छ भन्ने कुरामा उनीहरू ढुक्क छन् ।

यहाँ माथि पनि उल्लेख भइसकेको छ, परमाणुका नाभिकीय कणहरू प्रोटोन र न्यूट्रोनहरू क्वार्क कणहरू मिलेर बनेका हुन्छन् । क्वार्कहरूलाई मिलाउन ग्लूयोन नामक अर्को कणले काम गरेको हुन्छ । ग्लूयोन कण धागोजस्तै हो, जसले क्वार्कहरूलाई शक्तिशाली नाभिकीय बलले बाँधेर राख्छ ।

सामान्य अवस्थाको पदार्थबाट क्वार्क वा ग्लूयोन कणलाई छुट्याएर स्वतन्त्र रूपमा बाहिर ल्याउन सकिंदैन । तर वैज्ञानिकहरूका अनुसार अत्यधिक ताप जस्तो कि खरबौं डिग्री सेल्सियस तापक्रममा र अत्यधिक चापमा ग्लूयोनरूपी धागो खुकुलन्छ र क्वार्क स्वतन्त्र रूपमा तैरिन थाल्छन् । त्यस अवस्थामा प्रोटोन र न्यूट्रोन बरफ पग्लेजस्तै पग्लन्छन् र 'क्वार्क कणको सूप' बन्छ अर्थात् 'क्वार्क ग्लूयोन प्लाज्मा' नामक पदार्थको एउटा नयाँ अवस्था तयार हुन्छ ।

ब्रूकहेभेनस्थित *ह्रिक* मा तीन वर्ष पहिलेदेखि अर्थात् सन् २००० देखि काम थालनी भएको हो । त्यहाँ भौतिकशास्त्रीहरूले अरबौं वर्ष पहिले ब्रम्हाण्डको सृष्टि हुँदाको क्षणमा भएको घटनालाई प्रयोगशालामा नै कृत्रिम रूपले दोहऱ्याउन खोजिरहेका छन् । उनीहरूले सुनका गह्रौं नाभीहरूलाई एकआपसमा करिब करिब प्रकाशको गतिमा (स्मरणीय छ, प्रकाश एक सेकेण्डमा ३ लाख किलोमिटर हिंड्छ) जुधाएर त्यसभित्रका प्रोटोन र न्यूट्रोनहरूलाई पगाल्न खोजिरहेका छन् । प्रोटोन र न्यूट्रोन पग्लिंदा क्वार्क र ग्लूयोन कणहरू एकआपसमा छुट्टिएर स्वतन्त्र हुन पुग्छन् र प्रोटोन तथा न्यूट्रोनको अस्तित्व लोप हुन पुग्छ । यो प्रक्रिया भनेको तापक्रम बढेअनुसार बरफ पग्लेर तरल पानी र त्यो पनि पछि उम्लेर वाफमा परिणत हुनुजस्तै हो ।

*ह्रिक* का वैज्ञानिकहरूले सन् २००१ मा श्रृंखलावद्ध परीक्षण गरे । उनीहरूले सुनको हरेक नाभीसँग ७९ वटा प्रोटोन र ११८ वटा न्यूट्रोनहरू जुधाएर हेरे । वैज्ञानिकहरूका अनुसार त्यस्तो जुधाइमा तापक्रम खरबौं डिग्री सेल्सियससम्म माथि चढ्छ र प्रोटोन वा न्यूट्रोनबाट एक जोडा क्वार्क बाहिर उछिट्टिएर आई स्वतन्त्र हुन पुग्छन् । र, त्यस्तो घट्ना घट्यो पनि । तर उनीहरूले 'क्वार्क कणको सूप' नै भने पकाउन सकेनन् ।

यो वर्ष अर्थात् सन् २००३ को शुरूमा नै वैज्ञानिकहरूले परीक्षणहरूको अर्को श्रृंखला शुरू गरे । उनीहरूले सुनको नाभीसँग डेउटेरोनहरू जुधाएर हेरे । स्मरणीय छ, डेउटेरोन हाइड्रोजन तत्वको आइसोटप (Isotope) हो । अर्थात् यसको नाभीमा एउटै प्रोटोन र एउटै न्यूट्रोन हुन्छ । हाइड्रोजनको नाभीमा न्यूट्रोन हुँदैन ।

वैज्ञानिकहरू के विश्वास गर्छन् भने जब सुनको एक नाभीलाई अर्को त्यस्तै नाभीसँग जुधाइन्छ, तब प्रोटोन तथा न्यूट्रोन कणहरू क्वार्क र ग्लूयोनहरूमा पग्लन्छन् । र, त्यस अवस्थामा 'क्वार्क ग्लुयोन प्लाज्मा' अर्थात् 'क्वार्क कणको सूप' तयार हुन्छ । तर सुनको नाभीलाई डेउटेरोनसंग जुधाउँदा क्वार्कहरूको धारा प्रवाह भएपनि 'क्वार्क ग्लुयोन प्लाज्मा' तयार हुँदैन । किनकि 'क्वार्क ग्लुयोन प्लाज्मा' को लागि त्यो जुधाइ अलि हलुका नै हुन्छ ।

*ह्रिक* र *सर्न* प्रयोगशालाहरूमा परीक्षणहरू थुप्रै भइसके । तर अझै पूर्ण सफलता भने प्राप्त भएको छैन । सन् २००७ मा 'क्वार्क ग्लूयोन प्लाज्मा' सिर्जना गर्ने दौडमा CERN पुनः संलग्न हुने भएको छ । त्यसको लागि CERN आफूसँग सम्बन्धित 'लार्ज हाड्रोन कोलाइडर' (Larg Hadron Collider) मा हुने 'अलाइस हेभी आयोन एक्स्पेरिमेन्ट' (Alice heavy-ion experiment) नामको परीक्षणमा संलग्न हुँदैछ । त्यस परीक्षणमा 'क्वार्क ग्लुयोन प्लाज्मा' प्राप्त हुने अर्थात् 'क्वार्क कणको सूप' पाक्ने कुरामा वैज्ञानिकहरू ढुक्क छन् । किनकि 'अलाइस हेभी आयोन एक्स्पेरिमेन्ट'मा कणहरूको जुधाइ *ह्रिक* मा भन्दा तीसौं गुणा बढी हुन्छ ।

त्यसैले वैज्ञानिकहरू सन् २००७ सम्ममा 'क्वार्क कणको सूप' पकाउन सकिने कुरामा ढुक्क छन् । यसले ब्रम्हाण्डको सृष्टिको रहस्यबारे धेरै कुराहरू खोल्नुका साथै पदार्थको अवधारणाको व्याख्यालाई अझ उन्नत पार्नेछ भन्ने कुरामा वैज्ञानिकहरू विश्वस्त देखिन्छन् । ❏


*सन्दर्भ सामग्रीहरु :*

१. *The statesman, 21st July 2003*

२. *Microsoft Encarta Encyclopedia- 2003*

३. *Partical Physics* ***का विभिन्न वेभसाइटहरु***





**अमेरिकाको क्यालिफोर्नियाको ब्रूकहेभनस्थित ह्रिक (RHIC) नामक कण परीक्षणशाला**

# हृदयाघात कसरी हुन्छ ?



■ डा. अरूण सायमी
*वरिष्ठ हृदय रोग विशेषज्ञ*

**● हृदयाघात भनेको के हो ?**

– मुटुको मुख्य काम शरीरको बिभिन्न भागमा रगतलाई पम्प गरेर पठाउने हो, तर मुटु आफैंलाई पनि रगत चाहिन्छ । मुटुलाई चाहिने रगत बग्ने कोरोनरी आर्टरी भन्ने दुईटा नसाहरू हुन्छन् । जब त्यो कोरोनरी आर्टरी बोसो जमेर बन्द हुन्छ र त्यहाँबाट रगत सञ्चालन हुँदैन, त्यसबाट रगत पठाउने मुटुको जुन भाग हो- त्यसले काम गर्दैन । हृदयाघात भनेकै स्किमिक नेक्रोशिस हुनु हो, अर्थात् रगत नपाएको मुटुको भागले काम गर्न नसक्नु हो ।

**● एक दुई तीन पटक हृदयाघात भयो भनेको चाहिँ के हो नि ?**

– मुटुको रगत सञ्चार गर्ने कोरोनरी आर्टरी दुईटा हुन्छन् र एउटाको चै दुईटा शाखा गरी जम्मा तीनवटा हुन्छ । एउटा शाखाले मुटुको अगाडिको भागलाई रगत दिन्छ, अर्कोले चैं साइडकोलाई रगत दिन्छ र अर्कोले तलको मुटुको भागलाई दिन्छ । अब अगाडिको कोरोनरी आर्टरी बोसो जमेर बन्द भयो भने हृदयको अगाडिपट्टि हृदयाघात हुने भयो, साइडको बन्द भयो भने, साइडको भागमा हृदयाघात हुने भयो, तलको भयो भने, तलको भागमा हृदयाघात हुने भयो । कसैको एकैपल्ट मुटुको अगाडि र साइडको भागमा पनि हृदयाघात हुनसक्छ । प्रायः कसैको एउटामात्रै पनि हुनसक्छ, कसैको तीनवटै भागमा पनि हुनसक्छ ।

**● हृदयाघात हुने कारणहरू के के हुन ?**


– हृदयाघात हुनुका प्रमुख चारवटा कारणहरू छन् : जस्तै चुरोट, कोलेस्टेरोल भएको खाना खानु, मानसिक तनाब बढी हुनु, ब्यायाम कम हुनु र मोटोपन । तर आजकल त यस्ता कारणहरू नहुनेलाई पनि हृदयाघात भइरहेको छ । निमोनियाको संक्रमणले गर्दा पनि हृदयाघात भएको पाइएको छ । त्यसैले अरू नयाँ कारणहरू पनि छन् कि भनेर अहिले इन्टर हर्ट भन्ने अध्ययन भइरहेको छ ।

**● हृदयाघात हुँदा कस्ता लक्षणहरू देखिन्छ ?**

– शुरूमा मुटुको रगत जाने नसा बन्द हुनुभन्दा अगाडि त नसा बिस्तारै साँघुरिदै जान्छ । त्यो साँघुरिएर गयो भने मान्छेहरूलाई त्यसै बस्यो भने केही पनि हुदैन, तर हिंड्दा, उकालो चढ्दा छाती भारी भएर आउँछ । यो हृदयाघात हुनुभन्दा अगाडिको लक्षण हो । जसलाई हामी एन्जाइना भन्छौं । हृदयाघात भइसकेपछिका मुख्य लक्षणहरू छातीको बीचभागमा दुख्ने, त्यो दुख्ने सरेर घाँटीतिर जान सक्छ, देब्रे हाततिर जानसक्छ र यति धेरै दुख्छ कि शुरूको अट्याकमै मान्छे मर्नसक्छ । त्यो दुखाइ संगसँगै एकदम पसिना आउँछ, वान्ता हुनसक्छ । पाँच-दश प्रतिशत हृदयाघातहरू छाती नदुखेर पनि हुनसक्छ । धेरै सुगर भएका, धेरै उमेरका मान्छेहरूमा यस्तो हुनसक्छ । त्यसलाई हामी साइलेन्ट हर्ट अट्याक अथवा मौन हृदयाघात भन्छौं ।

**● एउटा मानिसलाई पटकपटक हृदयाघात हुन्छ ?**

– चुरोट खाने, रक्तचाप, कोलेस्टेरोल बढी भएको खाना खाने, त्यसपछि मधुमेह र तनाव (Stress)लाई नियन्त्रण गरेन भने त फेरि नसाहरू बन्द भएर अर्को हृदयाघात हुनसक्छ ।




*मुटु र यसका अवयवहरु*

**● टेन्सनले पनि हृदयाघात हुन्छ त ?**

– तनाब अथवा टेन्सनले त थुप्रै कुरा हुन्छ । हृदयाघात हुने एउटा मुख्य कारण टेन्सन पनि हो । टेन्सनले रक्तचाप बढाउन सक्छ । धेरै टेन्सन लियो भने कोरोनरी स्पाजम अर्थात् नसा खुम्चिने हुन्छ, त्यसले गर्दा मुटुको चाल एकदम बढेर हर्ट अट्याक हुनसक्छ ।

**● हृदयाघात भएपछि बाँच्ने सम्भावना कत्तिको हुन्छ ?**

– कहिलेकाहीं अस्पताल नपुग्दै, अट्याक हुनासाथ वा अस्पताल लैजाँदा-लैजाँदै बाटामै ज्यान जानसक्छ । ८ प्रतिशत मान्छेहरूको मात्रै त्यसरी ज्यान गएको छ, ९२ प्रतिशत मान्छेहरू उपचारपछि घर फर्केका छन् ।

**● चुरोटले चाहिँ कसरी हृदयाघात गराउन सहयोग गर्छ ?**

– चुरोटका थुप्रै संयन्त्रहरू छन् । यसको खराबीको कुरा गर्दा एउटा किताबै बन्छ । तर मुख्य गरी चुरोटले मुटुको नसाहरूलाई नोक्सान गर्दिन्छ र त्यो ड्यामेज भागमा बोसो जम्ने हुन्छ । अर्को, चुरोटले कुनै कुनै बेला बोसो नजमे पनि नसा खुम्च्याइ दिन्छ । पहिला पहिला हर्ट अट्याक भनेको चालीस बर्षमाथिका लाई हुन्छ, धनी मान्छेलाई हुन्छ, केटा मान्छेलाई मात्र हुन्छ भन्ने सोचिन्थ्यो । तर अहिले आएर २५ बर्षको लाई पनि, केटी मान्छेलाई पनि भइरहेको छ । गरीब मान्छेलाई पनि भैरहेको छ । यो सबै हुनुको मुख्य कारण चैं चुरोट हो । चालिस बर्षभन्दा मुनिकालाई हर्ट अट्याक भयो भने यसो हुनुको मुख्य कारण चुरोट हो ।

**● रक्सीले हृदयाघात हुन कत्तिको सहयोग गर्छ ?**

– रक्सी सामान्य मात्रामा खायो भने

**मकहाँ एक तिहाइ बिरामीहरु खालि मनोबैज्ञानिक प्रभावले आउँछन् । ग्यास्ट्रिकले छाती दुख्यो, पेट पोल्यो भने हर्ट अट्याक हुन लाग्यो हेर्दिनु पर्‍यो भनेर आउँछन् ।**



त्यसले गुड कोलेस्टेरोल बढाउँछ । फ्रान्समा रेड वाइन खाने र नखानेबीच अनुसन्धान गर्दा खानेहरूमा हर्ट अट्याक कम भएको पाइयो । तर रक्सीले रक्तचाप बढाइदिन सक्छ, सुगर बढाइदिन सक्छ, कलेजोलाई ध्वस्त बनाइदिन सक्छ । त्यसैले रक्सी नखानु नै राम्रो हुन्छ । तर थोरै सामान्य मात्र खाएको रक्सीले भने हृदयाघातलाई फाइदा नै गर्छ ।

**● वातावरण प्रदूषणले हृदयाघात गराउन कत्तिको सहयोग गर्छ ?**

- वातावरण प्रदूषण भनेको passive smoking अर्थात् अप्रत्यक्ष रूपमा धुम्रपान गुर्न हो । यसले active smoking अर्थात् प्रत्यक्ष रूपमा धुम्रपानले जस्तै असर गर्छ । अरू जस्तै ध्वनि प्रदूषणले पनि मुटुलाई नराम्रै असर पार्छ ।

**● हृदयाघात हुनमा व्यक्तिको मनोबिज्ञानले पनि प्रभाव पार्छ ?**

- धेरै प्रभाव पर्छ । मकहाँ एक तिहाइ बिरामीहरू खालि मनोबैज्ञानिक प्रभावले आउँछन् । ग्यास्ट्रिकले छाती दुख्यो, पेट पोल्यो भने हर्ट अट्याक हुन लाग्यो हेर्दिनु पर्‍यो भनेर आउँछन् । ग्यास्ट्रिक भनेर आउने मान्छेलाई हर्ट अट्याक पनि हुनसक्छ । किनभने ५-१० प्रतिशत हृदयाघात छाती नदुखी पनि हुनसक्छ । स्वाँ स्वाँ भयो भने पनि हर्ट अट्याक हुन लाग्यो भन्ने ठान्छन् । तर श्वासप्रश्वाससँग हृदयाघातको सम्बन्ध छैन ।

**● हृदयाघातका रोगीले कस्तो खाने कुरा खानु पर्छ ?**

- हृदयाघातका रोगीले कोलेस्टेरोल भएको खाने कुरा खानु हुँदैन । रातो मासु, फोक्सो, मृगौला, कलेजो जस्ता organic meat खानु हुँदैन । अण्डाको पहेंलो भागमा धेरै कोलेस्टेरोल हुन्छ, त्यो खानु हुदैन । चुरोट, रक्सी, धेरै चिल्लो पदार्थ खानु हुँदैन । तर साधारण दाल भात तरकारी खान समस्या छैन ।

**● हृदयाघातबाट बच्न ब्यायामको कति महत्व छ ?**

- ब्यायामले रक्तचापलाई फाइदा गर्छ । मधुमेहलाई फाइदा गर्छ, राम्रो कोलेस्टोरोल बढ्छ । तौल घट्छ । त्यसैले यो अत्यन्त महत्वपूर्ण छ । तर व्यायाम भन्दैमा बिहान दौड्न पर्छ भन्ने छैन । घरमा, अफिसमा काम गरेर पनि त्यो पुग्छ ।

**● नेपालमा हृदयाघातसम्बन्धी उपचारको ब्यवस्था कस्तो छ ?**

- हृदयाघात भैसकेपछि अस्पतालमा सी.सी.यु. वार्डमा राख्नुपर्छ । शुरूमा यो सुविधा वीर अस्पतालमा मात्रै थियो । त्यसपछि टिचिङ अस्पतालमा आयो । अहिले थुप्रै निजी क्लिनिकहरूमा यो व्यवस्था छ । यसको अर्को उपचार भनेको एन्जियोग्राफी हो । यो भनेको मुटुको आर्टरी कति प्रतिशत बन्द भयो भनेर हेर्ने प्रविधि हो ।

यहाँ पहिला त्यो सुविधा थिएन, अहिले छ । अर्को, कोरोनरी बाइपास सर्जरीको पनि सुविधा छ । त्यो भनेको रगत सञ्चार हुन बन्द भएको आर्टरीको भाग काटेर शरीरको अन्य भागबाट, जस्तो खुट्टाको नसा झिकेर त्यहाँ जोड्ने गरिन्छ । यो सुविधा बढी राजधानीमा केन्द्रित छ । तर विराटनगर र पोखरामा पनि छ ।

*☐ प्रस्तुति : राजकुमार बराल*


नेपालको एकमात्र केबुलकार
मनकामना जाने सपना साकार




## मनकामना केबुलकार

मनकामना देवीले सम्पूर्ण मनोकांक्षा पूरा गर्छिन भन्ने जनविश्वास शताब्दीयौं देखि रहेको पाइन्छ । यसै उच्च भावनाको कदर गर्दै सञ्चालन गरिएको नेपालको पहिलो र एकमात्र केबुलकार सेवाले मनकामना क्षेत्रको धार्मिक र पर्यटकीय महत्वलाई अझ विस्तारित र व्यापक बनाएको छ । विश्व प्रसिद्ध अष्ट्रियाली कपनी डोपलमायरद्वारा जडान गरिएको अत्याधुनिक प्रविधियुक्त हाम्रो केबुलकारको यात्रा आफैमा एक अविस्मरणीय अनुभव हुन पुगेको छ ।

मनकामना दर्शन (प्रा) लि.
MANAKAMANA DARSHAN (P.) LTD.
पो.ब.नं. ४४१६, नक्साल नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४३४६९०, ४३४६४८ फ्याक्स: ९७७-१-४३४५१५
Email: mdpl@chitawoncoe.com, mc',istn@chitawoncoe.com Website: www.chitawoncoe.com/manakamana
DPi/mdpl/010714b

# कोलम्बियाको जनयुद्ध
# अमेरिकी हस्तक्षेप

तीनवर्षसम्म सुस्त गतिले चलेको शान्तिवार्ताको प्रक्रिया भंग भएपछि कोलम्बियामा भीषण युद्ध शुरू भएको छ । कूटनीतिक र राजनीतिक रूपको रक्तपातविहिन युद्धको अन्त्यपछि त्यहाँ फेरि एक पटक हिंस्रक राजनीतिको थालनी गरिएको छ, जसलाई मर या मारको नीतिअन्तर्गत चलाइने 'सम्पूर्ण युद्ध' भनिएको छ । शान्तिवार्तालाई भीषण युद्धको तम्तयारीको चरणको रूपमा दुरूपयोग गर्ने कोलम्बियाली र अमेरिकी शासक वर्गले अहिले सबैजसो कोलम्बियाली जनताविरूद्ध, जनताका निःशस्त्र र सशस्त्र आन्दोलनहरूविरूद्ध हिंस्रक युद्ध संचालन गरिरहेका छन् ।

सन् २००१ को सेप्टेम्बर ११ मा आफूमाथि भएको आक्रमणको बदला लिन अमेरिकी सरकारद्वारा थालिएको 'आतंकवादविरोधी विश्वव्यापी युद्ध'को पृष्ठभूमिमा कोलम्बियामा भीषण युद्ध शुरू भएको हो । आफूले अन्तर्राष्ट्रिय आतंकवादी संगठनको सूचीमा राखेका कोलम्बियाली छापामार समूहहरू एफएआरसी र इएलएनसँग भएको शान्तिवार्ताको विरोधमा खुलेआम रूपमा उत्रेको अमेरिकी सरकारकै नीति-निर्देशनमा शान्तिवार्ताको तीनवर्ष लामो अवधिलाई युद्धको तम्तयारीको कालखण्डको रूपमा दुरूपयोग गरिएको थियो र वार्ताप्रक्रियालाई नै 'एम्बुस'मा पारिएको थियो अनि भीषण युद्धको घोषणा गर्न लगाइएको थियो । र, भीषण युद्ध शुरू भएपछि उसले त्यहाँको युद्धमा प्रत्यक्ष रूपमा सैनिक हस्तक्षेप नै गर्नथालेको थियो ।




### शासकहरूको गुरूयोजना र नियत

'लागू पदार्थविरोधी युद्ध' (drug war) को निहुँमा कोलम्बियाली सरकारलाई सैन्य सहयोग दिँदैआएको अमेरिकी सरकारले ११ सेप्टेम्बरपछि आतंकवादविरोधी विश्वव्यापी युद्धको नाराअन्तर्गत उसको पछाडिको आँगन ठानिने कोलम्बियामा सैन्य सहयोग दिन र सैन्य हस्तक्षेप गर्न थालेको देखिन्छ । लागूपदार्थ तस्करी र आतंकवादलाई मिसमास गरी 'नार्को-गुरिल्लाहरू'विरूद्ध युद्ध छेड्ने अमेरिकी निहुँ र नाराअन्तर्गत कोलम्बियाली जनताका न्यायपूर्ण संघर्षहरूलाई लडाइँको निशाना बनाउने गुरूयोजना र व्यवहार प्रकट हुनथालेको पाइन्छ ।

कोलम्बियामाथि अमेरिकी सरकारको हस्तक्षेप कति डरलाग्दो ढंगले बढ्दो छ भन्ने कुराको ठोस उदाहरण हो- अमेरिकी राजदूतको निर्देशनमा भएको युद्ध घोषणा । वार्ताको पूर्वशर्तअनुसार घोषित 'असैनिकृत क्षेत्र'को अवधि बाँकी छँदाछँदै पहिलेका राष्ट्रपति आन्द्रेज पास्त्रानाको सरकारले गरेको युद्धघोषको नेपथ्यमा कोलम्बियाका लागि अमेरिकी राजदूत एनी पिटर्सनले निर्णायक भूमिका खेलेका थिए ।

सन् २००२ को जनवरी ८ मा एनी पिटर्सनले राष्ट्रपति पास्त्रानासँग एउटा महत्वपूर्ण भेटघाट गरेका थिए, जुन भेटघाटमा उनले अमेरिकी सैन्य अधिकारी र सल्लाहकारहरूको टोलीसहित १४ वटा ब्ल्याक हक हेलिकोप्टरहरू कोलम्बियाली सेनाका लागि सुम्पेका थिए । 'इन्टरनेशल सोशलिष्ट रिभ्यू'मा प्रकाशित त्रिस्तान एदीको रिपोर्टअनुसार, उनले त्यही निजी भेटघाटकै क्रममा असैनिक क्षेत्रमाथि सैन्य हस्तक्षेप गर्नका लागि आशिर्वाद पनि दिएका थिए । र, त्यसको भोलिपल्ट राति नै राष्ट्रपति पास्त्रानाले एफएआरसीसँग चलिरहेको वार्ता अन्त्य भएको घोषणा गरेका थिए ।

पास्त्रानाद्वारा अन्त्य भएको भनी घोषित पछिल्लो शान्तिवार्ताको शुरूवात सन् १९९९ देखि शुरू भएको थियो । वार्ताप्रक्रियाको थालनी चाहिं सन् १९९६ देखि एफएआरसीको बढ्दो सैन्य आक्रमण, फैलँदो राजनीतिक हस्तक्षेप र गरीखाने जनताको व्यापक संघर्षलाई मत्थर पार्नका लागि गरिएको थियो । स्मरणीय छ, वार्ता हुनुभन्दा अगाडिका वर्षहरूमा एफएआरसी र इएलएनका छापामारहरूको सैन्य आक्रमणको फलस्वरूप सरकारी सेनाका छाउनीहरू र प्रहरीका ब्यारेकहरू नष्ट हुने तथा सयौं सेना



**विनाशकारी युद्ध** तात्कालीन अमेरिकी राष्ट्रपति क्लिन्टन र कोलम्बियाली राष्ट्रपति पास्त्राना

र प्रहरीहरू मारिने र बन्दी बनाइने क्रम तीव्र भइरहेको थियो । र, सरकारका नवउदारवादी अर्थनीतिको विरोधमा लाखौंलाख पीडित किसान र मजदूरहरूको जुझारू सडक संघर्ष चर्किरहेको थियो । त्यस्तै, नागरिक समाजको न्यायपूर्ण शान्ति प्राप्तिका लागि वार्ताको प्रक्रिया अगाडि बढाउनुपर्ने मागले व्यापकता लिइरहेको थियो ।

यस्तो जटिल स्थितिमा अमेरिकी सरकारको निर्देशनमा पास्त्राना सरकारले शान्तिवार्ताको प्रक्रिया बढाउन मन्जुरी दिएको थियो, तर युद्धका लागि शान्तिवार्ताको अवधिलाई दुरूपयोग गर्ने गुरूयोजनासहित । हो, उसले छापामारहरूविरूद्ध युद्धरत सेनालाई हरतरहले सुसज्जित पार्नका लागि आवश्यक समय प्राप्त गर्ने नियतले ढिलो गतिमा वार्ताको क्रम शुरू गरेको थियो । अमेरिका र कोलम्बियाको सरकारको यस्तो गुरूयोजना र नियत छर्लङ्ग देखिने खालको एउटा ठोस उदाहरण हो– अमेरिकी सैन्य सहयोगको वृद्धि । वार्ताप्रक्रिया शुरू भएको एक महिना पनि नबित्दै अमेरिकी सरकारले भावी युद्धको तम्तयारीका लागि एक अर्ब डलर सैन्य सहयोग दिने घोषणा गरेको थियो, जबकि

**सन् २००२ को जनवरीमा पास्त्राना सरकारले वार्ता अन्त्य भएको घोषणा गर्दा एफएआरसीले वार्ताको टेबुल छोडेर गएको र त्यसका छापामारहरुले एउटा हवाईजहाज र एकजना सिनेटरको अपहरण गरेको निहुँ थापेको थियो**

सन् १९९७ मा उसले ३ करोड ७० लाख डलरमात्रै सैन्य सहयोग दिएको थियो ।

## 'नयाँ कोलम्बिया'को सपना

वार्तापूर्वको स्थितिमा एकपछि अर्को आक्रमणमा सफलता प्राप्त गरिरहेको एफएआरसीले वार्ताको टेबुलमा बस्नुभन्दा अगाडि ५ वटा नगरपालिकाभित्रका इलाकालाई वार्तास्थलका रूपमा छनौट गरी 'असैनिकृत क्षेत्र' घोषणा गर्नुपर्ने पूर्वशर्त राखेको थियो । सोही असैनिकृत क्षेत्रमा अगाडि बढाइएको वार्ताप्रक्रियालाई यसले न्यायपूर्ण शान्ति स्थापना गर्ने एउटा मार्गको रूपमा प्रयोग गर्ने र सो क्षेत्रलाई आफूले देखेको सपनाअनुरूपको 'नयाँ कोलम्बिया'को सिर्जनभूमिको रूपमा उपयोग गर्ने काम गरेको थियो ।

एफएआरसीको बढ्दो सैनिक र राजनीतिक शक्तिप्रति सरकारी स्वीकारोक्तिको परिणामस्वरूप प्राप्त गरिएको असैनिकृत क्षेत्र वास्तवमा वार्ताका लागि छुट्याइएको सुरक्षित इलाकामात्रै थिएन । यस समूहद्वारा त्यस स्विट्जरल्याण्डसरहको विशाल क्षेत्रलाई 'नयाँ कोलम्बिया'को प्रतीकको रूपमा सिर्जना गरिएको थियो । सो क्षेत्रलाई साँच्चै नै अर्द्धसैनिक दस्ताको हत्या–हिंसाबाट मुक्त पारिएको थियो, गरीखाने जनताका लागि सामाजिक न्याययुक्त समाजको निर्माणाधीन क्षेत्रको रूपमा रूपान्तरित गरिएको थियो । त्यस क्षेत्रअन्तर्गत पर्ने र छापामारहरूको राजधानीको रूपमा चर्चित शहर सान भिन्सेते दे कागुअनको भ्रमण गरेकी टेरेसा गुतेरेजद्वारा 'वर्कर्स वर्ल्ड' अखवारमा लेखिएको रिपोर्टअनुसार, भय र त्रासबाट मुक्ति, लागूपदार्थको समस्याबाट छुट्टी, घरेलु हिंसालगायत अन्य सामाजिक समस्याहरूको निराकरण गर्न जनसत्ताको अभ्यास तथा जनताको ऐक्यबद्धता र आपसी सरसहयोगको वृद्धि त्यहाँका उल्लेखनीय पक्षहरू थिए ।

एफएआरसीले वार्ताको क्रममा देश र जनतासामु आफ्नो नयाँ कोलम्बियासम्बन्धी राजनीतिक दृष्टि, योजना र प्रतिबद्धता सार्वजनिक गरेको थियो । 'उत्पीडक र उत्पीडित वर्ग दुवै नहुने' उत्पीडनविहिन नयाँ कोलम्बियाको सपना वास्तवमा त्यहाँ साह्रै नै लोकप्रिय भएको थियो । यसले सो वार्ता क्षेत्रमा कोलम्बियाभरिका हजारौंहजार मजदूर, किसान, आदिवासी, महिला र काला जातिका मासिहरूलाई बोलाएर सरकार र विश्वसमक्ष आआफ्ना मागहरू प्रस्तुत गर्ने–गराउने लोकतान्त्रिक प्रक्रिया थालनी गरेको थियो । 'नागरिक सुनुवाइ'को यस प्रक्रिया र पद्धतिले आमजनता र वार्ताकारहरूबीच घनिष्ठता र ऐक्यबद्धता बढाएका थिए र शान्तिवार्तामाथि जनहस्तक्षेपको श्रृंखलालाई व्यापक पारेका थिए । त्यसैले 'ह्यूमन राइट्स वाच'को टिप्पणीअनुसार कोलम्बियामा सरकारका लागि सशस्त्र संघर्षभन्दा डरलाग्दो सावित भएको छ– शान्तिपूर्ण राजनीतिक सहभागिता !

तीन वर्षको वार्ताको अवधिमा दुईवटा प्रवृत्ति स्पष्ट रूपमा देखिएका थिए । एउटा, शान्तिवार्तालाई भावी भीषण युद्धको तम्तयारीका लागि दुरूपयोग गर्ने सरकारी प्रवृत्ति । अर्को, शान्तिवार्तालाई नयाँ कोलम्बिया निर्माणको सपना छर्ने र वार्तामाथिको जनहस्तक्षेपलाई व्यापक पारी जनतालाई सशक्त पार्ने वामपन्थी प्रवृत्ति ।

## सरकारी छलकपट र छापामारहरूको कौशल

शान्तिवार्ताप्रति सरकारको अप्रतिबद्धता र कुनियत, एफएआरसीको प्रतिबद्धता र सुनियतबीचको अन्तर्विरोधलाई सरकारले तब अत्यन्त नराम्रोसँग चर्काएको थियो, जब अमेरिकी नीति–निर्देशन, प्रशिक्षण र सहयोगको फलस्वरूप आफ्नो भीषण युद्धको सैन्य तम्तयारी पूरा भएको महसूस गरेको थियो । त्यसैले युद्धका लागि एकसेएक जायजजस्तो प्रतीत हुनेखालका निहुँहरू खोज्ने, विपक्षी छापामारहरूलाई उत्तेजित पार्ने, आक्रमणका लागि उस्काउने, सैन्य गतिविधि फैलाउने क्रम तीव्र पारिएको थियो । तापनि शुरूमा एफएआरसीले सबै आरोप, उत्तेजना र उक्साहटलाई निस्तेज पार्न कुटनीतिक समभदारी देखाएको थियो । प्रत्येक सरकारी आरोपहरूमाथि निस्पक्ष छानविनको प्रक्रिया थाल्ने र त्यसका निष्कर्षहरू जनसमक्ष सार्वजनिक गर्ने पद्धति थालेर सरकारी षडयन्त्र र कुटिल चालहरू पर्दाफास गर्ने तथा आफ्ना गल्ती–कमजोरीहरू सार्वजनिक रूपमै सकार्नेजस्ता उदाहरणीय काम गरेको थियो । यस्तो पद्धतिले



*एफएआरसीका महिला छापामार*

विश्वका धेरै न्यायप्रेमीहरूको समेत ध्यानाकर्षण गरेको थियो र सरकारलाई फेरि फेरि पनि वार्ताको टेबुलमा आउन बाध्य पारेको थियो ।

सरकार पनि कोलम्बियाली जनता र विश्वसमक्ष आफू शान्ति र संवादको विरोधीको रूपमा प्रस्तुत हुन चाहने कुरै भएन । जनमतबाट अलग्गिएर युद्ध गर्दा ठूलो घाटा हुने जोड–घटाउअन्तर्गत उसले पनि अन्तिम अवस्थासम्म वार्ताको टेबुल नछोड्ने बरू निहुँ खोजाइ, उक्साहट र उत्तेजनाकारी गतिविधि तेज पारिराख्ने कपटपूर्ण कार्यनीति लिएको थियो ।

सन् २००२ को जनवरीमा पास्त्राना सरकारले वार्ता अन्त्य भएको घोषणा गर्दा एफएआरसीले वार्ताको टेबुल छोडेर गएको र त्यसका छापामारहरूले एउटा हवाईजहाज र एकजना सिनेटरको अपहरण गरेको निहुँ थापेको थियो । अपहरणका दुर्घटनाहरू क्रियान्वयन गरी एफएआरसीद्वारा सरकारका लागि वार्ता भंग गर्न आवश्यक निहुँ प्रदान गरिएको पक्षमा सत्यता थियो । तर पनि एफएआरसीले वार्ताको टेबुल नै छोडेर गएकोचाहिँ थिएन, त्यसैले सरकारी दावी झूठले भरिपूर्ण थियो भन्ने तथ्य प्रमाणित भएको थियो ।

साँच्चै भन्ने होभने अनेकौं निहुँ थापेर आफ्नो भीषण युद्धलाई सही र औचित्यपूर्ण सावित गर्न खोजिरहेको सरकारले गरेको उक्साहट र उत्तेजनापूर्ण कार्यलाई अपहरणहरूको पृष्ठभूमिमा राखेर अध्ययन गर्नुपर्ने देखिन्छ । यहाँ ध्यान दिनुपर्ने पहिलो पक्ष हो– सन् २००१ को ११ सेप्टेम्बरमा अमेरिकामाथि आक्रमण भएपछि शुरू गरिएको 'आतंकवादविरोधी विश्वव्यापी युद्ध'को चर्को रापमा पास्त्राना सरकारले यस्ता उत्तेजनापूर्ण कार्य गर्नथालेको थियो भन्ने कुरा । यस्तै पृष्ठभूमिमा एफएआरसीका कमाण्डर–

इन-चीफ म्यानुयल मारूलाँदाले सन् २००१ को नोभेम्बर ६ मै वार्ता भंग गर्न सरकारले उक्साहटपूर्ण सैन्य गतिविधिलाई तीव्र पारेको आरोप लगाउनुभएको थियो । उहाँले विशेषगरी वार्तास्थलका रूपमा छुट्याइएको असैनिकृत क्षेत्रमा समेत सरकारले सैनिक उडानहरू भर्न लगाउने, अर्द्धसैनिक हत्यारा दस्ताहरूलाई त्यहाँभित्र घुसाई जनतालाई दुःख दिन, पैसा असुल्न र हिंसात्मक कारवाही गर्न छूट दिने एवं सरकारी सेनामार्फत् घेराबन्दी र घुसपैठको प्रयास गर्न लगाउने कार्य गरी वार्ताविरोधी कार्य गरेको तथ्य प्रस्तुत गर्नुभएको थियो ।

सरकारले यस्ता आरोप र तथ्यहरूको खण्डन गर्नुको सट्टा थप उक्साहटपूर्ण कार्य जारी राखेको थियो, जसले एफएआरसीलाई अपहरणका दुर्घटनाहरू गर्न उत्तेजित तुल्याएको थियो । कार्य र कारणबीचको यो अन्तरसम्बन्ध हेर्दा वार्ताको टेबुलबाट एफएआरसी भागेको देखिँदैन, भाग्नलाई उत्प्रेरित गरिएको र आफूलाई अनुकूल हुने खालको निहुँ प्राप्त गर्न उसलाई उक्साइएको थियो भन्ने तथ्य स्पष्ट रूपमा देखिन्छ । र, त्यही उक्साहटमा फँसेको एफएआरसीको टाउकोमाथि सम्पूर्ण दोष थोपर्ने सरकार स्वयंले यथार्थमा वार्ता भंग गरेको देखिन्छ । यसै सन्दर्भमा एफएआरसीका प्रवक्ता राउल रेयसले खुलस्तै भनेका थिए- 'वार्ताको टेबुलमा फर्कनुपर्ने पक्ष भनेको सरकार हो, एफएआरसी होइन ।'

## युद्धमा सरकार र छापामारहरूको रणनीति


आफ्नो गुरूयोजनाअनुसार निहुँ खोज्ने र वार्ता भंग गर्ने मौका पाएपछि पास्त्राना सरकारले सबैभन्दा पहिले त्यही असैनिकृत क्षेत्र कब्जा गर्न १३ हजार सैनिकहरूका साथ भीषण आक्रमण गरेको थियो, जहाँ एफएआरसीका वार्ताकार र नेतृत्वपंक्ति रहेका थिए । एसोसियटेड प्रेसको रिपोर्टअनुसार, सो क्षेत्रनजिकै रहेको लारान्डिया सरकारी सैनिक अखडामा रहेका अमेरिकी सैनिकहरू आक्रमणमा प्रत्यक्ष रूपमा संलग्न रहेका थिए । र, तिनीहरूसँगै परिचालित थिए- दक्षिणपन्थी अर्द्धसैनिक हत्यारा दस्ताहरू ।



*नयाँ सैन्यवादी राष्ट्रपति अल्भारो उरिबे*

आक्रमण भएको २४ घण्टाभित्रै सेनाले २०० देखि २५० कि.ग्रा. बराबरका बमहरू ८५ वटा निसानाहरूमा प्रहार गरेका थिए । स्थल सैनिकहरूले शहर र गाउँहरूमाथि कब्जा जमाउन आक्रमण गरेका थिए । र, त्यहाँ रहेका एफएआरसी समर्थक मानिसहरूको नाम सूचीबद्ध गरी छानिछानिकन हत्या गर्नथालेका थिए ।

आक्रमणको शुरूवातमा कोलम्बियाली सैनिकहरूले छापामारहरूलाई कुनै क्षति पुऱ्याउन सफल भएको देखिँदैन । जथाभावी रूपमा गरिएका बम वर्षाको फलस्वरूप शुरूकै दिन २ वर्षका बालक र १५ वर्षकी छोरीका साथ एक किसानको हत्या भएको थियो, जुन क्रम गाउँ गाउँमा झन्झन् बढ्दो छ । त्यस्तै शहरहरूमा प्रहरीले वामपन्थी विचार बोक्ने व्यक्तिहरूको धरपकडलाई व्यापक पारिएको थियो । र, ती सबैलाई एफएआरसीलाई समर्थन गरेको आरोप लगाइएको थियो । छापामारहरू भेट्टाउन नसकिएपछि उनीहरूका समर्थकहरूलाई सखाप पार्ने क्रममा खोजतलास गर्ने र भेट्टिनासाथ तातो गोली ख्वाउने अभियान नै चलाइएको थियो ।



*अर्द्धसैनिक हत्यारा दस्ताका नायकहरू*

गाउँ गाउँमा सल्काइएको युद्धको आगोबाट प्रत्येक शहर र राजधानी बोगोटासमेत अछूतो रहेको देखिँदैन । सरकारले कोलम्बियाका प्रमुख शहरहरूमा हजारौं सैनिकहरू तैनाथ रहने घोषणा गर्दै बोगोटामा ट्यांकद्वारा गस्तीको क्रम व्यापक पारेको थियो । स्मरणीय छ, एफएआरसीका ७० वटा राजनीतिक-सैनिक मञ्च र मोर्चाहरू देशभरि फैलिएका छन् र शहरका गरीब बस्तीहरूमा यिनीहरू देखिनेगरी फैलिएर रहेका छन् । तीनवर्षको शान्तिवार्ताको कालमा यसले 'बोलिभारियन मुभमेन्ट फर अ न्यू कोलम्बिया' नामक विशाल जनमोर्चाको निर्माण र विस्तार गरेको थियो । भूमिगत रूपमा विस्तार गरिएको यस जनमोर्चाका नागरिक राजनीतिक संरचनाहरू शहरहरूमा अत्याधिक केन्द्रित छन् ।

युद्ध क्षेत्रमा सेनाद्वारा पत्रकारहरूको प्रवेश निषेध गरिएको कारणले हत्या-हिंसा र क्षतिको सही विवरण प्रकाशमा आएको पाइँदैन । 'क्याथोलिक रिलिफ सर्भिसेज'ले एकजना पूजारीलाई उद्धृत गर्दै पुतामायो प्रान्तबाट पठाएको रिपोर्टमा मार्च २२, २००२ सम्ममा ३० जना सामान्यजनलाई बेपत्ता पारिएको वा हत्या गरिएको थियो । युद्धको क्रममा पुलपुलेसाहरू नष्ट गरिएका एवं बाटाहरू बन्द गरिएका कारणले देशका अन्य भूभागसँग युद्धग्रस्त दक्षिणी कोलम्बियाको सम्बन्ध विच्छेद हुनगएको थियो । सरकारी सेना, राष्ट्रिय प्रहरी र अर्द्धसैनिक दस्ताको प्रवेशपछि त्यस क्षेत्रमा भयावह वातावरण छाएको थियो । सरकारी सेनाद्वारा विपक्षीहरूको निर्ममतापूर्वक सफाया गरिएको थियो । र, अन्ततः सैनिक आक्रमणको कारणले ग्रामीण कोलम्बियालीहरू भोकमरीले ग्रस्त हुनथालेका थिए ।

## ईँटाको जवाफ पत्थर

सरकारले शान्तिवार्ता भंग भएको घोषणा गरेको लगत्तै एफएआरसीले कोलम्बियाली सरकार र अल्पतन्त्रमाथि शान्तिवार्ता भंग गरेको आरोप लगाएको थियो । २००१ को जनवरी २० सम्मका लागि घोषित असैनिकृत क्षेत्रको अवधारणालाई रछ्यानमा फ्याँकेको आरोप लगाउँदै यसले वार्तामार्फत् युद्ध हुनुका सामाजिक, राजनैतिक र आर्थिक कारणहरूको शान्तिपूर्ण हल खोज्ने प्रयासलाई बन्द गरेको तथा ४ करोड गरीब, उत्पीडित कोलम्बियाली जनताको हित र स्वार्थलाईभन्दा केही मुट्ठीभर अभिजात उत्पीडकहरूको अल्पतन्त्रको निहित स्वार्थलाई पुनः एकपटक सर्वोपरि राखेकोमा कडा प्रतिक्रिया व्यक्त गरेको थियो ।

एफएआरसीले वक्तव्यमा भनेको थियो- फेरि एक पटक सदाबहार युद्धवादीहरूले सामाजिक न्यायसहितको शान्तिका संभावनाहरूको खोजीको क्रममाथि नाकाबन्दी लगाई देश र जनतालाई युद्धतिर धकेलेका छन् । तर हामी यो संभावनाको खोजीका लागि वार्ताको ढोका कहिल्यै बन्द गर्दैनौं एवं राष्ट्र र विश्वसमक्ष के घोषणा गर्दछौं भने हामी मातृभूमिको पुनर्निर्माण र राष्ट्रवासीहरूको मुक्तिका लागि कोलम्बियामा संघर्षका सबै रूपहरू अपनाउन कदापि पछि हट्ने छैनौं, चाहे त्यो

सशस्त्र संघर्ष होस् या वार्ताको टेबुलको कुटनीतिक संघर्ष होस् वा सडकका प्रदर्शनहरू नै किन नहोऊन् ! हामी सम्पूर्ण कोलम्बियाली जनतालाई आफ्नो देशको आर्थिक, राजनैतिक र सामाजिक रूपान्तरणको संघर्षमा सचेत संगठित र संघर्षशील ढंगले विजय प्राप्त गर्नका लागि अग्रसर हुन आह्वान गर्दछौं ।

वक्तव्यसँगै यसले सैनिक, प्रहरी र अर्द्धसैनिक *दस्ताका अखडाहरूमाथि* भीषण प्रत्याक्रमणद्वारा युद्धविराम भंग गरी युद्धघोष गर्ने सरकारलाई कडा जवाफ दिएको थियो । प्रत्याक्रमणको क्रममा यसले इएलएनसँग सहकार्य गरी सेना र अर्द्धसैनिक दस्तालाई धपाउने अभियान चलाएको थियो । गत जून ३ मा एएनएनसीओएल नामक समाचार एजेन्सीले पठाएको एउटा समाचारलाई उदाहरणको रूपमा लिने हो भने युद्ध भीषण रूपमा चर्किएको छ र सरकारी सेना र अर्द्धसैनिक दस्ताले ठाउँ ठाउँमा पराजय भोग्नुपरिरहेको छ । एफएआरसी र इएलएनको संयुक्त छापामार कारवाहीको क्रममा सेना र अर्द्धसैनिक दस्ता दक्षिण बोलिभार प्रान्तबाट पछि हट्नु परेको थियो । स्मरणीय छ, पहिले इएलएनको नियन्त्रणमा रहेको सो प्रान्तमाथि सेनाले कब्जामा लिइराखेको थियो ।

## नयाँ राष्ट्रपति : युद्धको नयाँ चरण

वास्तवमा ७ अगस्ट, २००२ मा नयाँ राष्ट्रपतिका रूपमा अल्भारो उरिबे भेलेज सत्तासीन भएपछि त्यहाँको युद्ध पनि नयाँ चरणमा प्रवेश गरेको थियो । युद्धलाई अझ बेसी हिंसात्मक, अरू बेसी बर्बर स्तरमा पुऱ्याउन नयाँ राष्ट्रपति उरिबेको योगदानलाई कम आँक्न मिल्दैन, जो एफएआरसी लगायतका वामपन्थी छापामारहरूसँगको शान्तिवार्ताविरोधी विचार र व्यवहारकै परिणामस्वरूप राष्ट्रपति पदमा विजयी भएका थिए । निर्वाचनपूर्व देखि नै गृहयुद्धमा अर्द्धसैनिक हत्यारा दस्तासँग सेनाको सहकार्य गर्नुपर्ने र विदेशी सेना, विशेषतः अमेरिकी सेनाको हस्तक्षेपलाई आमन्त्रण गर्नुपर्ने पक्षमा वकालत गर्दै आएका उरिबेले निर्वाचित भएर पदभार ग्रहण गर्नुभन्दा अगावै गृहयुद्धलाई हरतरहले तीव्र पार्न सहयोग गरेका थिए ।

७ अगस्टका दिन २० हजार सैनिक र प्रहरीको कडा पहरा र अमेरिकाद्वारा सप्लाई गरिएका राडार जेट र हेलिकोप्टरहरूको आकाशे गस्तीका बीच उरिबेले पदभार ग्रहण गरेको बेला राष्ट्रपति भवन र समारोह वरिपरि व्यापक रूपमा मोर्टारद्वारा आक्रमण गरिएको थियो । राजधानी बोगोटामा सम्पन्न उनको सत्तारोहण समारोहमै एफएआरसीका छापामारहरूले उन्नाइसवटा १२० एमएमका मोर्टारहरूले आक्रमण गरी उनका सैन्यवादी एजेण्डाहरूमाथि तुषारापात गर्ने प्रयास गरेका थिए ।

अमेरिकी सरकार र कोलम्बियाली पूँजीपति वर्गका प्रियपात्र उरिबे राष्ट्रपति भएपछि उनको सैन्यवाद झन्झन् विस्तृत र गहन हुनथालेका थियो । राष्ट्रपति भएको केही दिनपछि नै उनले १२ अगस्टमा तीन महिने 'अशान्तिको अवस्था' (state of unrest) गरेर संकटकालीन सैनिक शासन चलाउने र आफूलाई हुकुम र अध्यादेशमार्फत् शासन गर्ने अधिकार लिएका थिए । यही अधिकारको भरमा उनले जारी गरेको पहिलो अध्यादेश थियो– पुनर्निर्माण र सुदृढीकरणको क्षेत्रसम्बन्धी अध्यादेश । यसै अध्यादेशअन्तर्गत स्थानीय जननिर्वाचित सरकारलाई विस्थापित गरी प्रत्यक्ष सैनिक शासन चलाउने र सेनालाई विनावारेन्ट खानतलासी गर्ने, गिरफ्तार गर्ने र मार्ने हदसम्मको अधिकार दिइएको छ । र, यस्तै अर्को अध्यादेशअन्तर्गत राष्ट्रको बजेटको विशाल मात्रा सैन्य खर्चका लागि छुट्याउने, सबै पब्लिक क्षेत्रका कर्मचारीहरूको तलबमा ३० प्रतिशत घटाउने, ओभरटाइमको रकम घटाउने र अवकाश पाउने समय लम्ब्याउने, मजदूर, किसान, मानव अधिकार कार्यकर्ता र अन्य नागरिक संघ–संस्थाहरूको अधिकार कटौती गर्ने तथा देशी–विदेशी पूँजीपति वर्गका नाफाको स्वार्थलाई सर्वोपरि राख्ने काम हुनथालेको छ ।

वैधानिक रूपमा निर्वाचित राष्ट्रपति उरिबेको सैनिक शासनका जनविरोधी दुष्कर्महरूको श्रृंखला सरकारी उद्योग व्यवसायको निजीकरण, मजदूरहरूको व्यापक कटौती र उनीहरूका नेताहरूको हत्या वा निर्वासनको रूपमा विस्तार भइरहेको छ । यसका विरूद्ध संकटकालीन सैनिक शासनलाई समेत चिर्दै लाखौंलाख मजदूरहरूको जुझारू संघर्ष तथा किसान, आदिवासी र अफ्रो-कोलम्बियालीहरूको वीरतापूर्ण लडाइँहरू पनि व्यापक मात्रामा बढ्दो छ ।

## अमेरिकी सेनाद्वारा आक्रमण

११ सेप्टेम्बर, २००१ पछि अमेरिकाले शुरू गरेको आतंकवादविरोधी विश्वव्यापी युद्धलाई कोलम्बियासम्म विस्तार गर्ने क्रम जति बढ्दो छ, त्यति नै बढ्दा छन्- आतंकवादीको सूचीमा राखिएका छापामार संगठनहरू एफएआरसी र इएलएनका सैन्य कारवाहीहरू पनि । अमेरिकी सरकारले छापामारहरूसँग भिड्न र तेलका पाइपलाइनहरूको सुरक्षा गर्नका लागि कोलम्बियाली सैनिकहरूलाई प्रशिक्षण दिने निहुँमा आफ्ना स्पेशल फोर्सका जवानहरू त्यहाँ उतार्ने र युद्धमा प्रत्यक्ष संलग्न गराउने काम थालेको छ । यसको प्रतिक्रियामा छापामारहरूले पनि आत्मघाती कारबमहरू विस्फोट गर्ने र सैन्य हेलिकोप्टरहरू नै खसाल्ने नयाँ खालका आक्रामक गतिविधिहरूमा तीव्रता ल्याएका छन् । सन् २००३ को जनवरी महिनाको दश दिनमा मात्रै थुप्रै शहरहरूमा रहेका सैनिक अखडा र चेकप्वाइन्टहरूमा कारबमद्वारा आक्रमण गरी धेरै नै सैनिकहरूलाई हताहत पारिएको छ । अमेरिकी सेनाको प्रवेश र युद्धमा संलग्नतासँगै छापामारहरूद्वारा कारबम विस्फोट गर्ने र युद्धका नयाँ कौशलहरू उपयोग गर्ने क्रमले अमेरिका र कोलम्बियाका सरकारहरूलाई अप्ठ्यारोमा पार्ने संकेत देखिएको छ ।

वर्ल्ड सोशलिष्ट वेभसाइटमा प्रसारित बिल भानको रिपोर्टअनुसार २००३ का फेब्रुअरी महिनासम्ममा त्यहाँ पाँचसयजना अमेरिकी सैनिक सल्लाहकारहरू पुगिसकेका छन् । र, कम्तीमा पनि तीनसय नागरिक सल्लाहकारहरू पनि त्यहाँ पुऱ्याइसकिएका छन्, जसमध्ये अधिकांश व्यक्तिहरू पहिलेका सैन्य अधिकारीहरू हुन् । त्यस्तै त्रियासीवटा अमेरिकी हेलिकोप्टरहरू पनि छापामारविरोधी सैन्य कारवाहीहरूमा प्रयोग गरिएका छन् । यसका साथै कति वटा अमेरिकी जासूसी विमानहरू र कति जना जासूसहरू त्यहाँ परिचालित छन् भन्ने तथ्य सार्वजनिक भएको छैन । तर एफएआरसीका छापामारहरूद्वारा १४ फेब्रुअरीमा बोगोटाबाट त्रेस इस्क्वेनासस्थित सैनिक अखडातिर उडिरहेको प्लेनलाई गोली प्रहार गरी खसालिएको र त्यसमा सवार अमेरिकी सैनिक, जासूस र हतियारका दलालहरूमध्ये केहीको मृत्यु भएको तथा धेरैलाई गिरफ्तार गरिएको घटनाले अमेरिकी गोप्यताहरूको पर्दाफास गर्नथालेको देखिन्छ ।

**सैनिक अखडातिर उडिरहेको प्लेनलाई गोली प्रहार गरी खसालिएको र त्यसमा सवार अमेरिकी सैनिक, जासूस र हतियारका दलालहरुमध्ये केहीको मृत्यु भएको घटनाले अमेरिकी गोप्यताहरुको पर्दाफास गर्नथालेको देखिन्छ ।**



*एफएआरसीका सर्वोच्च नेता म्यानुयल मारुलाँदा*

कोलम्बियाली गृहयुद्धमा अमेरिकी साम्राज्यवादको सैनिक हस्तक्षेप हुनथालेपछि युद्धले नयाँ अन्तराष्ट्रिय रूप लिएको छ । पहिले कोलम्बियाली सेना, अर्द्धसैनिक हत्यारा दस्तामार्फत युद्धरत अमेरिकाले कथित आतंकवादविरोधी विश्वव्यापी युद्धलाई कोलम्बियासम्म विस्तार गरेपछि त्यहाँका वामपन्थी छापामारहरूले पनि आफ्नो रणनीति र कार्यनीतिलाई परिमार्जन गर्नुपर्ने स्थिति आइसकेको छ । उनीहरूले पनि आफ्नो संघर्षलाई अमेरिकी साम्राज्यवादविरूद्ध विश्वभरि चलिरहेका विभिन्नथरीका जनसंघर्षहरूसँग ऐक्यबद्धता र सहकार्यसँगसँगै व्यापक र गहन पार्नुपर्ने दायित्व थपिएको छ । र, अरू देशका जनसंघर्षहरूको काँधमा पनि कोलम्बियाली जनसंघर्षसँग हातमालो गर्ने जिम्मेवारी र चुनौती थपिएका छन् ।

❑ राजेन्द्र महर्जन

यतिखेर विगतको
एउटा कालखण्डका
दश वर्षहरूलाई नियाल्नु
सान्दर्भिकै होला

# धोका र षडयन्त्रपूर्ण रह्यो ००७ देखि ०१७ सालसम्मको इतिहास

- मुक्ता श्रेष्ठ

**राणा** शासनकालको १०४ वर्ष नेपालको राजनीति एक किसिमले धोका, षडयन्त्र र हत्याको राजनीति रह्यो । जंगबहादुरले कोतपर्व, भण्डारखालपर्व र अलौपर्वजस्ता हत्याकाण्डहरू रचेर नै राणा शासनको स्थापना गरेका थिए । पाण्डे, बस्नेत तथा अन्य भारादारहरूको हत्यापछि नै राणा परिवारको हातमा सत्ता सीमित पार्न उनी सफल भएका थिए । तर राणा परिवारको हातमा सत्ता आएतापनि हत्याकाण्ड तथा षडयन्त्रहरू रोकिएनन् । सत्ताको लागि झन् राणाहरू आफ्नै दाजुभाइ, काका-भतिजाहरूको हत्या गर्न पनि पछि परेनन् । उनीहरूले सत्ताको लागि हत्या र षड्यन्त्र मात्र गरेनन्, जनअधिकारलाई समेत दमन गरे ।

यस्तो खालको राजनीति २००७ सालको आन्दोलनपछि समाप्त होला भन्ने कुरा जनताहरूले सोचेका थिए । यस्तो खालको राजनीति अन्त्य गर्नकै लागि ००७ सालमा नेपाली जनताले राणा शासनविरूद्ध त्यत्रो आन्दोलन गरेका थिए । त्यस आन्दोलनमा राजा त्रिभुवनले पनि साथ दिए । आन्दोलनमा राजा त्रिभुवनले साथ दिनुको उद्देश्य थियो- राणाहरूले शाह राजाहरूको हातबाट खोसेको सत्ता फेरि शाह वंशीय राजाकै हातमा फर्काउनु । नेपाली कांग्रेस तथा अन्य पार्टीहरूको उद्देश्य थियो- राजाको वैधानिक नायकत्वमा नेपालमा प्रजातन्त्रको स्थापना गर्नु ।

२००७ सालको आन्दोलनपछि नेपालमा राजाको वैधानिक नायकत्वमा प्रजातन्त्रको स्थापना भएको घोषणा पनि भयो । त्यसको घोषणा स्वयं राजा त्रिभुवनले गरेका थिए । तर यो शासन प्रणाली अन्तरिम शासन कालसम्म मात्रै कायम रह्यो । अन्तरिम मन्त्रिमण्डलको विघटन सँगसँगै राजाको वैधानिक नायकत्वको सवालले पनि विस्तारै बाटो बिराउन थाल्यो । जनतालाई अधिकारसम्पन्न बनाएर राष्ट्र निर्माणको काममा जनतालाई सहभागी गराउनुको सट्टा राज्यको सम्पूर्ण अधिकार आफ्नै हातमा सीमित राख्न राजाहरू प्रयत्नरत रहे ।

हुन त २००७ सालको प्रजातन्त्रको घोषणासँगै राजालाई शक्तिशाली बनाउने बीउ पनि रोपिइसकेको थियो । २००७ सालमा राजा, कांग्रेस र राणाहरूको बीचमा कुनै किसिमको



फोटो स्रोत : त्रिभुवन स्मृतिग्रन्थ

*श्री ५ त्रिभुवन भारतका प्रधानमन्त्रीसित नेहरुसँग दिल्ली विमानघाटमा*

लिखित सम्झौता नै भएको थिएन । सशस्त्र आन्दोलन चलिरहेकै बेला आन्दोलनकारीहरूसँग कुनै कुरा नहुँदै राजा त्रिभुवनले 'लडाइँ बन्द गर्नुपर्‍यो र मेरो अध्यक्षतामा राणा र कांग्रेस बसेर समस्या समाधान गर्नुपर्‍यो' भनेर अपील निकालेका थिए । त्यसपछि भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूको बोलाहटमा बी.पी. कोइराला, मातृकाप्रसाद कोइराला र सुवर्ण शमशेर दिल्ली गएका थिए । त्यसको लगत्तै विनासम्झौता नेपाली कांग्रेसले पनि आन्दोलन स्थगित गरिएको घोषणा गर्‍यो ।

उनीहरू त्यहाँ पुगेपछि पनि राजा र राणाहरूसँग उनीहरूको कुनै किसिमको औपचारिक कुराकानी भएन । जवाहरलाल नेहरूमार्फत् नै सबै कुराहरू तय भएका थिए । बी.पी.को भनाइबाट त्यो कुरा स्पष्ट हुन्छ- 'अब राजा फर्केर जाने, राजाले शाही घोषणा गर्ने, सरकार बन्ने, सरकारमा दुई समूह बस्ने, प्रधानमन्त्री राणाहरूको समूहबाट मोहन शमशेर रहने भन्ने कुरा हामीले थाहा पायौं ।' *(आत्मवृतान्त- बी.पी. कोइराला, जगदम्बा प्रकाशन, २०५५, पृष्ठ १४२)*

यो भनाइबाट के बुझिन्छ भने दिल्लीमा त खाली राजा फर्केर जाने र प्रजातन्त्रको घोषणा गर्ने, राणा र कांग्रेसबाट फलाना फलाना भएको एउटा अन्तरिम मन्त्रिमण्डल गठन गर्ने भन्ने एउटा मौखिक समझदारी मात्र भएको थियो ।

यसरी ००७ सालको आन्दोलनमा जनताको अधिकार कति हुने हो, त्यो अधिकार कहाँ कसरी लागु हुन्छ, राजा कुन स्थानमा बस्ने, राजाको अधिकार कति हुने हो, मन्त्रिमण्डलको अधिकार कति हुने हो भन्ने कुरामा कुनै किसिमको सम्झौता नै भएको थिएन । यो कुरा त्यतिबेला भारत सरकारसँग कुरा गर्न गएका विजय शमशेरका सहायक सरदार भीमबहादुर पाण्डेको यो भनाइबाट पनि स्पष्ट हुन्छ- '००७ सालको माघतिर श्री ५ सर्वोपरि नेतृत्वमा राणा सरकारका प्रतिनिधि, नेपाली कांग्रेसका नेता र भारत सरकारबीच छलफल भई दिल्ली संझौता भएको हो भन्ने धारणा नेपालीहरू धेरैको छ । वास्तवमा यस संझौताको जन्मदाता थियो- फगत भारत सरकार मात्र । *(नेपालमा प्रजातान्त्रिक आन्दोलन- डा. सूर्यमणि अधिकारी, पृष्ट- ११८)* यसरी कुनै पनि संझौता नगरिकनै नेपाली कांग्रेसले आन्दोलन स्थगित गरेको थियो । त्यतिबेला नेपाली कांग्रेसले गरेको यो एउटा ठूलो गल्ती थियो । त्यही गल्तीले गर्दा अन्तरिम मन्त्रिमण्डलको विघटनपछि राजा त्रिभुवनले आफ्नो हातमा एकपछि अर्को अधिकार थप्दै लगे र मन्त्रिमण्डललाई निकम्मा पार्दै लगे । यही क्रम राजा महेन्द्रले पनि जारी राखे ।

००७ सालको राजाको घोषणाअनुसार

जन-निर्वाचित संविधान सभाले संविधान नबनाएसम्मको लागि बनेको 'अन्तरिम शासन विधान २००७' पनि राजाको हातमै अधिकार सुम्पने खालको रह्यो । त्यो संविधानमा राज्यको नीति-निर्देशक सिद्धान्तहरूको किटान गरिएको थियो र नागरिकहरूका मौलिक हकहरू पनि स्पष्टसाथ उल्लेख गरिएका थिए । तर यसै विधानमा राष्ट्रको सर्वोच्च सेनापतिको पद राजालाई प्रदान गरियो र मन्त्रिमण्डलको गठन राजाको स्वविवेकबाट हुने, मन्त्रीहरू राजाप्रति उत्तरदायी हुनुपर्ने गरियो । यसले गर्दा कार्यकारिणीसम्बन्धी कार्यहरू गर्न र सम्वैधानिक अंगका प्रमुखहरू नियुक्ति गर्न मन्त्रिमण्डलको सल्लाह लिनुपर्ने कुरा विधानमा उल्लेख गरिएतापनि त्यसको कुनै अर्थ रहेन । यसरी यो विधानले राजालाई निरंकुश शासकको रूपमा स्थापित गरायो ।

यसै विधानको आधारमा अन्तरिम मन्त्रिमण्डलको विघटन सँगसँगै राज्यको सम्पूर्ण अधिकार राजाको हातमा सीमित हुनपुग्यो । त्यसपछि त राजा त्रिभुवनले संविधान सभाको चुनाव गराएर आफ्नो हातमा आइसकेको अधिकार जनतालाई दिने विचार नै त्यागे । अन्तरिम मन्त्रिमण्डलको विघटनपछि मन्त्रिमण्डलको गठन गर्ने अधिकारको दुरूपयोग गरेर राजा त्रिभुवनले सबैजसो पार्टीहरूको विरोध हुँदाहुँदै पनि कमजोर मनस्थितिका व्यक्ति मातृकाप्रसाद कोइरालालाई प्रधानमन्त्रीमा नियुक्त गरे । प्रधानमन्त्री भएपछि मातृकाले राजाको इच्छामुताबिक राजालाई नै शक्तिशाली बनाउने किसिमले काम गर्न थाले । उनको यो रवैयाको कांग्रेसले तीव्र रूपमा विरोध गर्न थाल्यो । त्यसैको फलस्वरूप मातृकाको सरकार विघटन पनि भयो । यो सरकारको विघटनले राजा त्रिभुवनलाई थप सत्र पारिहाल्यो ।

यसपछि राजा त्रिभुवनले परामर्शदातृ सरकारको गठन गरेर प्रत्यक्ष शासन चलाउन शुरू गरे । यही समयमा उनले विशेष परिस्थिति ऐन जारी गरेर सल्लाहकारहरूको नियुक्ति गर्ने, उनीहरूको अधिकार कर्तव्यको निर्धारण गर्ने, आवश्यकताअनुसार कानून बनाई लागु गर्ने तथा अध्यादेश जारी गर्ने अधिकार आफैंमा सीमित पारे । *(आत्मवृतान्त, पूर्ववत्, पृष्ठ-१३५)* यसका विरूद्धमा जताततैबाट विरोध हुनथाल्यो । नेपाली कांग्रेसले भूमिव्यवस्थामा सुधार गर्नुपर्ने माग राखेर किसान आन्दोलन चलायो । यो आन्दोलन नेपालका विभिन्न ठाउँहरूमा भयो । काठमाण्डौमा त हिंसात्मक उपायद्वारा सरकार पल्टाउने प्रयास पनि भयो । *(नेपालमा प्रजातान्त्रिक आन्दोलन पूर्ववत, पृष्ठ- १३४)* त्यसको एक महिनापछि राजा त्रिभुवनले यो सरकार विघटन गरेर मातृकाको नेतृत्वमा स्थापना गरिएको राष्ट्रिय प्रजा पार्टीको सरकार गठन गरे ।

दोस्रो चोटिको प्रधानमन्त्रीकालमा त सत्ता आफ्नै हातमा टिकाइराख्ने लोभमा उनले पहिलेभन्दा पनि तीव्र रूपमा राजाको हितमा काम गर्नथाले । उनको यो क्रियाकलापको लगातार विरोध गरिरहेकोले बी.पी.लाई नजरबन्दमा राखियो । तर सर्वोच्च अदालतले विधानको भावना विपरीत भएको ठहर गरी उनलाई थुनामुक्त गर्ने आदेश दियो । त्यसपछि अन्तरिम विधानलाई तेस्रो चोटि संशोधन गरेर पुनरावेदन सुन्ने, क्षमा प्रदान गर्ने वा सजायँ कम गर्ने अधिकार पनि राजामा निहित गरियो र न्यायालयको अधिकारलाई समेत सीमित पारियो । यसै संशोधनबाट अन्तरिम शासन विधानमा उल्लेख गरिएको- "श्री ५ महाराजधिराजबाट गरिबक्सने सभाको मतलब श्री ५ बाट मन्त्री या मन्त्रीहरूको सल्लाहबाट गरिबक्सने भन्ने सम्झनुपर्छ" भन्ने वाक्यलाई बदलेर "श्री ५ मा निहित कार्यकारिणी अधिकार श्री ५ स्वयं वा मन्त्रीहरू वा अन्य पदाधिकारीहरूमार्फत् प्रयोग हुनेछ" भन्ने वाक्य राखियो र सम्पूर्ण कार्यकारिणी अधिकार पनि राजाको हातमा नै केन्द्रित गरियो । *(नेपालमा प्रजातान्त्रिक आन्दोलन पूर्ववत, पृष्ठ- १३७)*

न्यायालयको अधिकारलाई सीमित पारेको कुरामा चारैतिरबाट विरोध हुनथाल्यो । यो कुरालाई लिएर २०१० साल, माघ ७ गते राजा त्रिभुनवले जनताको नाममा एउटा घोषणा गरेर राज्यको सम्पूर्ण अधिकार आफ्नै हातमा रहेको कुरा स्पष्ट पारे- "अन्तरनिहित राजकीय सत्ता वा शाही विशेषाधिकारद्वारा कार्यकारिणी, व्यवस्थापिका र न्यायसम्बन्धी सर्वोच्च अधिकार राजामा नै रहने हाम्रा महान पुर्खाहरूको पालादेखि नै चलिआएको हाम्रो मुलुकको परम्परा र प्रथा हो । हाम्रा विशिष्ट पुर्खाहरूद्वारा सुम्पिएको अख्तियारअनुसार सो अधिकार केही समयको लागि उहाँहरूका प्रधानमन्त्रीद्वारा प्रयोग गरिएको थियो । फागुन ७, २००७ को हाम्रो घोषणाद्वारा सो अख्तियारी झिकिएको हुनाले अब सबै क्षेत्रको सर्वोच्च अधिकार केवल हामीमा नै छ ।" *(नेपालको राजनैतिक दर्पण- गृष्मबहादुर देवकोटा, तृतीय संस्करण २०५८, पृष्ठ २४१)*

यसरी राजा त्रिभुवनले आफैंले घोषणा गरेको आफू सम्वैधानिक राजा भएर बस्ने र संविधान सभाको चुनाव गराएर जनतालाई सत्ता सुम्पने प्रतिज्ञा आफैंले उल्लंघन गरे । र, एकपछि अर्को, मन्त्रिमण्डल गठन गर्दै विघटन गर्दै, संविधान सभाको चुनाव गराउने कामलाई उनले टार्दै लगे । एकपछि अर्को गर्दै सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर एउटा निरंकुश राजा बन्ने प्रयत्न गरेर जनता र पार्टीलाई पूरै छाँयामा पार्न उनी सफल भए ।

राजा त्रिभुवनको मृत्युपछि त बाबुभन्दा एक कदम अगाडि बढे- राजा महेन्द्र । युवराजकालमै २०११ साल, फागुन ७ गते दिएको उनको सन्देशबाट प्रजातन्त्रप्रतिको उनको रवैया के रहेछ भन्ने कुरा बुझ्न सकिन्छ- "आज देशमा प्रजातन्त्र आएको पूरा ४ वर्ष भयो । तर ४ वटामात्र पनि यो यो काम भयो भन्नु परेमा हामीले खोज्नुपर्छ । एउटा सरमको कुरा छ । प्रजातन्त्र बालकै छ भनुं भने बालक कालमा रहनै नसक्ने गुणहरू स्वार्थ, लोभ, इर्स्या यसमा देखिन्छ । यतिन्जेल हुर्क्यो भनुं भने यतिन्जेल फस्टाएको कहींकतै देखिँदैन ।" *(नेपालको राजनैतिक दर्पण, पूर्ववत् पृष्ठ-२८१)*

युवराज महेन्द्रको यो सन्देशबाट स्पष्ट हुन्छ कि उनी प्रजातन्त्रको गला घोटेर आफैंले प्रत्यक्ष शासन चलाउन चाहन्थे । साँच्चै नै उनले आफू राजा भएपछि त्यस्तै गरे । उनी कहिल्यै पनि सम्वैधानिक राजा भएर बस्न रूचाएनन् । उनको रवैया पहिल्यैदेखि नै निरंकुश शासक बनेर बस्ने नै रह्यो । यसको लागि उनले युवराजकालदेखि नै नियोजित कदम चाल्न शुरू गरेका थिए । संविधान सभाको चुनाव गराउने कुरामा उनको प्रतिबद्धता नै रहेन ।




*श्री ५ त्रिभुवन दिल्ली प्रवासबाट स्वदेश फर्कँदा गौचर विमानस्थलमा तत्कालीन प्रधानमन्त्री मोहन शमशेर र भारतीय राजदूत चन्द्रेश्वर नारायण सिंहका साथमा*

*००७ सालको आन्दोलन वास्तवमा पुष्पलाल श्रेष्ठले भनेजस्तै श्री ३ को हातबाट सत्ता खोसेर श्री ५ को हातमा दिनको लागि भएको जस्तै भयो । त्यो आन्दोलनले राजालाई नै शक्तिशाली बनायो । खासमा जनताहरूले कुनै अधिकार पाएनन् ।*

त्यसको चुनाव नगराउनको लागि उनले अनेक तिकडम रचे । र, 'फुटाऊ र शासन गर' भन्ने नीति उनले अवलम्बन गरे ।

यही नीतिअन्तर्गत उनले विभिन्न नेताहरूलाई लोभ-लालच देखाएर आफ्नो पक्षमा ल्याउन थाले र कुनै जनआधार नभएका नेताहरूलाई प्रधानमन्त्री बनाउन थाले । बाबुले जस्तै उनले पनि कुनै पनि मन्त्रिमण्डललाई निर्धक्कसाथ काम गर्ने अवसर दिएनन् । 'मन्त्रिमण्डल गठन गऱ्यो, त्यसबाट आफ्नो अभिष्ट पूरा भएपछि विघटन गऱ्यो' गरिरहे उनले । जस्तो 'टंकप्रसाद आचार्यलाई प्रधानमन्त्री बनाएपछि राजाले भन्दा अगाडि उनले संविधान सभाको चुनाव नगर्ने, संसदको चुनाव गर्ने र राजामा नै देशको प्रभुसत्ता रहने कुरा बोले । त्यसपछि उनको मन्त्रिमण्डल विघटन गरियो, मानौं यति कुरा भनाउन उनलाई प्रधानमन्त्री बनाइएको थियो । त्यस्तै गरेर, राजा महेन्द्रले चीनमा शरण लिइरहेका डा.के.आई. सिंहलाई बोलाएर प्रधानमन्त्री बनाए । उनी पनि संविधान सभाको विरोधी र राजाको हातमा प्रभुसत्ता हुनुपर्छ भन्ने पक्षमा रहे । उनको मन्त्रिमण्डल पनि ३ महिनाभन्दा बढी टिक्न सकेन ।

यसरी मन्त्रिमण्डल गठन गर्दै, विघटन गर्दै जानुको उद्देश्य संविधान सभाको चुनावलाई टार्दै जानु र कुनै पनि नागरिक सरकार काम गर्न सक्षम छैन भन्ने प्रभाव जनतामा पार्नु रहेको देखिन्छ । त्यस्तै गरेर, उनले नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीका सदस्य तथा नेताहरूलाई र साना साना पार्टीहरूलाई पनि विभिन्न लोभ लालच देखाएर आफ्नो पक्षमा मिलाउन थाले । बेला बेलामा देश भ्रमणको कार्यक्रम बनाएर नेपालका विभिन्न ठाउँहरूमा जान थाले । संसदीय प्रजातन्त्रलाई जनताबाटै पन्छाउन लगाउने उनको योजना थियो । त्यसैले भ्रमणको समयमा उनले त्यस्ता कार्यकर्ताहरू बनाउन सकिने खालका मानिसहरूलाई समेट्दै लान थाले । *(जेलबाट बाहिर ४० वर्ष -खड्गमान सिंह, पहिलो संस्करण-२०४८, पृष्ठ १०१)*

यस किसिमले विभिन्न जालसाजी गरेर आफूले सकेजति नेताहरूलाई आफ्नो पक्षमा ल्याइसकेपछि र देशको राजनैतिक वातावरण आफ्नो अनुकूल भएको ठानेपछि मात्र उनले चुनावको घोषणा गरे । चुनावको घोषणा पनि २०१४ सालमा संविधान सभाको चुनावको माग लिएर प्रजातान्त्रिक मोर्चाले भद्रअवज्ञा आन्दोलन गरिरहेको बेलामा गरियो । चुनावको घोषणा पनि यति चलाखीपूर्वक गरियो कि त्यो घोषणा संविधान सभाको हो वा संसदको हो भन्ने कुरा उल्लेख नै भएन । चुनावको घोषणा भएपछि प्रजातान्त्रिक मोर्चाले पनि केको चुनाव गर्ने हो भन्ने कुरा नबुझिकन नै आन्दोलन स्थगित गऱ्यो । त्यसैको फाइदा उठाएर राजा महेन्द्रले पछि मात्रै संसदको चुनाव गर्ने घोषणा गरे ।

चुनावको घोषणा गरेपछि राजा महेन्द्रले संविधान पनि आफ्नै अनुकूल बनाउन लगाए । आफ्नो अधिकार सुरक्षित नभएसम्म उनले संविधान स्वीकृत नै गरेनन् । आफूले चाहेजस्तै राजाको हातमा अधिकतम अधिकार दिएपछि मात्रै उनले 'नेपाल अधिराज्यको संविधान २०१५'को घोषणा गरे । त्यो संविधान पनि चुनाव हुनुभन्दा १ हप्ताअघि मात्र, जुन बेला सबै पार्टीहरू चुनाव प्रचार प्रसारमा व्यस्त थिए, घोषणा गरियो ।

जेहोस् चुनाव तोकिएकै दिन शुरू भयो । राजाले पनि थुप्रै ठाउँमा आफ्ना मान्छेहरूलाई चुनावमा उठाए । नेपाली कांग्रेसपछिको सबभन्दा बढी उम्मेदवार राजाकै थिए । तर यो चुनावमा नेपाली कांग्रेसले नै अत्यधिक बहुमत ल्याएर विजय प्राप्त गऱ्यो । चुनाव भइसकेपछि पनि राजा महेन्द्रले तिकडम गर्न छोडेनन् । चुनाव सम्पन्न हुनेबित्तिकै मन्त्रिमण्डल बहुमत प्राप्त गरेको पार्टीलाई गठन गर्न दिनुपर्नेमा चुनाव सकिएको डेढ महिनासम्म पनि मन्त्रिमण्डलको गठन गर्न दिइएन । यसैबीच उनले सैनिक ऐन बनाए । त्यस सैनिक ऐनमा सेना संसदको नियन्त्रणभन्दा बाहिर रहने व्यवस्था गरियो । यो ऐनमा लालमोहर लगाइसकेपछि मात्र कांग्रेसलाई मन्त्रिमण्डल गठन गर्न बोलाइयो । *(आत्मवृतान्त, पूर्ववत्, पृष्ठ-२१२)*

यो संविधानको भावना विपरीतको कुरा भयो । त्यस्तै गरेर, उनले महासभामा राजाले मनोनित गर्नुपर्ने १८ जना सदस्यको मनोनित गर्दा पनि संविधानको भावना विपरीत नै गरे । प्रधानमन्त्रीको सल्लाहमा महासभाका सदस्यहरू मनोनित गर्नुपर्नेमा उनले प्रधानमन्त्रीको सल्लाहको अपेहलना गरेर आफ्नो पक्षका सरकारविरोधी व्यक्तिहरूलाई मनोनित गरे । यसको उद्देश्य सरकारलाई अप्ठ्यारोमा पार्ने रहेको देखिन्छ ।

त्यसपछि पनि राजा महेन्द्र चूप लागेर बसेनन् । मन्त्रिमण्डल तथा नेपाली कांग्रेसका सदस्यहरूलाई आफ्नो पक्षमा ल्याउन उनले हरदम कोशिस गरिनै रहे । उनले बेलाबेलामा मन्त्रीहरूलाई व्यक्तिगत रूपमा चिया खान बोलाउन थाले । चिया पनि रानीले नै तयार गरेर बाँडिन्थ्यो । यसबाट मन्त्रीहरूमा मनोवैज्ञानिक असर पर्ने संभावना देखेर प्रधानमन्त्री वी.पी.ले मन्त्रीहरूलाई प्रधानमन्त्रीको स्वीकृतिविना राजासँग भेट्न नपाइने परिपाटी बसाल्न थालेका थिए । यसमा राजा र वी.पी.को बीचमा बहस पनि भयो । *(आत्मवृतान्त, पूर्ववत्, पृष्ठ-२२७)* यसपछि पनि राजाले मन्त्रीहरूलाई आफ्नो पक्षमा ल्याउने काम जारी नै राखे । उदाहरणको रूपमा तुलसी गिरीलाई लिन सकिन्छ । भनिन्छ, राजा महेन्द्रले २०१७ सालमा संसद विघटन गरेर सत्ता आफ्नो हातमा लिंदा उनी राजासँग मिलेका थिए ।

यसरी ००७ सालको आन्दोलन वास्तवमा पुष्पलाल श्रेष्ठले भनेजस्तै श्री ३ को हातबाट सत्ता खोसेर श्री ५ को हातमा दिनको लागि भएको जस्तै भयो । त्यो आन्दोलनले राजालाई नै शक्तिशाली बनायो । खासमा जनताहरूले कुनै अधिकार पाएनन् । बोल्न र लेख्न पाएको सीमित अधिकार पनि २०१७ सालमा राजा महेन्द्रले खोसेर आफ्नै पोल्टामा राखे ।

यसो हुनुमा पार्टी र नेताहरूको पनि दोष देखिन्छ । त्यतिबेला ठूला पार्टीहरूको र त्यसका नेताहरूको सत्तालोलुपता, अपरिपक्वता तथा आपसी फुटलाई भरेङ्ग बनाएर राजाहरूले आफ्नो षडयन्त्र सफल पार्न सकेको देखिन्छ । अहिले समय धेरै बदलिसकेको छ । तर अहिले पनि उन्नत रूपमा २००७ साल देखि २०१७ सालसम्मकै घटनाहरूको पुनरावृत्ति भइरहेको देखिन्छ । अहिले पनि दरवारले पार्टी र नेताहरूको सत्तालोलुपता, अपरिपक्वता तथा आपसी फुटलाई भरेङ्ग बनाएर पुनः सत्ता प्राप्तीको खेल खेल्न सकिरहेको देखिन्छ । यो इतिहासबाट नेताहरूले पाठ कहिले सिक्ने ? ❑

फोटो स्रोत : नेपालको राजनीतिक दर्पण भाग १



श्री ५ महेन्द्र स्वदेशको भ्रमणमा

**राजा महेन्द्र बेला बेलामा देश भ्रमणको कार्यक्रम बनाएर नेपालका विभिन्न ठाउँहरूमा जान थाले ।**

यहाँ प्रस्तुत गरिएको रिपोर्ट त आङ्गै जिरिङ्ग हुने खालको थियो
- शान्ता श्रेष्ठ



# 'क्रान्तिकारी' महिलाहरुको जोश जाँगर देखेर म धेरै प्रभावित भएँ

**● तपाई अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को सम्मेलनमा भएका के के कुराहरूबाट प्रभावित हुनुभयो ?**

- त्यस सम्मेलनमा महिलाहरूको अनुशासन, आन्दोलनप्रतिको प्रतिवद्धता, समर्पण, जोश-जाँगर आदिबाट म ज्यादै प्रभावित भएँ । म पनि २००४ सालदेखि आन्दोलनमा लागेको र महिला संघको संस्थापक भएर महिलाहरूको हकहितको लागि काम गर्दै आएको मानिस हुँ । तर उनीहरूको जोश जाँगर तथा दुःख पीरको अगाडि म त केही पनि होइन र, मैले केही पनि गरेको रहेनछु जस्तो मलाई लाग्यो ।

अर्को कुरा, त्यस सम्मेलनमा जनयुद्धमा शहीद भएकाहरूलाई सम्मान गर्नको लागि झण्डै साँढे आठ हजार वटा प्रमाणपत्रहरू बनाएर ल्याइएका थिए । ती प्रमाणपत्र लिनको लागि त्यहाँ करिब ५०/६० जना महिलाहरू उपस्थित थिए । बाँकी अरू प्रमाणपत्र जिल्ला जिल्लामा पठाएर वितरण गर्ने उनीहरूको योजना रहेछ । त्यहाँ उपस्थित ती महिलाहरूमा धेरैजसोले लोग्ने गुमाएका थिए । उनीहरू सबै नै ३० वर्षमुनिका थिए र धेरैजसोको काखमा ६ महिना र १-२ वर्षका बच्चाहरू थिए । छोरा गुमाउने महिलाहरू पनि त्यहाँ उपस्थित थिए । उनीहरू ४० वर्षदेखि ७५-८० वर्षसम्मका थिए ।

**हालै अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को राष्ट्रिय सम्मेलन उद्घाटन गर्न सो सम्मेलनमा उपस्थित हुँदा शान्ता श्रेष्ठले गरेका अनुभवहरूमा आधारित कुराकानी**

त्यस्तै गरेर मैले त्यहाँ निक्कै दर्दनाक घटनाबाट पीडित महिलाहरूलाई पनि भेटें । एकजना दैलेखकी महिला थिइन् । उनी सुरक्षाकर्मीहरूबाट सामूहिक रूपले बलात्कृत भएर चितवनमा उपचार गर्न गइछन् । उपचारपछि घर फर्कदा त उनका श्रीमान सुरक्षाकर्मीको गोलीबाट मारिइसकेछन् । जाने ठाउँ कहीं पनि नभएपछि उनी अहिले त्यही पार्टीमा काम गर्दैछिन् । त्यस्तै, १३ वर्षकी एकजना केटी पनि त्यहाँ आएकी थिइन् । उनका पनि बाबुआमा, दाजु, दिदी, भाउजू सबै मारिएका रहेछन् । उनी पनि अहिले क्रान्तिकारी महिला संघमै छिन् ।

त्यहाँ प्रस्तुत गरिएको रिपोर्ट त आङ्गै जिरिङ्ग हुने खालको थियो । त्यस रिपोर्टअनुसार सुरक्षाकर्मीहरूबाट त परिवारका परिवार नै मारिएका रहेछन्, साना-साना बच्चाहरूलाई समेत बाँकी राखिएको थिएन । ३ वर्षको एउटा बच्चालाई त आगोमा फालेर मारिएको रहेछ । एकजना गर्भिणी महिलालाई पेट चिरेर पेटको बच्चा झिकेर मारिएको रहेछ । अरू थुप्रै परिवारको घरबार सबै आगो लगाई सखाप पारी दिएको रहेछ । त्यो कुरा सुन्दा त मेरो आँखाबाट आँशु नै झऱ्यो । यी सबै कुराहरू सुन्दा मलाई लाग्यो- अब यिनीहरूको जीवन कसरी बित्ला ? तर यस्तो भएर पनि उनीहरूमा निराशा र दुःखको भाव देखिँदैनथ्यो । उनीहरूमा अझै पनि देश र जनताको लागि लड्ने जोश र जाँगर थियो । 'हामी पीडित महिला र जनताको लागि लड्छौं र अधिकार लिएरै छाड्छौं' भन्ने उनीहरूको भनाइ थियो । उनीहरूको यो भाव देखेर म धेरै प्रभावित भएँ ।

**● त्यहाँ उपस्थित महिलाहरूको सैद्धान्तिक स्तर कस्तो पाउनुभयो ?**

- त्यहाँ उपस्थित धेरैजसो महिलाहरू त पहिले माओवादी नै रहेनछन् । जब सुरक्षाकर्मीहरूले साधारण मानिसहरूलाई पनि माओवादीको नाममा घरघरै गएर पक्रने, मार्ने, महिलाहरूमाथि बलात्कार गर्ने गर्न थाले, त्यसपछि नै उनीहरू बदला लिने उद्देश्यले माओवादी संगठनमा पसेका रहेछन् । मलाई के लाग्यो भने सरकारको अत्याचारले गर्दा नै माओवादी संगठनमा ज्यादा मान्छे पसेका रहेछन् र उनीहरूको संगठन बलियो र विस्तार हुँदै गएको रहेछ ।

उनीहरूको प्रतिवेदन, व्यवहार, अनुशासन, संगठनप्रतिको प्रतिवद्धता आदि देख्दा मलाई लाग्छ- उनीहरूले आफ्नो पार्टीको सिद्धान्त राम्ररी बुझेका छन् र संगठनप्रति उनीहरू प्रतिवद्ध छन् ।

**● वर्तमान नेपालको स्थितिबारे त्यहाँ उपस्थित महिलाहरूको भनाइ के छ ?**

- त्यहाँ मैले केही महिलाहरूसँग भेटेर कुराकानी गरें । देशको परिस्थितिबारे उनीहरूको भनाइ छ- नेपालमा अहिले विदेशी, विशेष गरेर अमेरिकी चलखेल बढिरहेको छ । अमेरिका माओवादीलाई सखाप पार्न चाहन्छ । नेपाल सरकारले समेत माओवादीमाथि लगाएको आतंकवादीको बिल्ला झिकिसकेपछि र वार्तामा आइसकेका माओवादीलाई अमेरिकाले आतंकवादी घोषणा गऱ्यो । यो उसको माओवादी र सरकारकोबीच वार्ता नगराउने चाल हो । अहिले नेपाल सरकार पनि अमेरिकाको आडमा वार्तालाई पन्छाएर माओवादीलाई दबाउने चाल चलिरहेको छ । अहिले वार्ता नहुनु भनेको देशले ठूलो नोक्सानी व्यहोर्नु हो । हामी त पार्टीले जे गर्छ, त्यसैमा समर्थन गर्छौं । पार्टीले वार्ता गर्छ भने हामी पनि वार्तामै हुन्छौं, सडक आन्दोलनमा पार्टी जान्छ भने हामी पनि त्यसैमा जान्छौं र युद्धमा जान्छ भने हामी पनि युद्धमा जान तयार नै छौं ।"

उनीहरूको यो भनाइबाट के बुझिन्छ भने अहिले वार्ता सफल भएन भने देशमा ठूलो युद्ध मच्चिन्छ । र देशमाथि अमेरिकाको प्रभुत्व कायम हुन्छ । त्यसैले म राजासँग पनि के भन्छु भने राजाले अमेरिकाको कुरा सुन्ने होइन, जनताको कुरा सुन्नुपऱ्यो । मैले राणा शासन, पंचायती शासन र बहुदलीय शासन पनि देखिसकेको छु । राणा शासन र पंचायती शासन जनइच्छालाई कदर नगरेकोले समाप्त भयो । यो १२ वर्षमा बहुदलीय व्यवस्थाका नेताहरूले पनि जन आवाजलाई वेवास्ता गरेकोले त्यसमा पनि खतरा उत्पन्न भयो ।

अहिले नेपालमा १ वर्षदेखि राजाले प्रत्यक्ष शासन चलाइरहेका छन् । यदि राजाले जनइच्छालाई कदर गरेनन् भने यी पनि जान्छन् । त्यसैले राजाले लिएको अधिकार जनतालाई दिएर आफू मर्यादित राजसंस्थाको रूपमा बस्नुपर्छ र छिटोभन्दा छिटो शान्तिवार्ता सफल पार्नुपर्छ ।

**● अरू महिला संघ र क्रान्तिकारी महिला संघको बीचमा तपाईंले के भिन्नता देख्नुभयो ?**

– मैले यो उमेरसम्ममा ५/७ वटा महिला संगठनहरू देखिसकेको छु । ती महिला संगठनहरू र अहिलेको क्रान्तिकारी महिला संघको बीचमा मैले धेरै भिन्नता देखें । अरू महिला संघका धेरैजसो महिलाहरू आफ्नो प्रगतिको लागि र श्रीमानहरूलाई चुनावमा जिताएर कसरी मन्त्री बनाउने भन्ने काममा बढी तल्लिन भएको पाएं । तर क्रान्तिकारी महिला संघका महिलाहरू अरू संगठनका महिलाहरूभन्दा क्रान्तिप्रति बढी प्रतिवद्ध, इमान्दार र साहसी भएको मैले देखें ।

त्यस्तै, एउटा फरक कुरा मैले त्यहाँ के पनि देखें भने त्यस संगठनका महिलाहरूले जिल्ला जिल्लामा सामूहिक उत्पादनका कामहरू- जस्तो हाँस तथा कुखुरा पालन, गाई, बाख्रा पालन, सामूहिक खेती आदि गरेर आम्दानी गर्ने काम पनि गरिरहेका रहेछन् । यसरी महिलाहरूले उत्पादन गरेर जम्मा गरेको पैसा जनसेनालाई दिने र सुरक्षाकर्मीबाट मारिएका शहीदहरूका बालबच्चाहरूको पालन पोषणको लागि खर्च गर्ने गर्दा रहेछन् । त्यो कुरा मैले उनीहरूको प्रतिवेदनबाट थाहा पाएँ । यस्तो काम अरू महिला संगठनहरूले गरेको मैले सुनेको छैन ।

**● तपाईंले त्यहाँ सकारात्मक कुराहरू मात्र देख्नुभएको त पक्कै होइन होला । उनीहरूको नकारात्मक कुरा के देख्नुभयो ?**

– उनीहरूको रिपोर्ट सुन्दा मैले नकारात्मक कुरा के पाएं भने उनीहरूको प्रगति रिपोर्ट उनीहरूले काम गरिरहेको ठाउँमा समयमा नै नपुगेको र महिलाहरू विहा गरेर गएपछि उनीहरूको मनस्थितिमा परिवर्तन भएको तथा विहापछि संगठनमा निस्क्रिय हुँदै गएको कुरा देखें ।

❑ प्रस्तुति : मुक्ता श्रेष्ठ

# मलाई मेरो पौरखमा बाँच्न देऊ



लक्ष्मी माली

कृपया
भोक लाग्दा मलाई
सित्तैं खानेकुरा नदेऊ
रोगलाग्दा मलाई
सित्तैं औषधिमुलो नदेऊ
चिसो लाग्दा मलाई
सित्तैं कम्बल नओढाइदेऊ
कतै ! सित्तै लिने बानीले मलाई
माग्ने नबनाइदेऊ ।

सक्छौ भने बरु मलाई
मेरो हातमा हठौडा थमाइदेऊ
पहरा फुटाएर म
मेरो भोकको आगो निभाउन सकूँ ।

सक्छौ भने बरु मलाई
मेरो हातमा धनवन्तरी शास्त्र
समाउन देऊ
त्यसलाई सूत्रपात गरेर म
रोगको निदान गर्न सकूँ ।

मलाई गरीबीको रेखामाथि उठाउने हो भने
मेरो हातमा हंसिया भिराइदेऊ
खोला, खोल्साका सिमले बगरहरुमा
म बाँझा फाँटहरुमा बनमारा झार काट्न सकूँ,
जहाँ सुनका बालाहरु
झुलाउन सकूँ
जहाँ चाँदीका फूलहरु
फुलाउन सकूँ ।

बरु एउटा चर्खा उपहार देऊ मलाई
कपासलाई धागोमा परिणत गरेर
रातलाई तताउनका लागि
न्यानो कम्बल बनाउन
तानावाना बुन्न सकूँ ।

त्यसैले
ए ! हुनेखानेहरु हो,
सहयोगको नाममा मलाई
कुँजो नबनाइदेऊ
ए ! दाताहरु हो,
दयाको नाममा मलाई
बेकम्मा ठगाहा नबनाइदेऊ
मलाई माग्ने नबनाइदेऊ ।

सद्धे मेरा हातखुट्टाहरुलाई
लुलो नबनाइदेऊ
स्वस्थ जाँगरिलो मेरो मानसिकतालाई
अस्वस्थ अल्छी नबनाइदेऊ
मेरो पुर्खाका कुटा-कोदालाहरुमा
खिया परेको छैन
मेरो जाँतो, घट्टो अझै खिइएको छैन
मेरो तान, लटाई अझै भाँचिएको छैन ।

ऐ ! समाजसेवीहरु हो,
साँच्चै नै मलाई
गरीबीबाट मुक्त गर्न चाहन्छौ भने
मलाई मेरो दश नंग्रा खियाउन देऊ
मलाई मेरो भोकसँग संघर्ष गर्न देऊ
मलाई मेरो रोगसँग लड्न देऊ
मलाई मेरो पौरखमा बाँच्न देऊ ।
❑



# प्रतिभा पुरस्कारको मण्डलेकरण

यस वर्ष गरिएको पुरस्कारको घोषणाले पुरस्कारको गरिमा, महत्व र औचित्यलाई नै समाप्त पार्ने काम गरेको छ । जानी-जानी पुरस्कारको मण्डलेकरण गरिएको छ ।

अमर गिरी

यसपल्ट गरिएको राष्ट्रिय प्रतिभा पुरस्कारको घोषणाले यस पुरस्कार स्थापनाको उद्देश्यमाथि नै गम्भीर आघात पुगेको छ । २०५१ सालमा ने.क.पा. एमालेको सरकार बनेपछि शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयअन्तर्गत विशेषतः राजधानी बाहिरका साहित्य, कला एवं संस्कृतिका क्षेत्रमा साधनारत रही उल्लेखनीय योगदान पुऱ्याउने स्रष्टाहरुलाई सम्मान गर्ने उद्देश्यले यस पुरस्कारको स्थापना गरिएको थियो । यसैअनुरुप मुलुकभरका २५ जना स्रष्टाहरु यस पुरस्कारबाट सम्मानित भएका थिए । तत्कालीन सरकारको यस कार्यको सबैतिरबाट स्वागत एवं प्रशंसा गरिएको थियो । २०५२/५३ मा साहित्य, कला, संस्कृतिका अतिरिक्त पर्वतारोहण, विज्ञान, इतिहास, चलचित्रका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने प्रतिभाहरुलाई समेत सम्मान गर्ने गरी पुरस्कारको क्षेत्रलाई बढाइयो र ३० जना स्रष्टाहरुलाई सम्मानित गरियो ।

**सरकारी संचार माध्यमहरूले शरमछाडाहरूको तीन पुस्ता बखान गरे । लिनेहरूले कुरूपको यशोगान गरे । कुरूपले थाप्लामा हात राखेर आर्शीवाद दियो ।**

२०५३/५४ मा युवा, खेलकूद तथा संस्कृति मन्त्रालयको स्थापनापश्चात् यस मन्त्रालयमार्फत् पुरस्कार वितरणको व्यवस्था मिलाइयो र त्यस वर्ष विभिन्न विधामा साधनारत २७ जना स्रष्टाहरु सम्मानित भए । २०५५/५६ सम्म यसै मन्त्रालयमार्फत् पुरस्कार प्रदान गरियो । २०५६/५७ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय खडा भयो । पुरस्कारको व्यवस्थापन तथा वितरणको जिम्मेवारी पनि उक्त मन्त्रालयमा सऱ्यो । यस वर्ष यस पुरस्कारलाई अझ गरिमामय बनाउने उद्देश्यले सरकारले साहित्य, कला, संस्कृति, इतिहास, विज्ञान, चित्रकला, पर्वतारोहण, संगीत, चलचित्रजस्ता क्षेत्रमा उल्लेखनीय योगदान दिएका ३१ जना दिवंगत राष्ट्रिय प्रतिभाहरुको नाममा पुरस्कार प्रदान गर्ने निर्णय गऱ्यो । तद्नुरुप कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ, चक्रपाणि चालिसे, भीमनिधि तिवारी, विजयबहादुर मल्ल, भूपि शेरचन, पारिजात, शंकर लामिछाने, डा. ईश्वर बराल, अमृतप्रसाद प्रधान, गेहेन्द्र शमसेर जबरा, बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, बालचन्द्र शर्मा, धनबज्र बज्राचार्य, गोपाल योञ्जन, नारायण गोपाल, मा. रत्नदास प्रकाश, चन्द्रमान मास्के, भाजुमान चित्रकार, सिद्धिदास अमात्य, चित्तधर हृदय, मित्रलाल शर्मा, सुन्दर झा शास्त्री, सुन्दरे शेर्पा, नरकाजी गुरुङ्ग, रुपकराज शर्माका नामबाट पुरस्कारको नामाकरण गरी स्रष्टाहरुलाई प्रदान गरियो । सरकारको यस कार्यको सबैले स्वागत गरे ।

राष्ट्रिय प्रतिभा पुरस्कार स्थापनाको प्रमुख उद्देश्य राष्ट्रका विभिन्न भागमा छरिएर रहेका प्रतिभाहरुको योगदानलाई सम्मान गर्नु र उनीहरुलाई थप योगदानका निम्ति प्रोत्साहित तथा प्रेरित गर्नु थियो । तत्कालीन मन्त्री एवं वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रित पुरस्कारको स्थापना विशेषतः राजधानीबाहिर साधनारत प्रतिभाहरुको योगदानलाई कदर गर्ने उद्देश्यले गरिएको बताउनुहुन्छ । अहिले जसरी पुरस्कारको घोषणा गरिएको छ, त्यो त्यसको विपरीत रहेको उहाँको धारणा छ । मोदनाथ प्रश्रितमात्र होइन, यस पुरस्कारको उद्देश्यले निरन्तरता पाओस् र यो अझै गरिमामय हुँदै जाओस् भन्ने चाहना राख्ने अधिकांश वरिष्ठ/कनिष्ठ स्रष्टाहरु पुरस्कारको घोषणाबाट अचम्मित एवं आक्रोशित भएका छन् ।

साहित्य, कला, संस्कृतिको फाँटमा साधनारत प्रतिभाहरुलाई सम्मानित गर्ने उद्देश्यले विविध पुरस्कारहरुको स्थापना भए पनि राज्यस्तरबाट सिंगो नेपाली भूगोललाई समेट्ने गरी विविध विधाका निम्ति स्थापना गरिएको यो नै पहिलो पुरस्कार थियो । जनता र राष्ट्रका निम्ति समर्पित स्रष्टाहरु जनताले तिरेको राजश्वबाट स्थापित पुरस्कारबाट सम्मानित हुन पाउँदा खुशी पनि थिए । अवैध धन्दाबाट आर्जित सम्पत्तिले स्थापित पुरस्कारको खाँडो जागेको र पुरस्कारमा नातावाद र चाकरीको जगजगी बढेको बेला राज्यबाट स्थापित यस पुरस्कारको आफ्नै किसिमको गरिमा र महत्व थियो । तर यस वर्ष गरिएको पुरस्कारको घोषणाले पुरस्कारको गरिमा, महत्व र औचित्यलाई नै समाप्त पार्ने काम गरेको छ । जानी-जानी पुरस्कारको मण्डलेकरण गरिएको छ । वरिष्ठ र अनेकौं पुरस्कारहरुबाट सम्मानितहरुलाई प्रदान गर्ने भनी यस पुरस्कारको स्थापना गरिएको थिएन । माधव घिमिरे, नातिकाजी, तुलसी दिवसजस्ता वरिष्ठहरुलाई होइन, मुलुकका सुदूर कुनाहरुमा बसेर खाई नखाई सारङ्गी रेट्ने, गीत गाउने, कविता रच्ने, चित्र कोर्ने, इतिहास खोज्ने र नाटक खेल्नेहरुको योगदानलाई सम्मानित गर्नु पुरस्कार स्थापनाको उद्देश्य थियो र यसमा नै यसको गरिमा र महत्व पनि झल्कन्थ्यो । तर अतीतगामीहरुले पुरस्कार स्थापनाको उद्देश्यलाई पूरै नष्ट गरिदिएका छन् र पुरस्कारको रकम एक लाख पुऱ्याएर आफ्ना भाट, पूजक र प्रशंसकहरुको थैली भरिदिने निकृष्ट काम गरेका छन् । मुलुकलाई कुरुप अतीततर्फ लैजान यात्रारत वर्तमान सत्ताको जनविरोधी चरित्र यसबाट पनि छर्लङ्ग भएको छ । वर्तमान सत्ता विगतका सकारात्मक उपलब्धिहरुलाई देखिसहँदैन र हरेक कुरामा मण्डलेकरण चाहन्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो यो ।

वास्तवमा सामन्ती अभिजातहरु स्वाभिमानी, पौरखी र ध्येयप्रति समर्पित स्रष्टाहरु सम्मानित होऊन् भन्ने नै चाहँदैनन् । उनीहरु भाटहरु चाहन्छन्, तिनैलाई रोज्छन् र तिनैलाई पुरस्कृत गर्छन् । यो सामन्तवादको चारित्रिक विशेषता हो । होइन भने राष्ट्रिय प्रतिभा पुरस्कारको यस रुपमा घोषणा किन ? चार जनालाई चढाइएको ४ लाख दामले राष्ट्रका धेरै प्रतिभाहरुलाई सम्मानित गर्न सकिन्थ्यो । पुरस्कार भनेको दामभन्दा बढी योगदानको सम्मान हो भन्ने कुरा स्रष्टाहरु राम्रोसँग जान्दछन्, तर पुरस्कारलाई चार जनामा खुम्च्याउँदै सत्ता संकटका बेला साथ दिने सहयोगीहरुको खल्ती भरिदिएर अँध्यारोको पक्षमा अझ जोड-जोडले गीत गाउन आदेश दिइयो । वरिष्ठहरुले शरमछाडा भएर पुरस्कार थापे । सरकारी संचार माध्यमहरुले शरमछाडाहरुको तीन पुस्ता बखान गरे । लिनेहरुले कुरुपको यशोगान गरे । कुरुपले थाप्लामा हात राखेर आर्शीवाद दियो । तर सबैले राम्रोसँग बुझ्दा हुन्छ, यस्तो धेरै दिन चल्दैन । ■

# संस्कृतिका विचित्र अभिव्यक्तिहरू

• डी. आर. पोखरेल •

जानिफकारहरू भन्छन्- संस्कृति व्यापक आयाम भएको विषयवस्तु हो, किनकि यसले संस्कार र सभ्यता दुवैलाई समेटेको हुन्छ । मानवजातिका प्रायः सबै गतिविधिहरूलाई संस्कृति भनिन्छ । घर, कपडा, खाना, कलम, कोदालो, कम्प्युटरजस्ता कुराहरू यसका भौतिक पक्ष हुन् । र, यी वस्तुहरूसम्बन्धी ज्ञान, सीप, बुद्धि, विवेक, विचार, भावना, अनुभव, कौशल, प्रविधि लगायत मान-सम्मान, इमान-जमान, प्रेम-घृणा आदिका भावनाहरू आत्मिक पक्ष हुन् । यसबाहेक यसका राष्ट्रिय र लोक पक्षहरूको पनि उल्लेख भएको पाइन्छ ।

संस्कृति यति व्यापक, समग्र र सुन्दर त छँदैछ, यसमाथि कहिलेकाहीं यसका अभिव्यक्तिहरू यति विस्मयकारी, अन्तरविरोधी र विचित्रका हुन्छन् कि जसद्वारा यसको सुन्दरतामा सुगन्ध पनि थपिन पुग्छ । शायद यसै भएर होला, यसलाई समाज रूपी बगैंचामा फुलेको चेतना रूपी फूल भन्ने गरिएको ।

> "नखाउँ दिनभरिको शिकार, खाउँ कान्छा बाउको अनुहार" यस उखानले हामीलाई मानव सभ्यताको इतिहासको गर्भतिर पुर्‍याउँछ । यो उखान आश्चर्य-जनक छ ।

इतिहासको पाना पल्टाउँदा हामी त्यस्ता कैयौं घटनाहरू पाउँछौं, जुन संस्कृतिका यस्ता अभिव्यक्तिहरू हुन्, जसबाट मानव समाजलाई निर्दिष्ट दिशाबोध भएको थियो । श्रम एउटा त्यस्तो वस्तु हो, जसले मानवजातिलाई पशु जगतबाट अलग्यायो, सहजवृत्ति (instinct) बाट संस्कृतिमा ल्यायो । पशुवृत्तिबाट विवेकशील प्राणीको रूपमा रूपान्तरित गरायो । मानवजातिको विकासको इतिहासमा यो अद्भूत घटना थियो । यस्तै घटनाहरूको सिलसिलामा आगोको खोजी, ढुंगे औजारहरूको निर्माण, धनुषकाँणको आविष्कारदेखि चुम्बक र विद्युतको खोजी, हवाइजहाजको आविष्कारजस्ता कुराहरूले मानवजातिलाई सांस्कृतिक सम्वृद्धितर्फ उठाउँदै लग्यो । यस्तैगरी 'परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति'[1] मानव सभ्यतामा अर्को विचित्रको घटना थियो । यसअघिको राज्यविहीन, सरकारविहीन, तेरो-मेरोविहीन र निजी सम्पत्तिविहीन आदिम सामुदायिक व्यवस्था र यसको संस्कृतिको तुलनामा यो तेरो-मेरोयुक्त शोषणमा आधारित र एउटा मानवले आफ्नै बन्धुलाई पशुसरह व्यवहार गर्ने दास-समाज कत्ति पनि न्यायपूर्ण थिएन । तर के गर्ने, यो इतिहासको माग थियो । यो अति विस्मयकारी घटना थियो ।

आज यस लेखमा जुन संस्कृतिको चर्चा गरिदैछ, यो व्यापक अर्थमा गरिदैछ । तर हामीकहाँ त संस्कृति, नाचगानको अर्थमा अर्थात् लोकभाकाहरूको अर्थमा पो बुझिदै आएको छ । अंग्रेजी शब्द culture को अर्थमा प्रयोग हुन थालेको धेरै भएको छैन । विद्वानहरू भन्छन्- भारतीय भाषा (नेपाली, संस्कृत, हिन्दी आदि)मा 'संस्कृति' शब्द नै थिएन । केवल 'संस्कृत' शब्द रहेको र त्यो पनि 'परिस्कृत'को अर्थमा । अंग्रेजीको culture त 'परिस्कृति'को साथै देशगत र वैचारिक वैशिष्ट्यको अर्थमा प्रयोग हुँदै आएको ठानिन्छ ।[2] वास्तवमा अंग्रेजी culture को मूल रूप लेटिन भाषाको 'caltura' (कलतुरा) हो भनिन्छ । र, यसको अर्थ 'पशुपालन' र 'कृषिकार्य' भन्ने लगाइएको देखिन्छ । तर culture भने यसको मूल अर्थमा नभएर लाक्षणिक अर्थमा अर्थात् बुद्धि, मेधा र यसबाट पैदा हुने वैचारिक प्रवृत्तिको अर्थमा प्रयोग हुँदै आएको पाइन्छ । साथै यसलाई व्यापक अर्थमा अर्थ्याउने र मानवजातिका सम्पूर्ण रचनात्मक गतिविधिलाई संस्कृतिको नाम दिने कार्य भने मार्क्सवादी चिन्तकहरूले अघि सारेका हुन् ।[3]

नेपालको प्रसंगमा चर्चा गर्दा संस्कृतिलाई तीनवटा कोणहरूबाट व्याख्या-विश्लेषण गर्ने गरेको पाइन्छ । पहिलो, नाचगानको अर्थमा अर्थात् लोकभाकाहरूको अर्थमा, दोस्रो परिष्कारको अर्थमा र तेस्रो, व्यापक अर्थमा । तर जतिसुकै कोणबाट यसलाई हेरे पनि नेपालको परिप्रेक्ष्यमा प्रागऐतिहासिक कालदेखि नेपाल भित्रिएका विभिन्न जाति, प्रजाति र तिनले छोडेका प्रभाव र विभिन्न ऐतिहासिक कालखण्डहरूमा प्रकट भएका सभ्यताहरू र तिनको आधारमा विकास हुँदै आएका संस्कृतिहरूलाई भने भुल्न मिल्दैन ।

ऐतिहासिक समाज विकासको परिप्रेक्ष्यमा गरिने संस्कृतिको चर्चा निक्कै महत्वपूर्ण मानिन्छ । इतिहास र संस्कृतिका विभिन्न अभिव्यक्तिलाई बुझ्न आज हामीसित रहेका लोकोक्ति वा किम्बदन्ती, दन्त्यकथाहरू, उखान टुक्का र गाउँखाने कथाहरूभित्र पस्नुपर्ने हुन्छ । जस्तो : एउटा उखान लिऔं ।

"नखाउँ दिनभरिको शिकार, खाउँ कान्छाबाउको अनुहार !"

यस उखानले हामीलाई मानव सभ्यताको इतिहासको गर्भतिर पुर्‍याउँछ । यो उखान आश्चर्यजनक छ । किनभने यसमा पहिलो त 'दिनभरि', 'शिकार' गर्नुपर्ने शिकारी युग (जंगली युग)को आभास छ । दोस्रो 'कान्छा बाउको अनुहार'को प्रसंग छ । यो प्रसंग विचित्र छ, तर अर्थपूर्ण छ । किनभने उखानमा 'भाइको', 'बाउको अनुहार'को उल्लेख हुनुपर्ने, तर छ 'कान्छा बाउ'को । मलाई लाग्छ- यो आदिम मातृसत्तात्मक युगको सम्झनामा बनेको उखान हो । त्यस युगमा बाउहरू को हुन्, कसैलाई थाहा हुँदैनथ्यो । सबै हैकम आमाबाटै चल्दथ्यो । त्यसकारण सबै लोग्नेमानिसहरू कान्छा बाउहरू (अंकलहरू) थिए । अंकल शब्द ज्यादै आदिम शब्द हो र यो ज्यादै जीवन्त शब्द थियो । उखानहरूमा यसको प्रभाव पर्नु स्वभाविकै देखिन्छ । त्यसकारण यस उखानले हामीलाई बाउको महत्व नभएको मातृसत्तात्मक युगतर्फ इशारा गरेको छ । त्यस मातृसत्ताको युगको अवशेष अझै पनि जनजातिहरूको समूहमा मामाचेला, फुपुचेलाबीचको वैवाहिक सम्बन्धको रूपमा पाइन्छ भन्ने विशेषज्ञहरूको भनाइ छ ।[4] वास्तवमा अंकललाई द्विवर-देवर अर्थात् दोस्रो श्रीमान् भन्ने चलन त हाम्रो समाजमा छँदैछ । यस्तैगरी, मातामही वा मातृकूल वा 'सातपुस्ता खाने मावली' भन्ने परंपरागत चलन पनि हामीकहाँ हराइसकेको छैन । ब्राम्हणहरूले श्राद्ध गर्दा आज पनि मातृकुल (मावलीपट्टिका) चार पुस्ता र बाउपट्टि (पितृकुल)का तीन पुस्तालाई सम्झने, तर्पण (पानी दिने) गर्ने चलन छँदैछ । यी सबै मातृसत्तात्मक संस्कृतिका अवशेषहरू हुन् । यिनीहरू संस्कारको रूपमा रहेका छन् ।

संस्कारको कुरा उठ्दा हिन्दूहरूको सोह्र संस्कारको[5] पनि चर्चा गर्नुपर्ने देखिन्छ । ती संस्कारहरूभित्र छिपेका कतिपय कुराहरूबाट इतिहासका बडे बडे घटनाहरूलाई, मानवीय प्रवृत्तिहरूलाई, समाज र संस्कृतिलाई अभिव्यक्त गरिएको पाउन सकिन्छ, संभावना भरपुर छ ।

यस्तैगरी, प्राचीन नेपाली संस्कृतिलाई बुझ्नका निम्ति प्राचीन भारतका महाजनपदहरू (अङ्ग, मगध, काशी, कौशल, वज्जि, मल्ल, चेदी, बत्स, पाञ्चाल, कुरू, शुरसेन, गान्धार) आदिका सांस्कृतिक इतिहासको अध्ययन जरूरी पर्छ । किनभने यी जनपदहरू उत्तर भारतका हुन् र ती जनपदहरू नेपालसित जोडिएका छन् र थिए । त्यतिमात्र नभै ती प्राचीन राज्यहरूमध्ये 'वृज्जिगणतन्त्र'अन्तर्गत गौतम बुद्ध जन्मनुभएको शाक्य कूलको

शाक्य गणतन्त्र थियो । बृज्जि, संघीय-गणतन्त्र-राज्य थियो । यस्तैगरी, नेपालमा राज्य गरेका किराँत वंश, लिच्छवी, मल्ल (खस), सेन र शाहवंशलगायत अन्य स-साना रजौटा जाति-जनजातिको इतिहासतर्फ पनि ध्यान दिनु जरूरी छ । किनभने संस्कृति, यी सबै कुराहरूको समुच्च अभिव्यक्ति हो । जसरी हामीले आज राजा जनक, सीता, बुद्ध, भृकुटी, अरनिको आदिलाई राष्ट्रिय विभूतिको रूपमा अंगिकार गरेका छौं, त्यसैगरी यिनीहरू बाँचेको युगका पदचापहरूलाई पनि मनन गर्नुपर्ने देखिन्छ ।

माथि भनिएझैं नेपालको राष्ट्रिय संस्कृतिको चर्चा गर्ने क्रममा नेपालमा ऐतिहासिक कालखण्डहरूमा नेपाल आएका विभिन्न घुमन्ते जाति र तिनले छोडेको सांस्कृतिक प्रभावलाई उल्लेख नगरी रहन सक्तैनौं । सर्वप्रथम नेपाल आएका निग्रेटो जातिले आफ्नो गणचिन्ह (totemic sign) -बरपीपल, उनीहरूको सांस्कृतिक वस्तुको रूपमा छोडेका थिए, जसलाई आज हामीहरू पवित्र रूखको रूपमा पूजा गर्ने गर्दछौं ।[६] यस्तैगरी यसपछि आएका आग्नेय जाति (जसलाई संस्कृत साहित्यमा 'निषाद' जाति भनी उल्लेख गरिएको छ भनिन्छ)ले हामीलाई धान रोप्ने सभ्यता सिकायो । साथै केरा, भान्टा, पान, तोरी, कपासको खेती गर्न, सुती कपडा बुन्न, हात्ती पाल्न सिकायो भनिन्छ । अहिले गाउँघरमा धामी-झाँक्री, पण्डित-पुरोहितको सहाराले देवी-देउता, देउरालीलाई गरिने भाकलको संस्कृतिको उद्घोषक जाति पनि आग्नेय हुन् भन्ने उल्लेख पाइन्छ ।

बाउ मर्दा दही बार्ने, आमा मर्दा दूध बार्नेजस्ता विधि निषेध वा वर्जन (taboo) र मृतकको अस्थि नदीमा सेलाउनेजस्ता अचम्मका सांस्कृतिक गतिविधिहरूको गुरू पनि यसै जातिलाई मानिन्छ । तर यो जाति पनि इतिहासको अनजान पत्रमा विलाएको देखिन्छ । मलाई लाग्छ, आज हाम्रो अर्थात् नेपाली संस्कृतिभित्र यस्ता थुप्रै ऐतिहासिक जाति-प्रजातिका जीवनका ज्ञान, सीप र अनुभवरूपी विरासतहरू छिपेर रहेका छन् । हामीले हामीकहाँ विकास भएको ज्योतिषशास्त्रका आदिगुरू समुद्री जातिलाई मान्नुपर्ने देखिन्छ, जसले शुक्लपक्ष र कृष्णपक्षमा समुन्द्रमा भएको हलचलबाट ज्योतिष विद्याको बीजारोपण गरेका थिए । यस्तै गरी किराँत, भू-मध्यसागरीय जाति, द्रविड, मंगोल र आर्यहरूको सांस्कृतिक योगदान पनि कम महत्वको छैन । आर्यहरू 'भारतवर्ष'मा प्रवेश गर्नुअघि नै यहाँका अघिल्ला जातिले विशाल सभ्यताको विकास गरिसकेका थिए । तर उनीहरूको धर्म-संस्कृति उपासनामूलक थियो । त्यहाँ मन्दिर र मूर्तिहरूको उपस्थिति त थिएन, तर लिंगपूजाको प्रचलन थियो ।[७] वास्तवमा मूर्तिपूजा पछिल्लो कालको संस्कृति हो । किनभने आज पनि नेपालका कतिपय आदिवासीहरूका उपासना स्थलमा मूर्तिहरू छैनन् । यस पंक्तिका लेखकले थारू संस्कृतिको अध्ययन गर्ने क्रममा यस कुराको अवलोकन गर्ने मौका पाएको थियो । थारू जातिका तीनवटा उपासना थान छन्- मरथान (कुवारवर्तीको), गनथान (कुलको) र ब्रह्मथान (खेतीको) । यी तीनै थानहरूमा कुनै मूर्ति छैनन् । केवल एउटा बाँसको 'लाठी' छ । संभवतः त्यो लाठी तिनको गणचिन्ह हुनुपर्छ ।[८] गणचिन्ह अर्थात् कुनै जाति विशेषको पूर्वजको प्रतीक वा त्यस जातिको अति महत्वपूर्ण वस्तु । आज थारू जातिको मात्र होइन, नेपालमा रहेका प्रत्येक जातिको गणचिन्ह खोजी पसे पाउन सकिन्छ । जस्तै- मगरलाई नागजाति पनि भनिन्छ । संभवतः नाग (सर्प) त्यो जातिको गणचिन्ह हुनुपर्छ । किराँतहरूको गणचिन्ह सुँगुर हुनुपर्छ, किनभने उनीहरूलाई 'किरूवा' भनिन्छ अर्थात् किरपालक जाति । संस्कृतमा सुँगुरलाई किर भनिन्छ । यस्तैगरी खस जातिको गणचिन्ह 'बोको' थियो भन्ने भनाइ पाइन्छ । भाषाशास्त्री बालकृष्ण पोखरेलले आफ्नो किताव 'खस जातिको इतिहासमा' यो कुरा उल्लेख गर्नुभएको छ । अर्को विचित्र कुरो के छ भने किराँतहरू खसी, बोका, बाख्रा छुँदैनन् । खसहरू सुँगुर छुँदैनन् । किनभने खसजाति भू-मध्यसागरीय क्षेत्रबाट हिन्दूकुश हुँदै काँगडा उपत्यकामा आइपुग्दा त्यहाँ किर जातिसित भीषण युद्ध भएको र ती किर जाति पूर्वतर्फ लागेको उल्लेख पाइन्छ । तिनै किरभूमि (काँगडा)बाट धपाइएका किरजाति नै किराँत भएकाले आफ्ना शत्रुहरूको गणचिन्हलाई नछुने

**वास्तवमा गणचिन्ह काटेर खानु नपर्ने हो । खसहरुले आज गाईलाई पूजा गरेजस्तै बोकालाई पूजा गर्नुपर्ने हो, पवित्र जन्तु मान्नुपर्ने हो ।**

प्रण गरेका हुन् । अर्थात् यो पनि वर्जना (taboo) को रूपमा विकसित भयो होला । तर यसरी शत्रुको 'गणचिन्ह' नछुने प्रवृत्तिका साथै आ-आफ्ना गणचिन्है पछि काटेर खान थाले । वास्तवमा गणचिन्ह काटेर खानु नपर्ने हो । खसहरूले आज गाईलाई पूजा गरेजस्तै बोकालाई पूजा गर्नुपर्ने हो, पवित्र जन्तु मान्नुपर्ने हो । वास्तवमा गाई त ग्वालनको वा अहिर जातिको गणचिन्ह हुनुपर्छ ।


यसरी के देखिन्छ भने, इतिहासमा अनेक घात-प्रतिघातका कारणले असंभव कुराहरू वा आश्चर्यजनक कुराहरूको पनि उदय भएको पाइन्छ । नहुनु पर्ने कुरा भएका छन् । हुनुपर्ने कुरा त्यतिकै विलाएका छन् । विभिन्न जाति, संस्कृतिको मिश्रण वा द्वन्द र एकताको क्रममा कुनै संस्कृति बन्दै, कुनै भत्किंदै, कुनै अनौठो रूप आकारमा विकसित हुँदै अगाडि बढेको देखिन्छ । अनेक वस्तु र घटनाहरूको उदय र अस्त हुँदै विकासको चक्र भ्यागुता उफ्रेजस्तो गरी अगाडि बढिरहेको देखिन्छ । यसरी हरेक वस्तु र घटनाझैं संस्कृति पनि अस्तित्वमा आउने र अस्तित्वबाट जाने प्रकृयाबाट गुज्रदै झन्झन् परिष्कृत हुँदै अधिकाधिक सत्यको नजिक पुगिरहेको महशूस हुन्छ ।[९]

नयाँ र पुरानोको द्वन्द र एकतामा पुरानो संस्कृति प्रभुत्वशाली भएर रहने र नयाँ उदयीमान भएर रहने गरेको पाइन्छ । नयाँ र पुरानोको यस प्रसंगमा के भन्नुपर्ने हुन्छ भने नयाँ संस्कृतिले आफूलाई स्थापित गर्न पुरानोलाई अपदस्थ गर्नुपर्ने हुन्छ । यो बलात् मात्र संभव हुन्छ । त्यसो भएकाले पुरानो संस्कृतिलाई फ्याँक्न नयाँले बल प्रयोग अर्थात् संघर्ष गर्नुपर्ने हुन्छ । क्रान्ति गर्नुपर्ने हुन्छ । रूस, चीनमा यसलाई सांस्कृतिक क्रान्तिको नाम दिइएको थियो । तर सांस्कृतिक रूपले समाजको रूपान्तरण गर्नका निम्ति नयाँ संस्कृतिका बाहक संगठनहरू वा प्रवक्ताहरूले सर्वप्रथम आफैंसित संघर्ष गर्नुपर्ने देखिन्छ । आफ्नो रूपान्तरण नभै समाजलाई फेर्न संभव हुँदैन । त्यसै भएकाले कार्लमार्क्सले मजदूर आन्दोलनप्रति लक्ष्य गर्दै भन्नुभएको थियो- "To change the world, workers will have to change themselves first."

मार्क्सको यो प्रस्ताव जर्मनी वा रूसको लागि मात्र होइन, नेपालको लागि पनि त्यतिकै जरूरी छ । किनभने पृथ्वीनारायण शाहको नेपाल एकीकरणसँगै आधुनिक युग शुरू भएको मानिन्छ । सँगसँगै त्यसअघि गौतमबुद्ध, भृकुटी (हरिततारा) र अरनिकोले विश्वसामु छोडेको नेपालीको छाप त्यसपछि पुछिएको देखिन्छ । कमसेकम त्यसपछि नेपाल चिन्तकहरूको, कलाकारहरूको, आदर्शवानहरूको देश रहेन, देश 'गोर्खा'हरूको 'लडाकू संस्कृतिको' बन्न पुग्यो । यही लडाकू संस्कृतिको विस्तार हुँदै जाँदा नेपाल लाहुरेहरूको देश हुन लागिरहेछ । 'लडाकू' र 'लाहुरे', 'वीरबहादुर' र 'गोर्खाली' नेपालीको पर्यायवाची शब्द बनिरहेको छ । सामन्ती, भाग्यवादी पुरातन संस्कृतिमा 'गोर्खा' थपिएर र यसमा साम्राज्यवादी संस्कृतिको घुसपैठ भएर एउटा विचित्रको NGO संस्कृति वा उपभोक्तावादी संस्कृति निर्माण भएको छ । कमसेकम यससित टक्कर लिनका लागि मात्र भए पनि एउटा स्वाभिमानी, राष्ट्रवादी र सामाजवादी सार भएको जनमुखी राष्ट्रिय संस्कृतिको निर्माण गर्न लाग्नु अत्यन्त जरूरी भएको छ । ❑

*सन्दर्भ सामग्री :*

१) फ्रेडरिक ऐंगेल्स : परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति, हिन्दी संस्करण मास्को : प्रगति प्रकाशन, १९८६
२) बाबुराम आचार्य : नेपालको सांस्कृतिक परम्परा, श्री कृष्ण आचार्य, २०५४, पृ. १-२
३) आइ. टी. फरोलव : दर्शन कोश प्रगति प्रकाशन, मास्को, हिन्दी संस्करण, १९८८
४) जनकलाल शर्मा : हाम्रो समाज : एक अध्ययन, साझा प्रकाशन, २०३९
५) नितु चापागाई : *सन्दर्भ : संस्कृति र सांस्कृतिक रुपान्तरण* विवेक सिर्जनशील प्रकाशन (प्रा) लि. २०५९, पृ. १२९ ।
६) जनकलाल शर्मा, पूर्ववत् पृ.-४०
७) के दामोदर : भारतीय चिन्तन परम्परा, पिपुल्स पब्लिसिङ्ग हाउस (प्रा.) लि., नयाँ दिल्ली १९८२, पृ-३१
८) डा. विष्णुप्रसाद घिमिरे र डि. आर. पोखरेल : आदिवासी जनसमुदायको परम्परागत सामाजिक जीवन र सांस्कृतिक ज्ञान एवं कृषिको अभ्यासबीचको अन्तरसम्बन्ध : एक अध्ययन, अप्रकाशित अनुसन्धान परियोजनाको प्रतिवदेन, २०५८
९) Shivdash Ghosh : *Some Aspecets of Marxism and Dialectical Materalism* Calcutta : Shankar Shing, 1990, Page- 105.




# समाजवादको सपना

● नारायण ढकाल

'**समाजवादको सपना**' शीर्षकको किताव *सम्वाद* नामक संस्थाले प्रकाशन गरेको हो । बीसौं शताब्दीका महान मनिषीहरू अल्बर्ट आइन्स्टाइन, चे ग्वेभारा र पाउलो फ्रेरेका विचार र कर्महरू समावेश गरेर भर्खरै प्रकाशित यो किताव धेरै अर्थमा महत्वपूर्ण छ । कितावको अनुवाद, लेखन र सम्पादन पत्रकार राजेन्द्र महर्जनले गर्नुभएको हो ।

सोभियत समाजवादी ढाँचामा आएको भूइँचालोले विश्वभरि नै विचार र चिन्तन प्रणालीको क्षेत्रमा नयाँ उथलपुथलहरू जन्मिन पुगेका थिए । खासगरी फ्रान्सिस फुकुयामाले 'इतिहासको अन्त्य'को दावी गरेपछि नवउदारवादी राजनीतिक मतका समर्थकहरूले साम्यवाद र समाजवादको अन्तिम मृत्युको पक्षमा वकालत गर्न थालेका थिए । फुकुयामाको भनाइ थियो- जुन युगमा विचारधारा त के, इतिहास समेतको अन्त्य भइसकेको छ, त्यस्तो अवस्थामा मार्क्सवाद र समाजवादको के अर्थ ? (समीक्ष्य किताब *समाजवादको सपना - पृष्ठ १८)*

पुस्तकमा राजेन्द्र महर्जनले इतिहास र समाजवाद शीर्षकको पहिलो खण्डमा सोभियत समाजवादी ढाँचामा आएको संकटबारे विशद व्याख्या र विश्लेषण गर्नुभएको छ । सो खण्डमा मार्क्स र एङ्गेल्सले पेरिस कम्युन र अन्तर्राष्ट्रियको विखण्डनबाट सिकेका मार्क्सवादी पाठहरू, लाल नोकरशाहीको विकासलाई हस्तक्षेप गर्न आइन्स्टाइनले 'समाजवाद नै किन ?' नामक निबन्धमा गरेका संकेतहरू, देवीप्रसाद चट्टोपाध्याय र ओर्गनका धारणाहरूबारे संक्षिप्त तथा स्पष्ट चर्चा गरिएको छ । लेखकले समाजवादी ढाँचाको पराजयका ठोस कारणहरू पनि उल्लेख गर्नुभएको छ । समाजवादी भनिएको शासनको इतिहास पल्टाउँदा समाजवादी व्यवस्था पतन हुन पूँजीवादी षड्यन्त्रको भन्दा पनि बढी आफैंभित्रका अन्तरविरोधहरूको शिकार भएको लेखकको जिकीर छ । लेखकको यो आग्रहमा धेरै नै सत्यताको अंश छ । सहभागितामूलक जनवादको अभाव, सांस्कृतिक क्रान्तिको अभाव र नैतिकतामा क्रान्ति नभएकोले यो ढाँचाको पतन भयो भन्नेमा उहाँले निकै जोड दिनुभएको छ । यसरी पुस्तकमा फुकोयामाका अर्थहीन प्रलापलाई खण्डन गर्ने सफल जमर्को गरिएका छन् ।

खण्ड २ मा आइन्सटाइन र समाजवादबारे सूचनामूलक निबन्ध छ । त्यसबाहेक अमेरिकी साम्राज्यवादले वैज्ञानिक आइन्सटाइनप्रति गरेको 'दुश्मन' व्यवहारबारे फ्रेड जेरोमीको पुस्तक 'द आइन्टाइन फाइल'का चर्चित प्रसङ्गहरू पनि यहाँ रोचक किसिमले प्रस्तुत गरिएको छ ।


यस खण्डमा आइन्स्टाइनले निबन्धमा समाजवादी प्रणालीभित्र राजनैतिक र आर्थिक शक्तिको व्यापक केन्द्रीकरणले गर्दा शासनतन्त्रमा उत्पन्न नोकरशाहीले गर्दा व्यक्तिका अधिकारहरू जोखिममा पर्ने संभावनालाई स्पष्ट र मूर्त रूपमा चर्चा गर्नुभएको छ । उहाँले स्पष्ट रूपमा प्रश्न उठाउनु भएको छ- नोकरशाहीको शक्तिलाई निस्प्रभावी बनाउन सक्ने खालका प्रजातान्त्रिक शक्तिहरूलाई सुनिश्चित रूपमा कसरी स्थापित गर्न सकिन्छ ? *(पृष्ठ- ७८)*

खण्ड ३ मा चे ग्वेभाराको ऐतिहासिक लेख छापिएको छ । यो लेख उहाँले सम्पादक कार्लोसलाई चिठीका रूपमा लेख्नु भएको थियो । यस लेखमा समाजवादी नवमानव, पार्टी र जनतामाझको सम्बन्ध, नेतृत्व र जनतामाझको चेतनाको सामिप्यता आदि विषयमा गहन विश्लेषण पाइन्छ ।

त्यसै खण्डको अन्त्यमा समाजवादी शिक्षाविद् पाउलो फ्रेरेका विचारहरू समाहित छन् । लेखकले भन्नुभएझैं मार्क्स, माओ र चे ग्वेभाराबाट प्रभावित फ्रेरेले समाजवादी क्रान्तिमा नायकहरूको भूमिका, चेको आचरण र क्रान्तिको सतत प्रक्रियालाई बढी जोड दिनुभएको देखिन्छ आफ्नो लेखमा । क्रान्तिको प्रक्रियाको बारेमा निकै उत्साबर्धक टिप्पणी छ उहाँको ।

नेपालको कम्युनिष्ट आन्दोलनमा यो पुस्तकको महत्व चाँहि अहिले दुई अतिवादतिर जोडिएका वैचारिक धारहरूले सामना गर्नु परेका चुनौती र गतिरोधसित सम्बन्धित छ । अहिले हाम्रो सामु देखिएका उग्रदक्षिणपन्थी र उग्रवामपन्थी दुवै प्रवृत्तिहरू समाजवादी क्रान्तिको निरन्तरताप्रति प्रश्नचिन्ह बनेर उभिएका छन् । ती दुवै धाराहरूले सिद्धान्त र संगठनको प्रश्नमा सोभियत ढाँचाको पतनसित जोडिएका शिक्षाहरूलाई आत्मसात् गर्न सकेका छैनन् । प्रस्तुत पुस्तकले पार्टीको आन्तरिक जीवनको प्रश्नमा उत्पन्न गतिरोधहरूलाई संवाद, अन्तर्क्रिया र जनसम्बद्धताका अचूक सर्तहरू देखाएर यो रोगबाट निदान पाउने आशातिर महत्वपूर्ण संकेत गर्न खोजेको छ ।

यस सँगसँगै कितावमा केही वैचारिक अस्पष्टताहरू पनि छन् । सांस्कृतिक क्रान्तिको आवश्यकताको कुरा गर्दा केही अमूर्त र आदर्शवादी सोचाइलाई स्पष्ट पार्ने जमर्को गरिएको छैन । चिनिया सांस्कृतिक क्रान्तिको समर्थन गरिएको छ, तर त्यो क्रान्तिको अन्तरवस्तु विराट समाजवादी संस्कृति र वर्गपक्षधरताको सख्त खिलाफमा छ भन्ने कुरा इतिहासले सावित गरिसकेको विषय हो । यसको साथै विश्व कम्युनिष्ट आन्दोलनमा उत्पन्न नोकरशाहीमा स्टालिनको समयावधि र त्यसपछि कार्यान्वयन भएको तथाकथित जनवादी केन्द्रीयताबारे पनि आँखा चिम्लन खोजिएको छ । बहस र विमर्श हुनुपर्ने यो मूल प्रश्नसित वहिर्गमन गरेर नेपाली कम्युनिष्ट आन्दोलनको वैचारिक तथा संगठनात्मक पुनरगठन गर्न र समाजवादको सपनालाई साकार पार्न कदापि सकिन्न भन्ने मेरो विनम्र आग्रह छ । ❑


रेडियो वचन
विधा : रेडियो पत्रकारिता र सामुदायिक रेडियोबारेका लेखहरु
लेखक : रघु मैनाली
प्रकाशक : सामुदायिक रेडियो सहयोग केन्द्र, काठमाण्डौ
पृष्ठ : १८२
मूल्य : रु. ९९/-




संविधानसभा नै किन
विधा : संविधानसभाबारे लेख र थप विचारहरुको संकलन
लेखक : केशव नेपाल
प्रकाशक : सहस्राब्दी प्रकाशन प्रा.लि., काठमाण्डौ
पृष्ठ : १४६
मूल्य : रु. ५०/-




नेपालमा राजतन्त्रः केही नमूना राजाहरू
विधा : नेपालका केही राजाहरुको क्रियाकलापको इतिहास
लेखक : मुरारी अर्याल
प्रकाशक : विश्व साहित्य प्रकाशन
पृष्ठ : ७०, मूल्य : रु. ३०/-

उल्लेख्य

बहसमाथिको बहस

# लोकतन्त्रको नयाँ मोडेलबारे

**प्रजातन्त्रका** मोडेलसम्बन्धी चिन्तन र बहस धेरै विषयमा व्यापक र गहिरो हुनु पर्दछ । तर म यस लेखमार्फत् दुई विषयहरूमा बहसका लागि केही कुरा उठाउन चाहन्छु । पहिलो हो- विगत र वर्तमानको मूल्याङ्कन र दोस्रो आत्मनिर्णयको अधिकार र जातीय क्षेत्रीय स्वशासन ।

## विगत र वर्तमानको मूल्याङ्कन

हरेक नयाँको खोजी गर्दा अतीत या वर्तमानको मूल्याङ्कन पहिलो शर्त हो । अतीत या वर्तमानको कुरा ठीक छ कि बेठीक छ ? बेठीक भए कुन हदसम्म बेठीक छ ? किन बेठीक छ ? कहाँनेर बेठीक छ ? भन्ने जस्ता प्रश्नहरूको उत्तर र व्याख्या वैज्ञानिक ढंगले खोजिनु पर्दछ । त्यसो भए मात्र सृजना गरिने नयाँ कुरा वास्तवमै राम्रो या प्रगतिशील हुनसक्छ । हामीकहाँ वर्तमानमा खोजी भइरहेको प्रजातन्त्रको नयाँ मोडेलको सन्दर्भमा पनि यो कुरा लागु हुन्छ ।



खगेन्द्र प्रसाई

विगत र वर्तमानको मूल्याङ्कन गर्ने क्रममा "मूल्यांकन" को बहसमा सहभागी हुनुभएका केही मित्रहरूबाट र अरू धेरै व्यक्तिहरूबाट केही गम्भीर त्रुटीहरू भएका देखिन्छन् । पहिलो कुरा प्रकाशजीको मूल्याङ्कनबाट शुरू गरौं । उहाँ भन्नुहुन्छ : "राजतन्त्र नै नेपाली समाजको प्रगतिशिल रूपान्तरणको मुख्य बाधक शक्ति हो ।" तर तथ्यहरू उहाँको मूल्याङ्कन भन्दा भिन्न र कति अवस्थामा विपरित नै पनि छन् । विगत १२ वर्षको अवधिमा राजतन्त्र नेपालको राजनैतिक आर्थिक मामलामा लगभग निष्क्रिय नै थियो । यो अवधिमा निर्वाचित सरकार, संसद र राजनैतिक पार्टीहरूलाई नेपाली समाजको प्रगतिशिल रूपान्तरणको कार्यक्रम ल्याउन र लागू गर्न राजदरबारले कहिले र कहाँनेर रोक्यो ? सामान्य सुधारवादी भूमिसुधार ल्याउँदा पनि अत्यधिक आपत्ति नेपालमा धेरैजसो राजनैतिक पार्टी, बौद्धिक र प्रजातन्त्रवादी भनिनेहरूबाट उठेको हो ।

दोस्रो, कुरा बाबुराम भट्टराईजी, लोकराज बरालजी र महेश मास्केजीले जस्तै परिवर्तन अवरूद्ध हुनुको धेरै दोष संविधान, त्यसले स्थापित गरेको संरचना र त्यसका केही प्रावधानहरूलाई दिने गरिन्छ । तर, प्रश्न छ- संविधानको कुन धारा र प्रावधानले प्रगतिशिल रूपान्तरणको योजना बनाउन र त्यसलाई लागु गर्न बाधा गर्‍यो ? समानता, स्वतन्त्रता, शोषण विरूद्धको हक जस्ता मौलिक हकहरूको ग्यारेण्टी र "शोषण हुन नपाउने व्यवस्था गरी स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर गराउनु राज्यको मुलभूत आर्थिक उद्देश्य हुनेछ" भन्ने राज्यको निर्देशक सिद्धान्तले त परिवर्तनकामी या प्रगतिशिल व्यक्ति, समूह र शक्तिहरूलाई नै प्रेरित र सहयोग गर्दैनथ्यो र ?

तेस्रो कुरा, संविधानमा जनमत संग्रहको व्यवस्था छैन भन्ने कुरा आरोपका लागि आरोप जस्तो मात्र लाग्छ । यदि राजनैतिक दलहरूले चाहेका भए संविधान संशोधनको प्रक्रियामार्फत् त्यस्तो जनमत संग्रहको प्रावधान राख्न सकिन्थ्यो, तर त्यसो गरिएन । दोष कसको- संविधानको कि राजनैतिक पार्टीहरूको ?

चौथो, अहिले संविधानमाथि एउटा आरोप लागेको छ । त्यो के भने : संविधानका अपरिवर्तनीय प्रावधानले परिवर्तनको ढोका थुनेको हो । यस सम्बन्धमा केही कुरा गरौं । एक, संविधानमा त्यस्तो कठोरताका साथ यी प्रावधानहरू 'अपरिवर्तनीय' छन् भनेर लेखिएको छैन । लेखिएको कतिमात्र छ भने संविधान संशोधन "प्रस्तावनाको भावना प्रतिकूल नहुने गरी" गर्नु पर्छ । दोस्रो, हरेक राजनैतिक पद्धतिका केही अपरिवर्तनीय मान्यताहरू हुन्छन् । भविष्यमा नयाँ संविधान बनेछ भने पनि त्यसमा नागरिक सर्वोच्चता या जनतामा सार्वभौमसत्ता, मानवअधिकार, विधिको शासन आदि जस्ता विषयहरू ग्यारेण्टी गरिँदैन या अपरिवर्तनीय हुनुपर्छ भनेर राखिँदैन र ? सबै कुरा परिवर्तनीय छ भनेर मान्ने हो भने हामीले खास खास मूल्यहरूको स्थापना किन गर्ने ? ती पनि परिवर्तन भएर अर्कै थोक भइहाल्छन् नि ? प्रयत्न व्यर्थको हुन्न र ? तेस्रो, "अपरिवर्तनीय" को मुद्दालाई यसरी उठान गरियो कि नेपाली समाजको सबै समस्या हल भए र अब त्यही 'अपरिवर्तनीय" मात्र बाँकी छ । संविधानको प्रस्तावनामा राखिएका कुरा र तिनको भावना निर्विवाद रूपले प्रगतिशील रूपान्तरण र प्रजातन्त्र सुदृढीकरणको सहायक हुन, बाधक होइनन् । केहीको आपत्ति 'अपरिवर्तनीय' भनिएकाहरूमध्ये संवैधानिक राजतन्त्रप्रति लक्षित छ । हो, राजसंस्था आफैमा एउटा 'अप्रजातान्त्रिक' अस्तित्व हो । समाज प्रगतिशील रूपान्तरणको प्रक्रियामा अगाडि बढ्दै जाँदा राजतन्त्र कमजोर हुँदै जान्छ र त्यसको अन्त्य पनि हुन्छ । तर, बुझ्नुपर्ने कुरा के हो भने बाह्र वर्षसम्म (हालको स्थिति बाहेक) संवैधानिक घेराभित्र रहेको राजतन्त्रको विषय वर्तमान सामाजिक, आर्थिक जर्जरताको परिप्रेक्ष्यमा प्राथमिक हो कि होइन ? प्राथमिक र गहन महत्वका मुद्दाहरू अरू नै केही छन् कि ?

पाँचौ, बाह्र वर्षमा प्रगतिशील रूपान्तरण हुन नसक्नुको मूल कारण राजनैतिक पार्टीहरू र तिनका नेतृत्वमा खोजिनु पर्छ । नेतृत्वको नालायकीपन, बुद्धिहिनता, घोर अप्रजातान्त्रिक चित्त र व्यवहार र उत्तरदायित्वहीनता नै नेपाली समाजको परिवर्तन तुहाउने कारक-तत्वहरू हुन् । नेताहरूका अभिव्यक्ति, जीवनशैली र आचरण छोटे राजाका भन्दा कम भएनन् । मुसोलिनीले भनेजस्तै नेपालको प्रजातन्त्र 'धेरै राजाहरूको शासन' भयो । सबै पार्टीहरूमा प्रजातन्त्र या जनवाद लगभग शून्य नै रह्यो । पार्टीहरूमा चिन्तन र अन्तर्क्रिया कम र सौदावाजी ज्यादा हुने गर्‍यो । यस सन्दर्भमा म गौतमजीको "समस्याहरूको बीजतत्व यहाँका राजनैतिक पात्रहरूको अविकसित र अपरिपक्क मानस संसार हो" भन्ने कुरासँग सहमत छु ।

छैटौं, वर्तमान स्थितिको मूल्याङ्कन गर्दा के भन्छु भने शंकर पोखरेलजीले भनेजस्तो १८ को शाही कदमपछि संवैधानिक शून्यताको हदसम्म स्थिति पुगेको छैन कि ? संवैधानिक संकट भने पक्कै छ, तर संक्रमण कालको बेला संविधान बाहिर गएर केही कुराहरू गर्नु वा हुनु स्वभाविक र आवश्यक हुन्छ । हेर्नु पर्ने कुरा के मात्र हो भने त्यसो गर्नुले राष्ट्रको हितलाई बढावा दिन्छ कि दिँदैन । हो, राजाले संविधानबाहिर गएर राजकीय सत्ताको प्रयोग र अभ्यास गरेको हो । संविधानका केही प्रावधानहरूको उल्लंघन पनि गरेको हो । तर संविधान शून्यतामा भने स्थिति पुगिहालेको छैन । बाह्र वर्षमा

पनि ठूला पार्टीहरूले पनि संविधानको उल्लंघन गरेका हुन्, तर त्यस स्थितिलाई संवैधानिक शून्यता भनिएन, उल्लंघन मात्र भनियो । त्यसैले हालको स्थिति पनि संविधान उल्लंघनको हो, शून्यताको होइन ।

## आत्मनिर्णयको अधिकार र जातीय क्षेत्रीय स्वशासन

आत्मनिर्णयको अधिकार र जातीय, क्षेत्रीय स्वशासनको कुरा धेरै प्रचार गरिएको र थोरै मात्र बहस गरिएको विषय बनेको छ । यसको उठानलाई हेर्दा यस्तो लाग्छ, यो विषय सामान्य चिन्तन र छलफल पनि नगरीकनै अगाडि ल्याइएको छ । यसका केही गम्भिर त्रुटीहरूको चर्चा गरौं । पहिलो, यस प्रस्तावले जात, जाति र जनजातिको अस्तित्वको निरन्तरतालाई अनिवार्य ठान्छ । यसले व्यक्तिलाई सिंगो समाज र राष्ट्रको स्वतन्त्र, सक्रिय र चिन्तनशील मानव नागरिक बनाउनेभन्दा एउटा सम्प्रदाय या जातको साँघुरो घेराभित्र सीमित गर्दछ । यसले जातीय विभाजनको मनोविज्ञानलाई वढावा दिन्छ । विश्वव्यापी मानवताको परिकल्पनाको यस युगमा यस्तो साँघुरो चिन्तन कति प्रगतिशील छ ? सोच्नु पर्ने कुरा हो ।

दोस्रो, यस प्रस्तावको अन्तरनिहित त्रुटी के हो भने यसले नेपाली समाजको मूल चरित्र या समस्या 'वर्गीय' हो भन्ने कुरालाई ढाकछोप गर्छ । खास गरेर मार्क्सवादी या समाजवादीहरूलाई सम्झाइरहनु पर्दैन कि नेपाली समाजको मूल समस्या 'वर्गीय' र त्यसको उप-उत्पादनहरू हुन् । समस्या वर्गीय भए समाधान पनि स्वतः वर्गीय हुनुपर्छ ।


जसलाई उत्पीडित जाति या जनजाति भनिएको छ, यथार्थमा त्यो हाम्रो वर्गीय समाजको शोषित वर्ग नै हो । उत्पीडित हुनु कुनै जातको भएका कारणले नभएर, गहिरिएर हेर्ने हो भने, मूलतः कुनै वर्गको भएका कारणले हो । क्षेत्रीय विषमता पनि वर्गीय समाजिक संरचना या दलाल नोकरशाही पूँजीवादले सृजना र विकास गरेको कुरा हो । यसका थुप्रै ठोस प्रमाणहरू छन् । थप कुरा के भने हरेक जाति र क्षेत्रभित्र शोषक र शोषित वर्गहरू हुन्छन् । जातीय र क्षेत्रीय स्वशासनले वर्गीय समस्यालाई हल गर्न सक्दैन । यस्तो व्यवस्थाले त्यो क्षेत्रमा जातका कुलीन वर्गकै वर्चस्वलाई निरन्तरता दिँदैन या पुनस्थापित गर्दैन भन्ने आधार के छ ?

तेस्रो, जनसंख्याको हिसावले नेपाली समाजको एउटा प्रधान विशेषता जातीय संमिश्रण हो । नेपालको कुनै पनि भू-भागमा एउटामात्र जात या जातिका मान्छेहरू बस्दैनन् । जातीय स्वशासनले निश्चित अवधिका लागि भएपनि खास जातिका मान्छेहरूलाई शासन सहभागितामा उत्प्रेरित र सक्रिय गर्छ भनेर मान्ने हो भने पनि हामीकहाँ त्यो व्यवहारिक र सम्भाव्य हुँदैन ।

चौथो, कुरा आत्मनिर्णयको अधिकारसँग सम्बन्धित छ । आत्मनिर्णयको अधिकार भनेको के हो ? एक व्यक्तिले आफ्नो जातका नाममा स्थापित शासन संयन्त्रअन्तर्गत मतदान गर्दा या शासनमा सहभागी हुँदा मात्र आत्मनिर्णयको अधिकारको उपभोग या अभ्यास भएको मानिने हो र ? प्रत्येक नागरिकलाई समानतामा आधारित निर्वाचनमार्फत् शासनमा प्रत्यक्ष या अप्रत्यक्ष सहभागी हुने कुराको व्यवस्था गर्ने हो भने, त्यसले आत्मनिर्णयको अधिकारको प्रत्याभूति गरेको मान्न सकिन्न र ? थप कुरा के भने हरेक नागरिकले समानतामा आधारित स्वतन्त्र मतदानबाट शासनको निर्माणमा सहभागी हुन पाउने मानवअधिकारको विश्वव्यापी मान्यताको सट्टा त्यो कुनै जात या जातिका लागि 'रिजर्भ' राखिने हो भने त्यो आफैंमा मानवअधिकार र प्रजातान्त्रिक मान्यताको विरोधी कुरा हुन्न र ?

पाँचौं, स्वशासन अन्तर्गत कुनकुन जातिलाई कति मात्रामा सहभागी हुन दिने ? सबैलाई समानताका आधारमा शासनमा सहभागी हुन दिने भए त्यो 'जातीय' स्वशासन रहन्न । यदि त्यसो गर्न नदिने भए मानवअधिकारको उल्लंघन हुन जान्छ ।

छैठौं, खुल्ला दलीय राजनैतिक व्यवस्थामा नागरिकहरूले दलका दर्शन, सिद्धान्त, नीति र कार्यक्रमको खुल्ला र स्वतन्त्र छनौट गर्ने कुरा प्रधान हो । ❑

**सोलार बिजुली प्रयोग गरौं, अँध्यारोमा नबसौं !**

सूर्यको किरणलाई विद्युतीय शक्तिमा (बिजुलीमा) परिवर्तन गरी विद्युत उत्पादन गर्ने प्रक्रियालाई सौर्य विद्युत वा सोलार बिजुली भनिन्छ । एउटा घरमा एउटा सोलार प्यानेल र अन्य उपकरणहरू (जस्तै ब्याट्री, कन्ट्रोलर) राखी ३-४ वटा बत्ती बाल्न, रेडियो, क्यासेट बजाउन र टेलिभिजन हेर्न सकिन्छ । सम्पूर्ण जडान कार्य अलिकति प्राविधिक ज्ञान भएको व्यक्तिले एक दिनमै पूरा गर्न सक्दछ । एक चोटी जडान गरिसकेपछि ब्याट्रीमा समय समयमा डिष्टिल पानी थप्ने बाहेक अन्य मर्मत सम्भार गरिरहनु पर्दैन ।

सोलार प्यानेलहरू १० देखि २५ वर्ष ग्यारेन्टी गरिएका हुन्छन् र तिनीहरूले २५-३० वर्षसम्म राम्रोसँग काम गर्दछन् । ब्याट्रीको हकमा ४-६ वर्षपछि फेर्नु पर्ने हुनसक्छ । चीमहरू जलेमा मात्र फेर्नु पर्दछ । तसर्थ सौर्य विद्युतको संचालन खर्च न्यूनतम नै हुन आउँछ । शुरूको लगानी (करीव २०,०००/- देखि ३५,०००/- पर्छ) । यसमा सरकारबाट रू. ८,०००/- देखि १२,०००/- सम्म अनुदान पाइने हुनाले पूरै रकम ब्यहोर्नु पनि पर्दैन । बैंकबाट सस्तो ब्याजमा ऋणको व्यवस्था पनि छ । मट्टितेलको खर्चमा बचतका साथै टुकीको धुँवाबाट मुक्ति पनि पाइन्छ । बिजुलीले तपाईंको घर सधैंलाई उज्यालो पार्नेछ ।

**SEC सोलार इलेक्ट्रिसिटी कम्पनी (प्रा.) लि.**

पोष्ट बक्स १२५१५, सोलार कम्प्लेक्स,
बागबजार, काठमाण्डौ,
फोन : २२५२५३, २२७८७६, फ्याक्स : २२३८५१

'राजाबाट संसद विघटन भएको ६ महिनाको अवधिभित्र निर्वाचनको घोषणा नगरेको कारणबाट नेपाल अधिराज्यको संविधानको पूर्णता आफैंमा कठिन घडीमा छ । वर्तमान सरकार विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने प्रमुख राजनैतिक दलभन्दा बाहिरका अनिर्वाचित व्यक्तिहरूबाट गठन भएको छ । यस अवस्थामा नेपाल नजानिंदो, तर डरलाग्दो



**पाउल हेरिथ**, टोली सदस्य (दाँयाबाट पहिलो) नेपालगंजमा न्यायाधीश, कानून व्यवसायी, सरकारी वकिल, मानवअधिकारवादीहरु र प्रहरीहरुसँगको परामर्श बैठकमा

## अन्तर्राष्ट्रिय विधिशास्त्रीहरुको ठहर


# नेपाल निरंकुश राजतन्त्रतर्फ जाँदैछ

● विनोद ढुंगेल

ढंगले सम्वैधानिक राजतन्त्रबाट पूर्ण राजतन्त्रतिर नजिकिंदै गरेको यस टोलीले महशूस गऱ्यो ।"

यो ठहर विधिशास्त्रीहरूको अन्तर्राष्ट्रिय आयोग International Commission of Jurists-ICJ (आईसीजे) र त्यसअन्तर्गतको न्यायाधीश तथा कानून व्यवसायीहरूको स्वतन्त्रतासम्बन्धी केन्द्र (सीआईजेएल)ले नेपाल भ्रमणपछि निकालेको हो । संयुक्त राष्ट्रसंघीय आर्थिक, सामाजिक परिषद्मा विशेष परामर्शदातृ स्थान प्राप्त आइसीजे कानूनी शासनका लागि, खासगरी न्यायाधीश र कानून व्यवसायीहरूको स्वतन्त्रताका सम्बन्धमा, क्रियाशील अन्तर्राष्ट्रिय आयोग हो । सो आयोगले नेपाल भ्रमणपछि तयार गरेको प्रतिवेदनको राजनैतिक महत्वलाई नेपाली संचारमाध्यमले खासै अनुभूत गर्न सकेनन् । विभिन्न गृतिरोधहरूका बीच नेपालमा चलिरहेको शान्ति प्रक्रियाका सन्दर्भमा आयोगले निक्कै नजिकबाट विश्लेषण गरेको छ । संविधान नै मूलभूत विषय बनेर चलेको राजनैतिक मुद्दामा आयोगले केही विकल्पहरू अघि सारेको छ । 'वर्तमान शान्ति प्रक्रियाको सन्दर्भको मूलभूत प्रश्न भनेको नेपालले कि त नयाँ संविधान लागू गरेर, कि त संविधान संशोधन गरेर या त सम्वैधानिक व्यवस्थालाई ठीक ठाउँमा ल्याएर ठेगान लगाउनुपर्ने हो'- शान्ति प्रक्रियाको ढोका खुल्ला रहेकोले नेपाल सम्वैधानिक सरकारबाटै संचालन हुनुपर्ने निष्कर्ष निकाल्दै आयोगले भनेको छ- 'संसद विघटन भएको ६ महिनाभित्र निर्वाचन गराउनमा रहेको असफलता र सरकारमा मुख्य राजनीतिक दलबाहिरका अनिर्वाचित मन्त्रीहरूको उपस्थितिले नेपालको. प्रजातान्त्रिक तथा सम्वैधानिक संरचनामा चर्को दबाब पर्न गएको छ, प्रमुख मन्त्रीहरू राजाप्रति मात्र उत्तरदायी भएबाट नेपाल सम्वैधानिकबाट निरंकुश राजतन्त्रात्मकतातिर फर्कन लागेको देखिएको छ ।'

सिद्धान्ततः वर्तमान संविधानको अस्तित्व र अन्तर्वस्तु जोगाउनका लागि सरकारले निर्वाचन गर्नु आवश्यक भएपनि निर्वाचन वा संसदको पुनःस्थापना शान्तिवार्तामा बाधा पर्ने दृष्टिले सामन्यतया अव्यवहारिक हुनसक्ने विधिशास्त्रीहरूले ठानेका छन् । यो अवस्थामा सवैधानिक तथा प्रजातान्त्रिक वैधताको माध्यमबाट अन्तरिम सरकार बनाउनका लागि ठोस कदम तत्काल चालिनुपर्ने उल्लेख गर्दै आयोगले




भनेको छ- 'खासगरी विघटित संसदका सदस्यसमेत रहने गरी बृहत् आधारको प्रमुख राजनीतिक दलहरूको सरकार यस प्रक्रियाको एक कदम हुनसक्छ ।'

आयोगले वैध संसद नबनेसम्म सरकारले अध्यादेशबाट कानून निर्माण गर्न नहुने, सरकारका क्रियाकलाप संविधानका व्यवस्थामा कडाइका साथ सीमित हुनुपर्ने सुझाव पनि दिएको छ । वर्तमान अवस्थामा संविधानअन्तर्गत राजाको अधिकारमा सीमा तोक्ने कुनै संयन्त्र नभएको, राजाले संविधानबाहिर गई वा संविधानको उल्लंघन हुनेगरी काम गरे पनि त्यसउपर चुनौति दिन नसकिने व्यवस्था रहेको लगायतका सन्दर्भ पनि आयोगले उल्लेख गरेको छ । आयोगको अर्को सुझाव छ- संविधान संशोधन वा नयाँ व्यवस्थाद्वारा पुनरावलोकन हुन नसक्ने राजाको वर्तमान अधिकारलाई अदालतले पुनरावलोकन गर्नसक्ने व्यवस्था संविधानले प्रष्टसँग गर्नुपर्छ र राजाको अधिकारको सीमाबाहिरको कार्यको पुनरावलोकन हुनुपर्छ ।

आइसीजे अष्ट्रेलिया शाखाका अध्यक्ष तथा न्यू साउथ ओएल्स अष्ट्रेलिया सर्वोच्च अदालतका न्यायाधीश जोन डावडको नेतृत्वमा आएको सो टोलीमा अन्तर्राष्ट्रिय मानवअधिकार संघका बोर्ड अधिकृत बेलायती नागरिक माइकल एलमेन र हङकङ मानवअधिकार अनुगमनका संस्थापक सदस्य तथा कानूनविद् पाउल हेरीस संलग्न हुनुहुन्थ्यो । आइसीजेका कानूनी अधिकृतद्वय इएन साइडरम्यान र हसीवा हाज साराउइले प्रतिवेदकको भूमिका निर्वाह गर्नुभएको हो । टोलीले वरिष्ठ सरकारी अधिकारी, न्यायाधीश, वकील, प्रहरी अधिकारी, गैरसरकारी संस्थाहरू र कूटनीतिक व्यक्तिहरूसँग छलफलसमेत गरेको थियो ।

टोलीले तत्कालीन प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई भेट्दा उहाँले गैरकानूनी रूपमा सेनाले नागरिकहरूलाई बन्दी बनाउने गरेको वास्तविकता स्वीकार्नुभएको थियो र सेनालाई त्यस्तो अधिकार सरकारले नदिएको बताउनु


**तत्कालीन कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत सम्हालेका गृहमन्त्री धर्मबहादुर थापाको कानवअधिकार-प्रतिको धारणा सुन्दा भने टोली 'स्तब्ध' भएको थियो**

भएको थियो । तर तत्कालीन कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत सम्हालेका गृहमन्त्री धर्मबहादुर थापाको मानवअधिकारप्रतिको धारणा सुन्दा भने टोली 'स्तब्ध' भएको थियो । उहाँले अदालतको आदेशले रिहा गरिएका व्यक्तिहरूलाई तुरुन्तै पक्राउ गर्ने सरकारी कार्यको कानूनी तर्क र तथ्यहीन बचाउ गर्ने प्रयास गर्नुभएको थियो । मन्त्री थापासँगको कुराकानीको क्रममा टोलीले 'उनीसँग अर्थपूर्ण सम्वादको औचित्य छैन' भन्ने अनुभवसमेत गरेको थियो ।

टोलीले सैनिक जनरल तथा अधिकारीहरू बीएकुमार शर्मा, रवीन्द्र क्षेत्री र दीपक गुरूङ्गसँग भेट गरेको थियो । उनीहरूले कसैले थाहा नपाउने गरी विनाआदेश प्रचलित कानूनविरूद्ध मानिसहरूलाई थुनामा राख्ने गरेको र त्यस्तो अवस्थामा परिवारका सदस्य र कानून व्यवसायीसमेतले भेट्न नपाउने कुरा टोलीसमक्ष स्वीकारेका थियो । तर, सैनिक अधिकारीहरूले त्यस्तो कार्य गर्न प्रधानमन्त्रीलगायतका उच्चपदस्थ सरकारी अधिकारीहरूबाट 'विशेष आदेश' आउने गरेको दावी गरेका थिए । सो टोलीले सशस्त्र प्रहरी बल, नेपाल प्रहरीका अधिकारीहरू र बेलायतको अन्तर्राष्ट्रिय विकास विभागद्वारा नेपाल प्रहरीको सल्लाहकारको रूपमा खटाइएका रिचार्ड माइल्ससँग पनि मानवअधिकारको विषयमा छलफल गरेको थियो । टोली नेपालगंज पनि पुगेको थियो । तर, केही व्यक्तिहरूलाई गैरकानूनी थुनामा राखिएको थाहा पाएर चिसापानी सैनिक ब्यारेकको आकस्मिक भ्रमणमा पुगेको सो टोलीलाई ब्यारेकभित्र प्रवेश गर्न दिइएको थिएन ।

प्रधान न्यायाधीशलगायत सर्वोच्च र पुनरावेदन अदालतका न्यायाधीशहरूसँगसमेत छलफल गरेको सो टोलीसमक्ष न्यायाधीशहरूले सैनिकद्वारा गैरकानूनी थुनामा राखिएका घटनाको जानकारी हुँदाहुँदै पनि त्यस्ता मुद्दामा कारवाही गर्न आफूहरू असमर्थ रहेको स्वीकारेको थिए । टोली भन्छ- न्यायाधीशहरू अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिद्वारा स्थापित मापदण्डहरू लागू गर्ने उनीहरूको अधिकार र जिम्मेवारीप्रति सचेत देखिएनन् । टोलीले 'सर्वत्र व्याप्त भ्रष्टाचार, गरीबी र जातीय भेदभावपूर्ण व्यवस्थाको चर्को विरोध गरेका कारण जनयुद्धले सबैतिरबाट व्यापक समर्थन पाएको' उल्लेख गर्दै राजाबाट संविधानको धारा-१२७ को प्रयोगप्रति असहमति जनाएको छ । 'माओवादीहरूको प्रमुख माग भनेको वर्तमान संविधानको परिवर्तन हो' प्रतिवेदनमा एक ठाउँमा भनिएको छ- 'संविधानको परिवर्तन गर्दा राजतन्त्रात्मक शासन प्रणाली हाम्रो चासोको विषय होइन, हाम्रो सरोकारको विषय भनेको प्रजातन्त्र, कानूनको शासन र वर्तमान संविधानले प्रदान गरेका मौलिक अधिकारहरूलाई संविधान परिवर्तनबाट कमजोर पारिनु हुँदैन ।'

नेपालमा गैरकानूनी ढंगले पक्रने र थुन्ने तथा झुठा अभिलेख राखेर संविधानसमेत मिच्ने काम सुरक्षा निकायहरूले गर्ने गरेको समेत विधिशास्त्रीहरूको सो टोलीले पाएको थियो । नेपालमा प्रहरी, सशस्त्र प्रहरी र सैनिकहरूले व्यापक रूपमा यातनापूर्ण व्यवहार गर्ने गरेको, बन्दीबाट सूचना लिन यातना दिने गरिएको लगायतका प्रवृत्तिहरूको



**जोन डावड**, अष्ट्रेलिया सर्वोच्च अदालतका न्यायाधीश (बाँयाबाट पहिलो)




# सरकारी खण्डन नै सत्यताको पुष्टि

**गत वर्ष** असारमा शाही नेपाली सेनाको बाँकेस्थित चिसापानी ब्यारेकमा दुई मुस्लिम किशोरीहरुमाथि सेनाले जघन्य बलात्कार गरेको थियो । सो घटना गत पुसमा एमनेष्टी इन्टरनेशनल र बीबीसी टेलिभिजनले सार्वजनिक गरेपछि नेपाली संचारमाध्यमहरुमा पनि व्यापक रुपमा चर्चामा आए । 'मूल्यांकन'को 'माघ-फागुन'को अंकमा सो बलात्कार काण्डबारे विस्तृत विवरण प्रकाशित भएको थियो ।

त्यतिखेर सार्वजनिक भएका समाचारहरुलाई खण्डन गर्न सेनाले गरेका अनेक प्रयासहरु पनि सार्वजनिक भइसकेकै छन् । सोही प्रयासस्वरुप शाही नेपाली सेनाले एमनेष्टी इन्टरनेशनलको प्रतिवेदनलाई समेत झुठो भएको दावी गरेको थियो । र, आफ्नो संगठनभित्रको गल्ती ढाकछोप गर्न पीडित किशोरीहरुको अनुहार टेलिभिजनको पर्दामा सार्वजनिक गरिएको थियो ।

हो, तिनै तबसुम र तरनुम दिदी-बहिनीमाथि भएको जघन्य बलात्कारको घटनाको सन्दर्भमा आइसीजेले पनि आफ्नो ठहर सार्वजनिक गरेको छ । 'एमनेष्टी इन्टरनेशनलले उक्त घटना सार्वजनिक गरेपछि ती दुई युवतीहरुलाई सेनाले पुनः लगेपछि प्रेसको अगाडि सार्वजनिक गरियो र सैनिक जवानको उपस्थितिमा बलात्कारको सम्बन्धमा गरिएको अघिल्लो दावीलाई सेनाले फिर्ता लिन लगाएको थियो । सो घटनाको सन्दर्भमा नजिकबाट अध्ययन गरेर आईसीजले निष्कर्ष निकालेको छ- 'ती दुई युवतीलाई बलात्कार गरिएको थियो र पछि सेनाको डर, धाक, धम्कीमा परी त्यो बलात्कारको दावीलाई फिर्ता लिन लगाइएको थियो ।' आइसीजेका अनुसार, सो घटनाको चौतर्फी तीव्र विरोध भएपछि त्यस घटनामा संलग्न क्याप्टेन आईसीजे टोली नेपाल आएको बेला देश छोडी भागेका थिए । सो घटनाका सम्बन्धमा मानवअधिकार आयोगले पनि 'सैनिककै भाषा' प्रयोग गरेकोमा भने टोली 'स्तब्ध' भएका थियो ।

'सरकारले एमनेष्टीको प्रतिवेदनको खण्डन गऱ्यो, जबकि त्यो सही थियो र सरकारी दावी गलत थियो' सरकारका तर्फबाट मानवअधिकारको बढी उल्लंघन भएको उल्लेख गर्दै आइसीजेका पाउल हेरीसले बताउनुभयो । यसैगरी पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालले पनि सरकारले जनताको आवाज खण्डन गरी नै रहने बताउँदै सरकारले जति खण्डन गर्छ, त्यति नै त्यो कुराको सत्यता पुष्टि हुँदै जाने उल्लेख गर्नुभएको छ । ❑


उल्लेख गर्दै प्रतिवेदनमा भनिएको छ- यौनसम्बन्धी यातनाको प्रयोग प्रायः लोग्ने र स्वास्नीमान्छे दुवैलाई गरिन्छ । प्रहरी र सेनाले धेरै व्यक्तिको हत्या गरेको सूचना सो टोलीले प्राप्त गरेको थियो । 'यस्ता केही घटनाहरूमा दुईपक्ष प्रहरी वा सेना र माओवादीबीचको मुठभेडमा परी मारिएका छन् भने धेरैजसोको हत्या जानाजाज वा मनोमानी किसिमले गरिएको छ,' आयोगको प्रतिवेदन भन्छ- तर गैरकानूनी हत्याका विरूद्ध कारवाही चलाउने काम विरलै हुने गर्छ ।

सो टोलीले राज्यका संस्थाहरूमा व्यापक भ्रष्टाचार रहेको, न्यायपालिकाभित्र अति नै तल्लो तहको भ्रष्टाचार हुनेगरेको, न्यायिक अनुशासनको कार्यवाही गर्ने अधिकार प्राप्त न्यायपरिषद्ले भ्रष्टाचारमा संलग्नलाई कार्वाही गर्नुको सट्टा उनीहरूलाई बचाउ गर्ने गरेकोले सो परिषद्माथि पनि जनविश्वास घटेको उल्लेख गरेको छ । यसैगरी मानवअधिकारको सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोग र भ्रष्टाचारको सन्दर्भमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पनि सेनालाई कार्यवाही चलाउन नसक्ने स्थिति देखिएको विषयमा टोलीले तथ्यपरक ढंगले विश्लेषण गरेको छ । 'शाही नेपाली सेनाको संरचना र संस्कार प्रजातन्त्रपूर्व जस्तो थियो त्यस्तै' रहेको उल्लेख गर्दै प्रतिवेदनमा भनिएको छ- 'ठूलो संख्यामा उही पुरानै सेना छन् र उनीहरू व्यक्तिगत रूपमा राजाप्रति नै बफादार छन् ।'

शाही नेपाली सेनासँग संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना कार्यको ठूलो अनुभव भए पनि विगत एक सय वर्षदेखि युद्धको अनुभव नभएको उल्लेख गर्दै प्रतिवेदनमा भनिएको छ- 'यो सापेक्षित सुषुप्तता राजा ज्ञानेन्द्रले माओवादी विद्रोहीसँग शान्तिवार्ता असफल भएपछि लागू गरेको संकटकालसँगै नाटकीय रूपले जाग्यो ।

'वर्तमान संविधानको प्रावधानमा सेनालाई जननिर्वाचित सरकारको मातहतमा राख्ने स्पष्ट व्यवस्था नभएको प्रमुख राजनैतिक दलका प्रतिनिधि र कानूनविद्हरूले दिएको अभिव्यक्तिमा हाम्रो पनि सहमति छ,' टोलीले भनेको छ- वर्तमान अवस्थामा प्रजातान्त्रिक प्रक्रियाबाट निर्वाचित प्रधानमन्त्री बर्खास्त गरी आफैंले छानेको व्यक्तिलाई प्रधानमन्त्री बनाइएको अवस्थाले सेनाको प्रयोग र संचालनमा प्रजातान्त्रिक नियन्त्रण कदाचित नरहेको स्पष्ट पार्दछ । यस्तो अवस्थामा सेनाको बफादारी केवल राजाप्रति हुनु र प्रजातान्त्रिक मूल्य र मान्यताप्रतिको प्रतिबद्धता कमजोर देखिनु अस्वभाविक छैन ।

आइसीजेको सो प्रतिवेदन पढिसकेपछि सर्वोच्च अदालतका पूर्व वरिष्ठ न्यायधीश लक्ष्मणप्रसाद अर्यालले वर्तमान अवस्थाको नेपालको द्वन्द भनेको जनता र दरवारबीचको द्वन्द भएको र आइसीजे, एमनेष्टीजस्ता संस्थाले जनताको आवाजमा बोल्ने गरेको बताउनुभयो । उहाँले यो पनि भन्नुभयो- जनताको आवाजलाई शासनले खण्डन गर्ने प्रयास गर्नसक्छ, तर सफल हुँदैन । ❑



# साहित्यिक हस्ती भीष्म साहनी

भारतका अर्का वरिष्ठ लेखक राजेन्द्र यादवले भन्नुभएको थियो : 'भीष्म साहनीको समयमा बाँच्न पाएकोमा हामी गौरवान्वित छौं ।'

१२ जुलाई २००३ अर्थात् २०६० असार २८ गते सुप्रसिद्ध भारतीय साहित्यकार भीष्म साहनीको निधन भयो । उहाँ अठासी वर्षको हुनुहुन्थ्यो । उहाँ प्रतिबद्ध जनवादी लेखक र आफ्नो समयका सशक्त आख्यानकार हुनुहुन्थ्यो । उहाँको निधनमा समस्त साहित्य जगतले अपूरणीय क्षति अनुभव गरेको छ ।

भीष्म साहनीका अठवटा कथा संग्रह, पाँचवटा उपन्यास र चारवटा नाटक प्रकाशित छन् । भारतको स्वतन्त्रता पश्चात् त्यहाँको समाजमा हिन्दू-मुसलमानबीच भएको साम्प्रदायिक झगडाको विषयलाई मसिनोसँग चित्रण गरिएको बहुचर्चित उपन्यास *तमस*का निम्ति भीष्म साहनीलाई भारतको प्रतिष्ठित पुरस्कार *साहित्य एकेडेमी एवार्ड* प्रदान गरिएको थियो । आजीवन राष्ट्र र जनताको पक्षमा क्रियाशील स्रष्टा भीष्म साहनी भन्नुहुन्थ्यो : 'व्यवस्थाहरु स्थापित हुन्छन् र भत्किन्छन् पनि, तर न्यायसंगत, झन् राम्रो व्यवस्थाको निम्ति मानवजातिको संघर्ष भने कायम रहीरहनेछ । यो मानव स्वभावको एउटा नैसर्गिक गुण हो ।'

सन् १९१५ मा रावलपिण्डीमा जन्मनुभएका भीष्म साहनीले लाहोर विश्वविद्यालयबाट अंग्रेजीमा एम.ए. गर्नुभएको थियो भने पंजाव विश्वविद्यालयबाट पिएच.डी. । धेरै लेखक तथा पाठकहरुलाई भीष्म साहनीले पिएच.डी. गर्नुभएको कुरा थाहा नहुन सक्छ । किनभने उहाँले कहिल्यै आफ्नो नामको अगाडि 'डा.' उपाधी जोड्नु भएन ।

भीष्म साहनीले धेरै समयसम्म प्राध्यापन पनि गर्नुभयो, तर उहाँले यहाँका प्राध्यापकहरुले जस्तो नामको अगाडि 'प्रा.' 'डा.' लेख्नुभएन । त्यसबाट उहाँको सांस्कृतिक स्तरको उच्चता पनि ठम्याउन सकिन्छ ।

भीष्म साहनीका थुप्रै कथाहरुमध्ये *अमृतसर आ गया* एउटा त्यस्तो कथा हो- जसले भारतीय हिन्दूभित्र रहेको अतिशय साम्प्रदायिकतालाई उजागर गरिदिएको छ ।

त्यस्तै, *वाङ्चू* शीर्षकको कथामा भीष्म साहनीले विश्व बन्धुत्वको भावनालाई एउटा समयावधिमा राखेर चित्रित गर्नुभएको छ । बौद्ध ग्रन्थहरुको अध्ययन र अनुसन्धानका निम्ति भारत आएर सारनाथमा बस्न थालेको वाङ्चूको सरलता, निर्दोषिता र आध्यात्मप्रेमलाई भारत-चीन युद्धको त्रासदीले कसरी अवमूल्यन गरिदिएको थियो र त्यो कति गलत भएको थियो भन्ने कुरा त्यस कथाले बताउँछ ।

भीष्म साहनीले ७ वर्षसम्म विदेशी भाषा प्रकाशन गृह, मास्कोमा अनुवादकको रुपमा समेत काम गर्नुभएको थियो ।

उहाँ भारतको प्रगतिशील लेखक संघ तथा अफ्रो एसियाली लेखक संघसँग पनि सम्बद्ध रहनुभएको थियो । जीवनको उत्तरार्द्धमा अभिनयको क्षेत्रमा समेत लाग्नुभएका भीष्म साहनीले गर्वसाथ भन्नुभएको थियो- 'अब म अभिनेता हुँ ।' त्यसबेला उहाँ बुद्धको जीवनीमा आधारित एउटा चलचित्रमा अभिनय गर्दै हुनुहुन्थ्यो ।

भीष्म साहनीको निधनपश्चात् एक प्रसंगमा भारतका अर्का वरिष्ठ लेखक राजेन्द्र यादवले भन्नुभएको थियो : 'भीष्म साहनीको समयमा बाँच्न पाएकोमा हामी गौरवान्वित छौं ।' यसबाट भारतीय लेखकहरुबीच भीष्म साहनी कत्तिको सम्मानित हुनुहुँदोरहेछ भन्ने कुरा बुझिन्छ । बाल साहित्यका क्षेत्रमा समेत विशिष्ठ योगदान गर्नुभएका भीष्म साहनी वास्तविक अर्थमा बहुमुखी प्रतिभाका धनी हुनुहुन्थ्यो ।

❑ समीर थापा

# मुक्तिको तीन वर्षपछि पनि

# कमैयाहरूको कन्तबिजोग

कमैया मुक्तिको घोषणा भएको तीन वर्ष पुगेको छ । मुक्त घोषणा गर्दा ६ महिनाभित्रै पुनर्स्थापना गरिसक्ने भन्ने सरकारी वचनले आजसम्म पनि मूर्तता पाएको छैन ।

मुक्तिको तीनवर्ष बितिसक्दा पनि उचित पुनर्स्थापना नभएकोमा कमैयाहरू जुलुस, धर्ना र विरोध सभाका कार्यक्रमहरू गरिरहेका छन् । बर्दिया र कैलालीमा यस्ता कार्यक्रमहरू बढी भएका छन्, जहाँ कमैया समस्या तुलनात्मक रूपमा अन्य जिल्लामा भन्दा अत्यन्तै जटिल छ । तत्काल पुनर्स्थापनाका साथै कमैया पहिचान गरी उनीहरूलाई तत्काल काम र सम्पूर्ण सहुलियत रकम उपलब्ध गराउनुपर्ने लगायत अन्य आर्थिक-सामाजिक प्रवर्द्धनका कार्यक्रमहरू ल्याइनुपर्ने माग कमैयाहरूको छ, जुन माग पूरा गरिने आश्वासन सरकारी पक्षले दिएको भए पनि कमैयाहरू विश्वस्त हुन सकिरहेका छैनन् ।

बसोवासको अभावमा कमैयाहरू पुनः कमैया नै भएर बस्न फर्कनु पर्ने बाध्यता एकातिर छ भने कतिपयले जग्गाधनी पुर्जा पाएर पनि जग्गा पाउन सकिरहेका छैनन् । सबै कमैयालाई पाँच कठ्ठा जग्गा दिने नीति सरकारको भए पनि कञ्चनपुरका कमैयाहरूले मात्र पुगनपुग पाँच कठ्ठा जग्गाको लालपुर्जा पाएका छन् । तर बाँके, बर्दिया, कैलाली र दाङका कमैयाहरूले दुईदेखि तीन कठ्ठा जग्गाको मात्रै लालपुर्जा पाएका छन् । यद्यपि कमैयाहरूले कागजी रूपमा मात्रै जग्गा पाएका हुन्, जग्गा बाँडफाँडमा विभिन्न व्यवधानहरू खडा गरिएका कारण उनीहरू अझै अलपत्र भौंतारिनु परेको छ । विगतमा कमैयाहरूलाई न्यूनतममा पनि १० कठ्ठा जग्गा दिनुपर्ने माग उठेको हो । प्रशस्त सरकारी जग्गाहरू खाली भए पनि सत्ताधारीहरूको गलत दृष्टिकोणका कारण त्यो माग पूरा हुन सकेन ।

कमैयाहरूलाई जग्गा दिने सवालमा विभिन्न नियोजित झमेलाहरू खडा गरिएका छन् । कमैयाहरूलाई जग्गा वितरण गर्न बनाइएको (पाँचै जिल्लामा जिविसका सभापतिको संयोजकत्वमा सिडिओ, डिएफओ, जिल्ला भूमिसुधार अधिकारी लगायतका व्यक्तिहरू रहेको) स्थानीय समितिहरूले नियोजित रूपमा सुकुम्वासी बस्ती भएको ठाउँमा वा बसोवास गर्न नमिल्ने खोल्सा वा बगरहरूमा कमैयाहरूको लागि जग्गा छुट्याएपछि उनीहरूको पुनर्स्थापनामा व्यवधान खडा भएको छ । कञ्चनपुर जिविसका निवर्तमान सभापति ऋषिराज लुम्साली भन्नुहुन्छ- 'तत्कालीन केही सभापतिहरूको कमैया वर्गप्रतिको नकारात्मक वर्गदृष्टिकोण र विवादास्पद जग्गा दिएर दलित र सुकुम्वासीसँग कमैयाको झगडा पार्ने खराब नियतका कारण समस्या जटिल बनेको हो ।'

पाँचै जिल्लाका गरी मुक्त भएको समयमा भएका १८ हजारभन्दा बढी कमैया परिवार (करिव एक लाख २५ हजार जनसंख्या) मध्ये कति पुनर्स्थापित भैसके भन्ने यकिन तथ्याङ्क सम्बन्धितहरू दिन चाँहदैनन् । तर मुक्त कमैया समाजका महासचिव पशुपति चौधरी र निवर्तमान सभापति लुम्सालीको बुझाइमा पुनर्स्थापित हुन पाउनेहरूको संख्या अत्यन्तै न्यून छ । पाँचै जिल्लाका गरी ११ हजार १९२ कमैया परिवारले जग्गाधनी लालपुर्जा पाएका भएपनि त्यसमध्ये अधिकांशले जग्गा पाएका छैनन् । भूमिसुधार तथा व्यवस्था मन्त्रालयले पनि यो समस्यालाई स्वीकार गरेको छ । तर तत्काल पुनर्स्थापना योजना कार्यान्वयनको व्यवहारिक उपाय सरकारसँग छैन । भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव अनन्त पाण्डे भन्नुहुन्छ- 'कतिपय कमैयाहरूलाई घरजग्गा बन्न नसक्ने खोल्साखाल्सीहरूमा पनि जग्गा परेको छ, कतिपयलाई सुकुम्वासी वस्ती भएकै ठाउँमा परेको छ, यसको छानवीन गरेर कमैयालाई झन्झट





कैलाली जिल्ला गेरा गा.वि.स.का सामन्त थिवराज पन्तका कमैयाहरु : जसले वर्तमान कमैया आन्दोलनको उठान गरेका थिए

नहुने गरी तुरुन्तै जग्गा उपलब्ध गराइनेछ ।' सुकुम्वासीहरूलाई हटाएर कमैयालाई जग्गा दिने योजना सरकारको छ ।

तर निवर्तमान सभापति लुम्साली, सचिव पाण्डेको तर्कलाई अव्यवहारिक तर्क भन्नुहुन्छ । "त्यहाँ सुकुम्वासी समस्या यति जटिल छ कि, उनीहरूलाई हटाएर कुनै पनि हालतमा कमैयालाई पुनर्स्थापित गर्न सकिदैन ।" सुकुम्वासी र कमैया दुवैलाई पुनर्स्थापित गर्ने योजना सरकारसँग छैन । सरकारका निकायहरूले असल नियतले काम गरेका हुन्थे भने खाली भएका प्रशस्त सरकारी जग्गाहरू, जहाँ सुकुम्वासीहरूको बस्ती छैन, त्यहाँ कमैयाहरूलाई विनाझन्झट पुनर्स्थापना गर्न सक्थे । सामाजिक कार्यकर्ता ज्योतिलाल वन भन्नुहुन्छ- 'एकातिर सुकुम्वासी र कमैयालाई आपसमा जुधाइएको छ, अर्कोतिर जमिन्दारहरूले चाँहि जंगल क्षेत्रको सयौं विघा जमीन ओगटेका छन् ।'

पुनर्स्थापनाको सवालमा खासगरी प्रमुख जिल्ला अधिकारी र डिएफओहरूको असहयोगी भूमिका रहँदै आएको छ । जसले जग्गा पाएका छन्, तिनीहरूलाई घर बनाउन आवश्यक काठ र १० हजार रूपैयाँ सहुलियत दिने नीति सरकारको थियो । 'जग्गा पाएकाहरूलाई त्यो रकम पनि पूरा दिइएको छैन, विभिन्न बहानामा त्यो रकम घटाइएको छ' पशुपति चौधरी भन्नुहुन्छ । काठको समस्या पनि यस्तै छ । पहिला ७५ क्यू फूट काठ दिने निर्णय भए पनि पछि अकारण नै ३५ क्यू फूट मात्र काठ दिने निर्णय मन्त्रिपरिषदले गरेको थियो । सत्ताधारीहरूमा 'कमैयालाई जस्तो दिएपनि हुन्छ, यी दोस्रो दर्जाका नागरिक हुन्' भन्ने सामन्ती वर्गदृष्टिकोण हावी रहेको लुम्साली बताउनु हुन्छ । खासगरी बनका डिएफओहरूको 'हामी नै मुलुकका मालिक हौं' भने जसरी आफैं निर्णय गर्ने, बसोबासयोग्य जग्गामा कमैयाहरूलाई बस्न नदिने, तर जमिनदारहरूको अतिक्रमणप्रति आँखा चिम्लिने भूमिका पुनर्स्थापनामा देखिएको जटिल समस्या हो भन्ने अनुभव पनि लुम्सालीको छ ।

जग्गा नै नभएका, ऐलानी, पर्ति जग्गा ओगटेर बसेका, दुई कठ्ठा जग्गा भएका र दुई कठ्ठाभन्दा बढी जग्गा भएकाहरू गरी कमैयाहरूलाई चार वर्गमा बाँडेर जग्गासम्बन्धी निर्णय गरिएको थियो । जग्गा नै नभएकालाई पाँच कठ्ठा जग्गा दिने, ऐलानी पर्ति ओगटेर बसेकालाई बसेको जग्गा दर्ता गरिदिने र थेरथोर जग्गा हुनेहरूलाई जग्गा बाहेकका अन्य आधारभूत सुविधाहरू दिने नीति सरकारको थियो । 'तर पहिलो र दोस्रो वर्गका केहीले मात्रै जग्गा पाएका छन् । तेस्रो र चौथो वर्गकाले त कुनै पनि सुविधा पाएका छैनन्' -मुक्त कमैया समाजका महासचिव पशुपति चौधरी भन्नुहुन्छ ।

वर्षा याममा कमैयाहरूको झन् ठूलो विजोक छ । बसेको छाप्रोमा पानीको सतह बढेपछि रातारात जहान परिवार बोकेर पानीमा रूझदै बाहिर बस्नु परेको र छाता ओढेर खाना पकाउनु परेको जस्ता कठिन अनुभवहरू कमैयाहरूले बटुलेका छन् । विशेषगरी बर्दिया र कैलाली जिल्लामा पुनर्स्थापनामा चर्का समस्याहरू देखिएका छन् । कमैयाहरूलाई जग्गा पाउने हकबाट नियोजित रूपमा बञ्चित गर्नेहरूलाई तत्काल कार्वाही गरी मुक्त कमैया समाजकै नेतृत्वमा जग्गा पहिचान, वितरण र पुनर्स्थापना तथा छूट कमैया पहिचानका लागि एउटा छुट्टै समिति बनाउनु पर्ने माग कमैयाहरूको छ । पहिचान गर्न छूट कमैया परिवारहरू यति नै संख्यामा छन् भन्ने यकिन नभए पनि उनीहरू सयौंको संख्यामा भएको अनुमान गरिन्छ ।

पुनर्स्थापनाको प्रयास प्रभावकारी नहुँदा कमैयाहरूको शिक्षा, स्वास्थ्य र अन्य आधारभूत अधिकारको पक्षमा धेरै काम हुन नसकेको तर्क सामाजिक संस्थाहरूको छ । कमैयाको पुनर्स्थापनाकै लागि भनेर गैरसरकारी संस्था र श्री ५ को सरकारको गरी करिव चार अर्ब रूपैयाँ खर्च भैसकेको अनुमान गरिन्छ । 'तर त्यो रकमको समन्वय भएन, आ-आफ्नै ढङ्गले खर्च गरिँदा लगानीको त्यति प्रभावकारिता देखिएन' -लुम्साली भन्नुहुन्छ । कमैया पुनर्स्थापनाको पक्षमा काम गरिरहेको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था 'एक्सन एड'का 'कन्ट्री डाइरेक्टर' सिवेशचन्द्र रेग्मी स्वीकार गर्नुहुन्छ- 'सुरक्षित बसोबास नभई अन्य पुनर्स्थापनाका प्रयास प्रभावकारी नहुनु स्वाभाविकै हो ।'

कहिलेसम्ममा सम्पूर्ण कमैयाहरूले बसोबास पाइसक्छन् ? यो प्रश्नको सोझो उत्तर सरकारले दिनसकेको छैन ।

◆ दामोदर तिमल्सिना


अन्धविश्वास र कुरीतिहरूले समाजलाई पतनको बाटोतिर लैजान्छन् । बोक्सी, भूतविद्या आदि विषयमा प्रचलित अन्धविश्वासहरूतर्फ लाग्नुभन्दा यथार्थ कुराको विश्लेषण गरेर आइपरेका बाधा-व्यवधान हटाउनेतर्फ सचेत नागरिकहरूले लाग्नुपर्छ । अन्धविश्वास र कुरीतिहरूको प्रचलनबाट हुने दुष्परिणामहरूबारे जनसाधारणलाई जानकारी दिन सचेत र शिक्षित व्यक्तिहरूले अग्रसर हुनुपर्छ ।

श्री ५ को सरकार सूचना तथा संचार मन्त्रालय

सूचना विभाग

# महेशचन्द्र रेग्मीलाई कसरी सम्झना गर्ने ?

**जब एउटा लिम्बुले आफ्नो किपटको इतिहास बुझ्न र किपट किन खोसियो भनेर जान्न उनको किताब पढ्नुपर्छ भने निश्चय पनि 'खोस्ने' होइन 'खोसिएकाहरुको' इतिहास लेख्ने व्यक्ति हुन्- महेशचन्द्र ।**



'**कुनै** पनि इतिहासले व्यक्ति, उसको परिवार, ऊ बाँचेको समाज, अनि उसको वर्तमान र विगतको बीचमा सम्पर्क कडी स्थापित गर्न सकेन भने त्यो मरेका मानिसहरूको औपन्यासिक वृतान्त मात्र हुन्छ । त्यसैले राजा, भारदार वा लडाइँको इतिहास जनताको इतिहास होइन । जनताको जीवन, आन्दोलन र जीवन निर्वाहको सरचनाको इतिहासले मात्र त्यसरी वर्तमान र विगतलाई बाँधेको हुन्छ । त्यो नै जनताको इतिहास हुने गर्छ ।' समाजशास्त्री चैतन्य मिश्रको विचारमा इतिहास लेखनको पुरानो परम्परालाई चुनौति दिँदै त्यस्तो जनताको इतिहास लेख्न शुरू गरेका हुन्- महेशचन्द्र रेग्मीले ।

नेपाल अध्ययन केन्द्रले गत श्रावण १० गते काठमाण्डौमा आयोजना गरेको स्वर्गीय महेशचन्द्र रेग्मीको श्रद्धाञ्जली सभाका सहभागीहरूमा मतैक्यता थियो- 'स्व. महेशचन्द्र रेग्मी शासकको होइन, जनताको इतिहासकार हुन् ।'

'महेशचन्द्र रेग्मीका किताबहरू नेपाल बुझ्ने एउटा ठूलो झ्याल हो ।' चैतन्य मिश्रले नेपाल तथा एशियाली अनुसन्धान केन्द्रमा रहँदा फादर स्टीलर, धनबज्र बज्राचार्य, ज्ञानमणि नेपाल आदिको सहयोग र सुझावमा नेपालको इतिहास, विशेषतः महेशचन्द्रका किताबहरू पढेको र तिनले नेपाली समाजको बिगत र बर्तमान समेत बुझ्न सहयोग गरेको बताउनु भयो ।

डा. कृष्णबहादुर भट्टचनको धारणामा महेशचन्द्रका किताबहरू नेपालीमा छापिएको भए र जनजातिहरूले पढेका भए, नेपालका जनजाति, भूमिपुत्रहरूको आन्दोलन धेरै पहिले शुरू हुन्थ्यो । जब एउटा लिम्बुले आफ्नो किपटको इतिहास बुझ्न र किपट किन खोसियो भनेर जान्न उनको किताब पढ्नुपर्छ भने निश्चय पनि 'खोस्ने' होइन 'खोसिएकाहरूको' इतिहास लेख्ने व्यक्ति हुन्- महेशचन्द्र ।

अधिकांश जनता कृषक, भूमिमा आश्रित छन् भने तिनको इतिहास लेख्ने व्यक्तिमात्र सही मानेमा देश र जनताको इतिहास लेखक हुनसक्ने धारणा राख्दै डा. मीना आचार्यले भन्नुभयो- मरो वैचारिक मान्यता र बौद्धिक उन्नति महेशचन्द्रबाट प्रभावित भएको छ । योजनाविद् डा. पिताम्वर शर्माको स्वीकारोक्ति थियो- 'मलाई भूगोल बुझ्न पनि महेशचन्द्रका किताबहरूले सहयोग गरेका छन् ।'

त्यसोभए धेरै मानिसले पढ्ने इतिहासकार हुन् त महेशचन्द्र ? सभा हलबाहिर लेखक नारायण ढकालको खुलासा थियो- 'मैले अर्थशास्त्रमा एम.ए. गरिसकेपछि मात्र महेशचन्द्रको नाम सुनेको हुँ ।' अर्थात महेशचन्द्र रेग्मी र उनको आर्थिक इतिहासबारे नसुनिकनै त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा एम.ए. सकिन्छ । समाजशास्त्र/ मानवशास्त्रका विद्यार्थीले भने केहीले पढेका र धेरैले सुनेका हुन्छन् । अरूले महेशचन्द्र पढ्ने "झन्झट" नै नगरी स्नातकोत्तर बन्छन्- नेपालको सबभन्दा पठित समूह ।

त्यसो भए जनताको इतिहासकारलाई कसले पढ्छ त ? वा उनी किन पढिदैनन् त ?

मूलतः दुईवटा पक्षलाई अगाडि सारिने गरिन्छ यस सन्दर्भमा । पहिलो त शिक्षानीति, जुन संरचानामा महेशचन्द्र रेग्मीको नाम नै नसुनिकन पनि कुनै पनि बिषयमा स्नातकोत्तर बन्न सकिन्छ । दोश्रो, रेग्मीका सबै पुस्तकहरू अंग्रेजीमा छन् । तर त्यो भन्दा पनि महत्वपूर्ण त नेपाली सामाजिक रूपान्तरणको अभियान निम्छरो नै रहेको प्रमाण हो- महेशचन्द्रका किताब नै कम पढिने अवस्था ।

स्व. रेग्मी एशियाको नोवेल पुरस्कार मानिने म्यागासेसे अवार्ड पाउने पहिलो र केही समयअघिसम्म एक्लो व्यक्ति थिए (उक्त पुरस्कार पाउने दोश्रो नेपाली थिए- भारत दत्त कोइराला) । पुरस्कार पाएपछिका वर्षहरू पनि निरन्तर सक्रिय सृजनामा बित्यो उनको ।

अंग्रेजीमा लेख्ने, अमेरिकीहरूको संगत र बाहिर राजनैतिक टिप्पणी गर्दै नहिंड्ने स्वभावका महेशचन्द्र जब तत्कालीन फिलिपिन्सको राष्ट्रपतिको नाममा स्थापित पुरस्कार लिन फिलिपिन्स गए, यहाँ नेपालमा टिका-टिप्पणी भएछ- महेशचन्द्र त सि.आई.ए. को मानिस पो हो त । तर डा. भट्टचनका विचारमा भने अन्य बुद्धिजिवी भन्दा महेशचन्द्र नितान्त फरक बन्नुमा तत्कालीन समयमा विद्रोही धारको उपस्थिति रहेको क्यालीफोर्नियाको वर्कले विश्वविद्यालयमा उनको संगत हुनु पनि एक हो ।

जनताको इतिहास लेखनको थालनी र जग बसाल्ने स्व. रेग्मीको कार्यले यति फराकिलो दायरा ओगटेको छ कि उनको कार्यलाई छेउ लगाएर कुनै पनि इतिहास लेखनको कार्य पूरा हुन सक्दैन भन्ने ठोकुवा गर्नुहुन्छ- चैतन्य मिश्र । इतिहास लेखन विधि, त्यसका लागि उनले गरेका श्रम र प्रामाणिकताका सन्दर्भमा पनि विशिष्ट मानिन्छन् स्व. रेग्मी ।

स्व. रेग्मीका लामो समयका मित्र र नेपाली इतिहासका ज्ञाता/लेखक फादर लुडबिग स्टीलर एउटै परिवारको सदस्य जस्तै गरी बसेका आफ्ना परममित्रको मृत्युमा भावुक बन्दै उक्त श्रद्धाञ्जली सभाका सहभागीहरूलाई सल्लाह र चुनौति एकै ठाउँमा मिसाएर भन्दै हुनुहुन्थ्यो- 'कुनै ज्ञान थाहा पाउनु वा पढ्नुमात्र पर्याप्त हुँदैन । ज्ञानलाई कक्षा कोठाभित्र मात्र सीमित नराखी राष्ट्रको जीवनमा कसरी प्रयोग गर्न सक्छु भनेर चिन्तन गर्नु बढी सार्थक हुनेछ । स्व. रेग्मी त्यसखाले व्यक्तित्व हुनुहुन्थ्यो ।'


ज्ञान प्राप्त गर्नु मात्र पर्याप्त छैन, त्यसको सही उपयोग पनि उत्तिकै र अझ ज्यादा महत्वपूर्ण हुन्छ भन्ने बोधले शायद व्यक्तिलाई जिम्मेवार बनाउँछ । अन्यथा १२ बर्षमा आई.ए. पास गरीसकेका स्व. रेग्मी आफ्ना केटाकटीलाई हुर्काउन पैसाको जोहो गर्नुपर्ने समयमा पनि उनीहरूलाई एकसरो लुगामा हुर्काएर, पारिवारिक दुःखका बीच पनि दत्तचित्त भएर लाग्नुभयो मनले खाएको कार्य गर्न । स्व. रेग्मीका जेठा छोरा डा. गिरीशचन्द्र रेग्मीले आफ्ना पितासँगका ती पुराना दिन सम्झना गर्दै भन्नुभयो, किन यस्तो मात्र लेख्नुहुन्छ भनेर सोद्धा स्व. रेग्मी भन्ने गर्नुहुन्थ्यो रे- 'मलाई पुरानो इतिहास लेख्नु छैन । कसैलाई बढाउन चढाउन हैन, हाम्रो पुर्खाको इतिहास लेख्ने र हामीले के गल्ति गऱ्यौं र अब राम्रो के गर्ने भनेर लेख्नुपर्छ ।'

चाहे हार्वड विश्वविद्यालयको भिजिटिगं प्रोफेसर बन्ने निम्तो होस् वा तत्कालीन प्रधानमन्त्री मरिचमान सिंहको सरकारको लागि काम गरिदिने आग्रह, सबैलाई आफ्नो अध्ययन अनुसन्धानको कामको अगाडि गौण ठान्दै अस्वीकार गर्नुभयो स्व. रेग्मीले । उहाँको कामप्रतिको लगन, निष्ठा र स्वाभिमानले नै सही अर्थमा उहाँलाई जनताको

## महेशचन्द्र रेग्मी

**जन्म : १९ डिसेम्वर १९२९, काठमाडौं**
**मृत्यु : १० जूलाई २००३, काठमाडौं**
**रोमन म्यागासेसे पुरस्कार : १९७७**
**पोल्सान पुरस्कार : १९९८**
**पहिलो प्रकाशित पुस्तक :** Some Aspects of Land Reform in Nepal (1960)
**पछिल्लो प्रकाशित पुस्तक :** Nepal: An Historical Miscellany (2002)
**हालसम्म प्रकाशित पुस्तक : जम्मा १४**

# छाडेर त गए, तर कसैले बिर्सने छैनन्



◆ अनिल भट्टराई

**इतिहासकार** महेशचन्द्र रेग्मीले गत असार २५ गते ७४ बर्षको उमेरमा संसार छोडर गए । सन् १९५१ देखि १९६२ सम्म सरकारी सेवामा काम गरेका उनले एक्कासी जागिरबाट हटेपछि कहिल्यै जागिर नखाने र, अनुसन्धानमा लाग्ने निधो गरे । इतिहाससम्बन्धी चार दशकभन्दा बढीको निरन्तर खोज तथा लेखनपछि अहिले आफूले छोडेर जाँदा उनले धेरै कृतिहरु संसारसामु छाडेर गए । यो अबधिमा उनले चौध किताब लेखे । र त्यसबाहेक अभिलेखहरु जम्मा पारे- *रेग्मी रिसर्च सिरिज*का रुपमा । उनका अप्रकाशित लेखहरु र टिपोटहरुको संगालो पनि सानो छैन । इतिहासबारेका यतिविधि सामाग्री सायदै अरु कसैसँग होला नेपालमा । नेपालबारे लेख्ने जोकोहीले पनि रेग्मीलाई नपढी सुखै छैन । एकफेर नेपालबारेका जुनसुकै बौद्धिक लेखनहरु टिप्नुहोस् र हेर्नुहोस् त्यसको सन्दर्भसूची, महेशचन्द्र रेग्मीको नाम उल्लेख नगरिएको सायदै कुनै लेखन पाइन्छ होला ।

तर उनको योगदान लेखनको आकारमा मात्र सीमित छैन । नेपाली इतिहासको बुझाइमा उनले आधारभूत रुपमा नै परिवर्तन ल्याइदिए । उनका लागि इतिहास भनेको खालि निश्चित विभूतिहरु वा घटनाहरुको वृत्तान्त मात्र थिएन, न त यो समयको लामो क्रमिक प्रवाहबारेको कुनै अभिलेख मात्रै थियो । साधारण मानिसहरुको जीवन उनका इतिहासका विषय थिए । तर उनले साधारण मानिसहरु, उत्पादकहरु (उनको शब्दमा) को जिन्दगीको बारेको अध्ययन समग्र राज्य व्यवस्था, यसको नेतृत्व र यसले पारेका प्रभावको सन्दर्भमा गरे । त्यस हिसाबले नेपालमा धेरैजसो मानवशास्त्रीहरुले गर्ने साधारण मानिसबारेका साँस्कृतिक अध्ययनहरुभन्दा आधारभूत रुपमा भिन्न विश्लेषण थियो उनको ।

नेपाली राज्यबारेका आख्यानहरु उनका लागि खालि गौरवशाली इतिहासका रुपमा मात्र प्रस्तुत भएनन् । बरु नेपाली इतिहास उनका लागि गोर्खाली साम्राज्यको विस्तार, यस प्रकृयामा सृजित संस्थाहरु र नेपाली किसान र राज्यबीचको शोषणले भरिएको सम्बन्धको व्याख्याको समग्र तस्वीर थियो । शासकहरुको श्रोतमाथिको नियन्त्रण विस्तार गर्ने निरन्तरको प्रयत्न तथा उत्पादकहरुबाट उठाइएको कर र श्रमबाट विलासी जिन्दगी व्यतीत गर्ने व्यवहारको समग्रतामा उनले किसान र नेपाली राज्यबीचको सम्बन्धको इतिहासलाई हेरे ।

यसो हुनाले जुन इतिहास उनले लेखे, त्यो सरकारी र राजकीय इतिहासभन्दा कता हो कता फरक छ । उनले आफ्ना किताबहरुमा आम नेपाली किसान र राज्यबीचको सम्बन्धको कठोर चित्रण मात्रै गरेनन्, *इमपेरियल गोर्खा* भन्ने किताबमा त हामीले सँधै गौरवशाली घटनाको रुपमा लिने नेपालको महाकाली पश्चिममा भएको विस्तारले कुमाउ र गढवालका जनतामा थोपरेका यावत पीडाहरुको फेहरिस्त पनि प्रस्तुत गरेका छन् ।

महेशचन्द्र रेग्मीले पहिले बनेका निष्कर्षहरुका लागि तथ्यहरु खोजेनन् । उनले त तथ्यहरुको गहिराइबाट निष्कर्षहरु निकाले । त्यसैले नै नेपाली अरु इतिहासकारहरु भन्दा उनी बेग्लै थिए । नेपाली राज्यबारेको उनको बुझाइमा आएको परिवर्तन पनि चाखलाग्दो छ । सन् सत्तरीको दशकको शुरुमा नेपालको आर्थिक इतिहाससम्बन्धी किताब लेख्दा उनले लेखेका थिए कि इतिहासको व्यख्या गर्दा शासकहरुको वृत्तान्तमात्र पर्याप्त हुँदैन, किनभने यसले जनताको जीवनबारे बताउन सक्दैन । त्यसको दुई दशकपछि *किंग्स एण्ड पोलिटिकल लिडर्स अफ द गोर्खाली एम्पायर* भन्ने किताबमा चाहिँ उनले भने- नेपाली इतिहासको सबभन्दा महत्वपूर्ण पाटो भनेको एकीकरण, त्यसले सृजना गरेका भारदारिया खिचातानी तथा नेपाली राज्यले लिएका नीतिहरु नै थिए । किनभने त्यसले नै "सम्पूर्ण हिमालय क्षेत्रभरिको सामाजिक, राजनैतिक तथा प्रशासनिक इतिहासको बाटो बदलिदियो.....जसको असर अहिलेको समयसम्म पनि देख्न सकिन्छ ।" अर्को शब्दमा भन्ने हो भने, उनको विचारमा खाली आर्थिक उत्पादनको आधारले राज्यको उपरी ढाँचा बनाउने होइन । नेपालको सन्दर्भमा त यसको उल्टो, राज्यको उपरी ढाँचाले नै आर्थिक उत्पादन र सामाजिक सम्बन्धहरुको निर्धारण गऱ्यो । यो बुझाइ नपच्न सक्ला, खासगरी सत्यहरुको खोजभन्दा पनि कण्ठ गरी घोक्ने बानि परेकाहरुमाझ । तर नेपालमा आर्थिक सामाजिक सम्बन्धहरु निर्माण गर्नमा राज्यका निर्णयहरु कति महत्वपूर्ण थिए भन्ने बुझ्न यो कुरा मनन गर्नै पर्ने हुन्छ ।

तर इतिहासकाबारे जति महत्वपूर्ण कुरा उनले लेखे, त्यो भने आम नेपालीबीच पुग्न सकेन । उनले नेपालको इतिहासको बारेमा जे लेखे, सबै नै जसो अंग्रेजी भाषामा लेखे । त्यसैले अंग्रेजी पढ्ने र नेपाली इतिहासमा रुचि राख्नेहरुले उनलाई पढे र बाँकीहरु केहिले उनका नाम त सुने, तर उनका कुराहरु पढ्न पाएनन् । अझ उनले जे लेखे अंग्रेजीमा लेखे र जसले पढे, तीमध्ये धेरैजसोले पनि उनीसँग लिने कुरा आफ्ना अंग्रेजी लेखनका लागि नै प्रयोग गरे । यसले गर्दा पनि उनको लेखनको पहुँचको घेरो साँघुरो रह्यो । तर अहिले उनका कृतिहरु अनुवाद गर्ने कामको थालनी गरेर *रेग्मी रिसर्च सेन्टर*ले गर्नै पर्ने कामको शुरुवात गरेको छ ।

हेनरिक इब्सनको *डल्स हाउस* भन्ने नाटकको *आरोहण* नाट्य समूहले प्रस्तुत गरेको नेपाली रुपान्तर *पुतलीको घर*मा एक जना विरामी भएर अन्तिम अवस्थामा पुगेका पात्र छन्- डाक्टर राणा । उनी आफ्ना घनिष्ठ मित्रलाई भन्छन्, "छाडेर जानेलाई सबैले विर्सन्छन् र छाडेर जानेको ठाउँ नयाँ कसैले लिन्छ ।" साधारण मानिसको सन्दर्भमा यस्तो होला । तर महेशचन्द्र रेग्मी नेपाली बौद्धिक फाँटमा त्यस्ता मान्छे हुन्, जसलाई मानिसहरु विर्सन सक्दैनन्, न त उनको ठाउँ नयाँ कसैले लिन सक्छ । कम्तिमा पनि निकट भविष्यको कुरा गर्दा । ❑

*(भट्टराई नेपाल साउथ एशिया सेन्टरसँग सम्बन्धित छन् ।)*

---

इतिहासकार बनायो । संभवत त्यसैले नै आफ्ना भाट-भजनेहरूलाई खातका-खात पुरस्कार रसम्मान बाँड्ने सरकार र संस्थाहरूले महेशचन्द्रलाई सम्मान गर्नुपर्ने आवश्यक ठानेनन् । राम्रै भयो- बेदागी मर्न पाए श्रष्टाले ।

नेपाल बुझ्न खोज्ने राष्ट्रिय र अन्तराष्ट्रिय अनुसन्धानकर्ताहरूले नपढी नहुने व्यक्तित्व स्व. रेग्मीका कार्यकक्षमा अझैपनि केलाउन बाँकी प्रत्येकमा ५०० भन्दा बढी पृष्ठ भएका लगभग १०० ठेलीहरू छन् रे । तिनको संरक्षण र उपयोग गर्ने कार्य कसैले शुरू गरे आफ्नो परिवारले पुरापुर सहयोग गर्ने वचनबद्धता व्यक्त गर्नुभयो- श्रद्धान्जली सभामा उपस्थित स्व. रेग्मीका ज्ञानी पुत्रहरू डा. गिरिशचन्द्र र डा. शिरिशचन्द्रले । राजनैतिकशास्त्रका रिडर डा. शिरिशचन्द्रले स्व. रेग्मीका दुई पुस्तक अनुवाद गरीसक्नु भएको र चाँडै नै बजारमा आउँदै पनि छ । नेपाली पाठकहरूलाई त यो ठूलो गुन हुने नै छ, साथै यस कार्यको निरन्तरतासँगै स्व. रेग्मीको महत्व, व्यापकता र सम्झनालाई निरन्तरता दिन पनि सहयोग पुग्नेछ । स्व. रेग्मीप्रतिको सही श्रद्धान्जली त उहाँको अध्ययन अनुसन्धान पद्धतिको अनुसरण र निरन्तरतामा नै निहीत रहनेछ ।

नेपाल अध्ययन केन्द्रले उक्त श्रद्धान्जली सभामार्फत् स्व. रेग्मीको सम्झना कालान्तरसम्म देश र जनताका हितमा दिगो राख्ने हेतुले राष्ट्रका सामु "महेशचन्द्र रेग्मी राष्ट्रिय सम्मान" स्थापना गरोस् भन्ने प्रस्ताव पनि पेश गरेको थियो र सभाद्वारा समर्थन गरिएको थियो ।

❑ सुरेश ढकाल

# टाट पल्टेको राज्यको पपुलिष्ट बजेट



यस आर्थिक वर्षमा पनि पोहोरजस्तै अध्यादेशमार्फत् नै गैरसम्वैधानिक बाटोबाट देशको बजेट जनसमक्ष पेश गरिएको छ, जबकि देशको संविधानले संसदको संयुक्त अधिवेशनमा मात्रै बजेट पेश र अनुमोदन हुनसक्ने बाध्यात्मक व्यवस्था गरेको छ । त्यसैले प्रमुख संसदीय राजनीतिक दलहरूले यो बजेटलाई 'सम्वैधानिक हैसियतविनाको दस्तावेज' भनेका छन् । सडकमा बसेको उनीहरूको संसद अधिवेशनले श्रावण ४ गते यो बजेटलाई पूर्णतया अस्वीकृत गरेको छ । माओवादीले यो बजेटलाई गृहयुद्धको फेरि थालनीको निम्ति शंखघोषसरह ठानेको देखिएको छ, किनकि यो बजेटले यसवर्ष संसदको चुनाव भइछाड्ने संकेत गरेको छ । स्मरणीय छ, माओवादीसितको वार्ता कुनै तात्विक निष्कर्षमा नपुगी संसदको चुनावको घोषणा भयो भने त्यसलाई युद्ध घोषणाको रूपमा लिने माओवादी वार्ता टोलीका सदस्य रामबहादुर थापा 'बादल'ले बजेट आउनुअघि नै बताइसकेका थिए ।

यो वर्षको बजेटको उल्लेखनीय विशेषता के देखिएको छ भने यसले तीनवटा तत्वको प्याकेजलाई माओवादी विद्रोह समाधान गर्ने कुञ्जीको रूपमा प्रस्तुत गरेको छ : एक, संसदीय चुनाव, दुई सुदूर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चलमा बाटोघाटो तथा सुधारका कार्यहरू र तीन, सैनिक संयन्त्रलाई मजवूत पार्न पोहोर गृहयुद्धको समयमा जत्तिकै यसवर्ष शान्तिवार्ताको समयमा पनि बजेट विनियोजन गर्ने कार्य । चुनावको निम्ति यो बजेटले १.७५ अर्बको थैली छुट्याएको छ । माओवादी प्रभावित सुदूर र मध्य पश्चिमाञ्चलको लागि यसले पोहोरभन्दा विकास बजेटमा २४.३ प्रतिशत रकम बृद्धि गरेको छ । त्यहाँ सडक यातायातको निम्ति मात्रै पोहोरभन्दा २१५ प्रतिशत रकम बृद्धि गरिएको छ । देशमा यतिबेला गृहयुद्धको स्थिति नभए पनि र शान्तिवार्ता चलिरहे पनि यसले गृह र रक्षातर्फको खर्च लगभग पोहोरजत्तिकै अर्थात् १४.१४ अर्ब रूपियाँ विनियोजित गरेको छ । स्मरणीय छ, पोहोर भीषण गृहयुद्ध चलिरहेको समयमा समेत यी दुई क्षेत्रको अनुमानित कुल बजेट १४.७२ अर्ब रू. थियो ।

बजेटको यो प्याकेजले शान्तिवार्तामा आएको माओवादीलाई राज्यको नियतप्रति अत्यन्त सशंकित बनाउने, विश्वासको संकट अरू चर्काउने र वार्ता भाँड्न ठूलो भूमिका खेल्ने संभावना छ ।

यो बजेटले यस वर्ष पनि राज्य टाट पल्टेको छर्लङ्ग देखाएको छ । यसले आर्थिक वर्ष २०६०/६१ मा जम्माजम्मी ६२ अर्ब रूपियाँ मात्र राजस्व उठ्ने अनुमान गरेको छ । तर यो वर्ष साधारण खर्च पनि लगभग त्यत्ति नै हुने अनुमान गरेको छ, अर्थात् झण्डै ६१ अर्ब रूपियाँ । यस हिसावले राजस्व लक्ष्यबमोजिम शतप्रतिशत नै उठेको खण्डमा पनि (अहिलेको स्थितिमा जुन हुने अत्यन्त कम संभावना छ) यो थैली साधारण खर्च धान्दै सकिनेछ । विकास निर्माणको निम्ति राज्यसित पैसा नै हुनेछैन । यसको मतलब राज्यले संपूर्ण विकास खर्च बाहिरी र आन्तरिक ऋण काटेर चलाउनु पर्ने हुनेछ र राज्य त विकास खर्चका निम्ति पूर्णतया ऋण निर्भर वा परनिर्भर हुनेछ । यो राज्य टाट पल्टेको प्रष्ट संकेत हो ।

अझ गहिरोमा नियाल्ने हो भने राजस्वको कूल ६२ अर्ब रकममध्ये ६२ प्रतिशत अंश त निजामती, जंगी, प्रहरी र शिक्षक, कर्मचारीको तलब, सुविधा र निवृत्तिभरणमै चट् हुनेछ, किनकि यसको निम्ति बजेटमा साँढे ३८ अर्ब रूपियाँ छुट्याइएको छ । त्यसमाथि थप, आन्तरिक तथा बाह्य ऋणको सावाँ ब्याज भुक्तानीका निम्ति साँढे १७ अर्ब रूपियाँ छुट्याइएको छ ।

यी दुई शीर्षकमा खर्च हुने जम्मा ५६ अर्ब रूपियाँ कटाउँदा राजस्वको ९० प्रतिशत रकम त त्यत्तिकैमा सिद्धिइसक्ने स्थिति छ । यो स्थितिमा राज्यले कुन खर्चले विकास निर्माण कार्य संपन्न गर्ने ? नेपाली राज्यका सामु एउटा भयावह आर्थिक संकटको तस्वीर खडा भएको छ ।

देश यस्तो भयावह आर्थिक संकटमा फसिरहेको र टाट पल्टेको समयमा बजेटले दरवारको खर्च फेरि पनि दरवार हत्यकाण्ड भएको वर्ष २०५८/५९ को तुलनामा झण्डै तीन गुणा बढाएको छ, यद्यपि यो व्यापक जनविरोधको कारणले पोहोरको तुलनामा भने केही घटेको छ । *(हेर्नुहोस् बक्स)* यति नै बेला, पार्टीहरूलाई हरेक मतको रू. २०/- को दरले चुनावी खर्चका लागि अनुदान दिने प्रस्ताव ल्याइएको छ । बजेट झण्डै चुनावी बजेटजस्तो पपुलिष्ट चरित्रको छ । अहिले देशले भोगिरहेको चरम संकटको परिप्रेक्ष्यमा यी प्रस्ताव र प्रयासहरू अत्यन्त निन्दनीय छन् । बजेटले देशको यस्तो आर्थिक संकट भोगिरहेको समयमा सवारी साधन र त्यसका पार्टपूर्जाहरूमा लागिआएको १३० र ८० प्रतिशतको भन्सार महशूललाई घटाएर क्रमशः ८० र ४० र ४० प्रतिशतमा झारेको छ । कम्प्युटर र कम्प्युटरका पार्टपूर्जामा लागिआएको आयात महशूलसमेत घटाएको छ र विदेशबाट हुने सम्पूर्ण मालसामानको पैठारीमा लाग्दैआएको विशेष शुल्कमा ५० प्रतिशत कटौती गर्ने प्रस्ताव पनि बजेटमा ल्याइएको छ । आखिर यी सबै कसको हितको लागि ? विश्वका ठूला बहुराष्ट्रिय निगमको सिवाय यसबाट राष्ट्रको हित हुने त देखिंदैन । यस्तो प्रतीत हुन्छ- बजेटले देशलाई अरू कंगाल हुन दिएर दाता खुशी पार्ने दृष्टिकोण अपनाएको छ । यही कुरा नाफामा चलिरहेका संस्थान र संस्थालाई अन्धाधुन्ध निजीकरण गर्न खोज्ने प्रस्ताव ल्याउन खोजेबाट पनि देखिन्छ, जस्तो : नेपाल दूर संचार संस्थानको निजीकरण । छिटै नेपाल विश्व व्यापार संगठनमा प्रवेश गर्ने तयारीस्वरूप बजेटमा

## बजेटको स्रोत

कुल बजेटलाई रू. १०० मान्ने हो भने बजेटमा कति रूपियाँ कहाँबाट आउने अनुमान गरिएको छ ?

| | |
|---|---|
| राजस्वबाट | ६० रुपियाँ |
| वैदेशिक अनुदानबाट | १५ रुपियाँ |
| वैदेशिक ऋणबाट | १३ रुपियाँ |
| आन्तरिक ऋणबाट | १२ रुपियाँ |

*स्रोत : अर्थ मन्त्रालय*

| बजेटको संरचना | |
|---|---|
| कूल बजेट रु. | १०२.४० अर्ब |
| त्यसमा साधारण खर्च | ६०.५५ अर्ब |
| विकास खर्च | ४१.८४ अर्ब |
| **खर्च व्यहोर्ने स्रोतहरू :** | |
| राजस्वबाट | ६२.२३ अर्ब |
| वैदेशिक अनुदानबाट | १५.५१ अर्ब |
| बजेट घाटा | २४.६६ अर्ब |
| वैदेशिक ऋणबाट | १२.८२ अर्ब |
| आन्तरिक ऋणबाट | ११.८४ अर्ब |

*स्रोत : अर्थ मन्त्रालय*
*आर्थिक वर्ष २०६०/६१ को बजेट वक्तव्य*

## नेपालको अर्थतन्त्रको ताजा तस्वीर

**नेपालको वैदेशिक ऋण**

- नेपालको खुद तिर्नु बाँकी वैदेशिक ऋण २०५९ फागुन मसान्तसम्ममा २२१ अर्ब ९९ करोड पुगेको छ । पोहोर साल यही समयमा नेपालको वैदेशिक ऋण २१८ अर्ब ३५ करोड थियो । यसरी वैदेशिक ऋणमा १.३ प्रतिशतले बृद्धि भएको छ ।

**नेपालको आन्तरिक ऋण**

- नेपालको खुद तिर्नु बाँकी आन्तरिक ऋण २०५९ फागुन मसान्तसम्ममा ८१.७० अर्ब रुपियाँ पुगेको छ । पोहोरको आर्थिक वर्षमा यो ६९.४३ अर्ब रुपियाँ थियो । गत वर्षभन्दा यो १७.७ प्रतिशतले बढेको छ ।

**नेपालको बजेट घाटा**

- नेपालको बजेट घाटा २०५५/५६ मा १७.९९ अर्ब रुपियाँ रहेकोमा अहिले २०६०/६१ मा यो २४.६६ अर्ब रुपियाँ पुग्ने अनुमान गरिएको छ । स्मरणीय छ, पोहोरको आर्थिक वर्षमा बजेट घाटा २०.९५ अर्ब रुपियाँ थियो ।

**नेपालको आर्थिक वृद्धि दर**

- नेपालको आर्थिक वृद्धि दर २०५८/५९ को आर्थिक वर्षमा -०.५ प्रतिशत मात्र रहेकोमा २०५९/६० मा यो २.४ प्रतिशत पुग्ने अनुमान गरिएको छ ।
- २०५९/६० मा नेपालको कृषि क्षेत्रको उत्पादन २.१ प्रतिशतले र गैरकृषि क्षेत्रको उत्पादन २.५ प्रतिशतले बढ्ने अनुमान गरिएको छ ।

*स्रोत : अर्थ मन्त्रालय*
*आर्थिक सर्वेक्षण, २०५९/६० र बजेट वक्तव्य २०६०/६१*

## बजेट २०६०/६१

खर्च कहाँ कति छुट्याइएको छ ?

| | |
|---|---|
| ◆ कुल बजेट - | १०२.४ अर्ब रू. |
| ◆ कुल विकास खर्च - | ४१.४८ अर्ब रू. |
| ◆ कुल साधारण खर्च - | ६०.५५ अर्ब रू. |
| ◆ कुल राजस्व अपेक्षा- | ६२.३३ अर्ब रू. |

### कुल राजस्वको प्रतिशत %

| | | |
|---|---|---|
| ◆ निजामती, जंगी, प्रहरी र शिक्षकको तलब र निवृत्ति भरणमा | ३८.५ अर्ब | ६२% |
| ◆ आन्तरिक तथा बाह्य ऋणको सावा ब्याज भुक्तानीमा | १७.५ अर्ब | २८% |

*स्रोत : अर्थ मन्त्रालय र बजेट वक्तव्य २०६०/६१*

कुल राजश्वको ९० प्रतिशत यी दुई शीर्षकमा खर्च गर्दै सकिएपछि अरूमा खर्च गर्ने के ?

उपरोक्त कदम चाल्न खोजेको महशूस हुन्छ ।

त्यसो त बजेटमा केही राम्रा कुराहरू पनि छन्- जस्तो : सहकारी खेतीलाई प्रोत्साहन, गलैंचाको निम्ति ऊन पैदा गर्न भेंडा पालन नेपालमै थाल्ने प्रयास, पर्यटन प्रोत्साहनका प्याकेजहरू, गरीबीको सघनता भएका जिल्लालाई बढी अनुदान दिने नीति, पर्यटन शुल्क सम्बन्धित स्थानीय निकायलाई बाँड्न दिने प्रणाली आदि । परन्तु बजेटको सुधारको प्याकेज नेपालको वर्तमान आर्थिक हैसियतले धान्न सक्नेभन्दा निक्कै ज्यादा देखिन्छ । र, कामचलाऊ संक्रमणकालीन सरकारले दूरगामी महत्वको नीति-निर्णय गर्ने हक र हैसियत पनि राख्दैन ।

❑ (मूल्यांकन आर्थिक ब्यूरो)

# बजेटबारे को के भन्छन् ?



**डा. रामशरण महत**
*पूर्व अर्थमन्त्री,*
*नेता नेपाली कांग्रेस*

"बजेटले देशको मूल आर्थिक मुद्दाहरूलाई बेवास्ता गरेर चुनावी सरकारले प्रस्तुत गर्नेजस्तो सस्तो लोकप्रियताको लागि आधारविहीन कार्यक्रमहरू ल्याएको छ । बजेटमा अनावश्यक रूपमा करको दर घटबढ गर्ने जस्ता कुराहरू समावेश छन्, जुन यो जनमतविहीन सरकारलाई त्यसो गर्ने कुनै अधिकार छैन । अन्य कतिपय कार्यक्रमहरू पनि विगतका बजेटका कार्यक्रमहरूलाई निरन्तरता दिन खोजिएको छ ।

बजेटमा अर्थतन्त्रमा दूरगामी असर पार्ने दायित्व थप्ने र जनतालाई बोझ थप्ने घोषणा गरिएको छ, जुन यो सरकारलाई त्यस्तो घोषणा गर्ने कुनै अधिकार छैन । चुनावको लागि प्रतिभोट रू. २०/- दिने भन्ने कुरा गैरजिम्मेवारीपूर्ण निर्णय हो । ❑

**प्रो. विश्वंभर प्याकुरेल**
*अर्थविद*

बजेटले मूल आर्थिक पक्षहरूलाई समेट्न सकेको छैन । बजेटमा धेरै कार्यक्रमहरू छरिएका छन्, तर कार्यान्वियन पक्षलाई ध्यान दिइएको छैन । गत वर्षदेखि लागू गरिएको मध्यकालीन खर्च संरचनाकै लक्ष्यअनुसार प्रगति नभएको अवस्थामा बजेटले त्यसका कमजोरीहरू सच्याउन सकेको छैन । यो बजेट अर्थतन्त्रले धान्नै नसक्ने दर्जनौं प्रतिबद्धताको दस्तावेज हो । ❑

**प्रो. गुणनिधि शर्मा**
*अर्थविद्*



बजेटले परनिर्भरता बढाएको छ । आर्थिक-सामाजिक परिवर्तका विषयलाई बेवास्ता गरेको छ । यो बजेटमा परंपरागत र ग्रामीण र शहरी क्षेत्रको दूरी कम गर्ने कुनै ठोस कार्यक्रम छैन । संवैधानिक संरचनामा परिवर्तन नभएसम्म यस्ता बजेटको कुनै प्रभावकारिता रहँदैन । बजेट सतही छ र देशको मूल आर्थिक मुद्दालाई समेट्न सकेको छैन । र, वास्तविक राजनैतिक धरातललाई बेवास्ता गरेको छ । ❑

# चीन-भारत सम्बन्ध
# नेपाललाई चुनौती

■ हरि रोका

**सन्** १९७९ मा भारतका तत्कालीन परराष्ट्रमन्त्री अटल बिहारी वाजपेयी चीन भ्रमणमा रहनुहुँदा चिनियाँ नेता देङ शियाओ पिंगले भन्नुभएको थियो- 'हाम्राबीच थुप्रै मतभिन्नताहरू भएका केही विषयहरू छन्, जसलाई केही समयका लागि थाँती राखेर असल काम गर्नका लागि अनुकूल वातावरण तयार गर्नु जरूरी छ । संसारका सबैभन्दा धेरै जनसंख्या भएका हाम्रा यी एशियाली मुलुकहरूबीच हामी कसरी मित्र बन्नसक्छौं, खोज्नु जरूरी छ ।' सन् १९६२ को युद्धदेखि बिग्रिएको सम्बन्धलाई जोड्न माथि उद्धृत शब्दहरूले ठूलो योगदान गरेका थिए । असल सम्बन्ध कायम गर्न पूर्व राष्ट्रपति के. आर. नारायणनन् चीनका लागि भारतीय राजदूतका रूपमा सन् १९७६ देखि १९७८ सम्म कार्यरत रहनु भएदेखियता सम्बन्धहरू विस्तारै सुध्रँदै गए । राजीव गान्धीको १९८८ को भ्रमणपछि चीन-भारत सम्बन्धले ठूलो फड्को मार्‍यो । त्यसपछि चिनियाँ राष्ट्रपति जियाग जेमिनको भारत भ्रमण र भारतीय राष्ट्रपतिका रूपमा के. आर. नारायणनन्को दुई वर्षअगाडिको चीन भ्रमणले यो सम्बन्धमा नयाँ आयाम थपेका थिए । र, यस वर्षको जून २२–२७ मा भएको भारतीय प्रधानमन्त्री अटल बिहारी वाजपेयीको चीन भ्रमणले गर्दा चीन-भारत सम्बन्धमा ठूलो फड्को आएको अड्कल गरिएको छ ।

वर्तमान एकलध्रुवीय राजनीतिलाई प्रभावित पार्न चीन र रूसको सम्बन्ध तीव्र भइरहेको बेला यस प्रक्रियामा भारतको पनि संलग्नताले ठूलो अन्तर्राष्ट्रिय प्रभाव पार्छ । त्यसैले एशियाली राजनीतिमा यो भ्रमणलाई महत्वपूर्ण उपलब्धिको रूपमा हेरिएको छ । त्यसमाथि पनि दशकौंदेखि सीमा अतिक्रमणको विषयलाई लिएर एक-अर्कामा दोषारोपण गरिरहेका यी दुई छिमेकी राष्ट्रहरूले एक-अर्कालाई उनीहरूले ओगटेका क्षेत्रहरू तिनकै अनन्य भूभाग हुन् भनेर मान्यता दिनुले सम्बन्धमा नयाँ आयामको विस्तार गरेको ठानिएको छ । भारत र चीनबीच विकसित हुँदैगरेको नयाँ सम्बन्धले अरू एशियाली देशहरूसँग यी दुई मुलुकहरूको सम्बन्धमा सुधार ल्याउनसक्ने सम्भावना बढेको छ ।

त्यसैगरी सीमासम्बन्धी समस्याहरूलाई सुल्झाउन नयाँ समिति गठन गरिएको छ भने सिक्किम र तिब्बतको बारेमा एक-अर्कालाई मान्यता दिइएको छ । यसले सामुद्रिक व्यापारबाहेक ना थु ला भञ्ज्याङ्ग भएर ल्हासा पुग्ने पुरानो सिल्क रोडलाई सक्रिय पार्नेबित्तिकै भारतको पूर्वाञ्चल र चीनको तिब्बत तथा सेचुवाँ प्रान्तमा ठूलो ब्यापार विस्तार गर्नसक्ने अनुमान गरिएको छ । त्यसबाहेक सन् १९८८ देखि यी दुई देशबीचको व्यापार शून्यताको तहबाट विस्तारै उठेर हाल वार्षिक पाँच अर्ब डलर पुगेको छ र त्यसलाई आउने दुई-तीनवर्षमा दोब्बर पुर्‍याउने लक्ष्य राखिएको छ ।

बेलायती साम्राज्यका बेला उक्त ना थु ला भञ्ज्याङ्गलाई ब्यापारिक नाकाको रूपमा खोलिँदा नेपाल भएर हुने गरेको भारत-तिब्बतको ब्यापार र मूल सिल्क रोडसँग जोडिएर हुने व्यापार स्वाट्टै घट्नपुगेको थियो । सन् १९६० को दशकदेखि ब्यापार विविधीकरणको नाममा भारतसँगको अतिनिर्भरता घटाउन चीन र अन्य तेस्रो मुलुकहरूसँग ब्यापार थालियो । नेपालको चीनको तिब्बतसँगको ब्यापार त्यति ठूलो त होइन, तर पनि यो बढ्यो । सन् १९९१ सम्म भारतले अपनाएको नियन्त्रित अर्थतन्त्रको नीतिले नेपाललाई चिनियाँ सामान भारतमा निकासी गर्न र भारतीय सामान चीनमा निकासी गर्न सम्भव पारेको थियो । त्यो ब्यापार अधिकांश गैरकानूनी रूपमा गरिन्थ्यो । उदारीकरणको नीति अपनाइएपछि क्रमशः यी गतिविधिहरूमा ठेस लाग्दै गइरहेको छ । अब अझ भारत र चीनबीच सिधा ब्यापार बढ्दैजाँदा नेपालले फाइदा लिँदैआएको मध्यस्थ ब्यापारको भूमिका कमजोर हुनपुग्ने निश्चित छ । यसले आर्थिक रूपमा नेपाललाई गतिलो चुनौती थपिदिएको छ ।

एउटा असल छिमेकीको नाताले नेपालले चीन र भारतबीचको सम्बन्धमा हुने सुधारलाई स्वागत गर्नुपर्छ । शीतयुद्धकालीन इतिहासले दिएको मौकालाई नेपालले बितेका चारदशकसम्म आफ्नो हितअनुकूल उपयोग गर्नसक्यो वा सकेन, त्यसको मूल्यांकन अरू नै बेला गरिएला । तर अब नयाँ चुनौती सामुन्नेमा आएको छ । दुई छिमेकी मुलुकहरूको गतिशीलतासँगै आफूलाई पनि आत्मनिर्भर र गतिशील बनाउनु जरूरी भइसकेको छ । तर नेपालमा अहिलेसम्म पनि त्यसका लागि आवश्यक कुनै कदम चालिएको देखिँदैन । ❑

*(रोका अहिले भारतको जवाहरलाल नेहरू विश्वविद्यालयको अर्थशास्त्र विभागमा पीएचडी गर्दैछन्)*

अब हामी १६ वर्षमा प्रवेश गर्‍यौं ।

औद्योगिक क्षेत्र व्यवस्थापन लि.
बालाजु
पत्र मञ्जूषा : ८१२, काठमाण्डौ

DUCKHAMS
अन्तरराष्ट्रिय ISO-9002 को उच्च गुणस्तरको लुब्रिकेटिङ्ग आयल










PRODUCTS OF ALEXANDER DUCKHAMS & CO. ENGLAND

# कति झूठ बोल्छन् अमेरिकी र बेलायती शासकहरू

झूठैझूठले भरिपूर्ण प्रचारबाजीका आधारमा इराकमाथि गरिएको अमेरिकी र बेलायती सैनिक आक्रमण झन्झन् नागिदै गएको छ । सैन्य आक्रमणका लागि बुनिएका एकसेएक झूठ र फरेबहरू शासकीय भवनका धुरीहरूबाट चिच्याएर कराउन थालेका कारणले बुश र ब्लेयरको कुर्सीसमेत हल्लिन थालेको छ ।

बुश र ब्लेयरको शासनले झूठको खेती गर्ने क्रममा के दाबी गरेको थियोभने इराकी शासक सद्दाम हुसेनसँग रासायनिक र जैविक हतियारहरूको भण्डार छ, त्यस्ता आमसंहारकारी हतियार (weapons of mass destruction) का कारणले अरब जगत र बेलायत-अमेरिकालाई समेत भयानक खतरा आइपरेको छ । सद्दामको शासनसँग रहेको विशाल सैन्य क्षमता र त्यसको आक्रामक स्वभावले सिंगो विश्वका जनतामा भय-त्रास फैलाइरहेको छ । त्यसका दाबी गरेको थियो- सद्दामको शासनसँग ओसामा बिन-लादेन र अल-कायदा नेटवर्कजस्ता आतंकवादीहरूसँग निकटतम सम्बन्ध छ र त्यसले आफूसंग रहेका आमसंहारकारी हतियारहरू सप्लाई गरेर विश्वभरि विनाश मच्चाउनसक्छ ।

सैन्य आक्रमण हुनुभन्दा ६ महिनाअगाडिदेखि गरिएका यी दाबीहरू युद्ध समाप्तिको घोषणा भएको ६ महिनापछि पनि सावित हुन सकेका छैनन् बरू ती निकृष्ट स्तरका झूठ सावित भएका छन् । र, सावित भएका छन्- ती दावीहरू बर्बर आक्रमणका लागि आवश्यक निहुं प्राप्त गर्न तथा विश्वजनमतलाई युद्धका पक्षमा एकोहोऱ्याउन बुनिएका भ्रमात्मक प्रचारबाजी मात्र थिए भन्ने कुरा । झूठा दावीहरू गर्दै युद्धरत बुश र ब्लेयरको शासनले आक्रमणका लागि के प्रचारबाजी गरेको थियोभने इराकमा आणविक हतियारको कार्यक्रमका लागि शक्तिशाली आलमोनियम ट्यूबहरू किनेर यूरेनियममा परिशोधन गर्न प्रयोग गरिएको छ र आणविक हतियारका लागि नभई नहुने यूरेनियमचाहिँ अफ्रिकी राष्ट्र नाइजरबाट झिकाइएको छ । पछि संयुक्त राष्ट्र संघ र अमेरिकी सैन्य विशेषज्ञहरूले के प्रमाणित गरेर देखाए भने आलमोनियम ट्यूबहरू बाजोका स्टाइलका रकेट लन्चरहरू निर्माण गर्नका लागि प्रयोग गरिएका थिए, जसले इराकमाथि लागेको राष्ट्रसंघीय प्रतिबन्धलाई उल्लंघन गरेका थिएनन् । इराकले नाइजरबाट यूरेनियम झिकाई आणविक अस्त्र बनाउन थालेको आरोपको स्पष्ट रूपमा खण्डन गर्दै अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (IAEA) ले के प्रमाणित गरेको थियो भने यस्तो झूठो र कच्चा तथ्यले भरिपूर्ण दस्तावेज पहिले इटालीको जासूसी सेवालाई कसैले बेचेको थियो र पछि त्यही दस्तावेज बेलायत र अमेरिकाको सरकारको हातमा पुगेको हो ।

एकसेएक झूठा निहुं र नाराका साथ गरिएको आक्रमण र विजयपछि पनि इराकमाथि बुश-ब्लेयरको शासनको एकाधिकार कायम हुनसकेको छैन



अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको सप्रमाण खण्डनलाई रछ्यानमा फ्याँक्दैआएको बुश प्रशासन सत्यका सामु तब झुक्नुपऱ्यो, जब उसकै प्रशासनअन्तर्गतको सीआईएकै अनुरोधमा नाइजर पुगेर व्यापक अनुसन्धान गरेका पूर्व राजदूत जोसेफ विल्सन चतुर्थले पनि बुश-ब्लेयरको दाबी असत्य भएको ठहर गरे । उनको अनुसन्धानअनुसार नाइजरको यूरेनियमको रिजर्भमाथि जर्मनी, फ्रान्स, जापान र अर्को एक देशको कडा नियन्त्रण छ र इराकले त्यहाँबाट यूरेनियम किन्ने प्रयत्न गरेको कुनै ठोस प्रमाण छैन । त्यसैले उनले 'न्यू योर्क टाइम्स' र 'वाशिंगटन पोष्ट'मा नाइजरको यूरेनियन इराकले किनेको झूठो बहानाबाजी बुश प्रशासनको युद्धलाई जायज ठहऱ्याउने प्रयत्नमात्रै भएको विचार व्यक्त गरेका थिए ।

त्यस्तै इराकी आमसंहारकारी हतियारको निर्माण र जगेडासम्बन्धी प्रचारबाजी पनि झूठैझूठले भरिपूर्ण रहेको कुरा प्रमाणित भइसकेको छ । सद्दामलाई निःशस्त्र पार्ने उद्देश्य उद्घोष गर्दै सैन्य आक्रमण गर्ने बुश-ब्लेयर शासनहरू इराकमाथि विजय हासिल भएको ६ महिना बितिसक्दा पनि एउटा पनि त्यस्ता आमसंहारकारी हतियार इराकमा रहेको ठोस प्रमाणहरू फेला पार्न नसकेपछि अक्क न बक्क भएका छन् । युद्धलाई जसरी भएपनि जायज ठहऱ्याउन इराकसँग एन्थ्राक्स, बोतुलिनम टक्सिन, सरिन, मस्टार्ड ग्यास, भीएक्स नर्भ एजेन्ट, जैविक हतियारहरूको घुम्ती प्रयोगशाला र अत्याधुनिक आणविक हतियारहरू भएका 'तथ्य'हरूको ओइरो लगाउने ती सरकारहरू युद्धमा विजयपछि पनि ती कुराहरू पुष्टि गर्ने प्रमाणहरूको खोजी गर्न असमर्थ भएका कारणले नराम्ररी नागिएका छन् ।

एकसेएक झूठा निहुं र नाराका साथ गरिएको आक्रमण र विजयपछि पनि इराकमाथि बुश-ब्लेयरको शासनको एकाधिकार कायम हुनसकेको छैन । युद्धको क्रममा दुई छोरा उदय र कुसय अनि एक १४ वर्षीय नाति मुस्तफा गुमाइसकेका सद्दामलाई गिरफ्तार गर्ने वा मार्ने काममा असफल भइरहेका तिनीहरूको इराकी भूमिमाथि नवउपनिवेशवादी शासन थोपर्ने, 'जननिर्वाचित' सरकार गठन गर्ने, त्यहाँको संविधान र कानून आफूले लेख्ने तथा त्यहाँका सबै तेल ग्याँसजस्ता बहुमूल्य स्रोत-साधन र बजार हडप्ने सपना अझैसम्म पनि पूरा भइसकेको छैन । इराकमाथि विजयघोषपछि पनि नवऔपनिवेशिक आक्रमणविरूद्ध युद्ध जारी छ, हो, इराकी जनताको छापामार युद्ध जारी छ । दैनिक लगभग चारजना आक्रमणकारी सैनिकहरूको ज्यान लिनेखालको छापामार युद्धले तिनीहरूको अर्को दाबीलाई पनि झूठो सावित गरिरहेको छ । इराकमाथि आक्रमण गर्दा 'आफ्ना सैनिकहरूलाई प्रजातन्त्र र स्वतन्त्रताका सेनानीका रूपमा फूलमालासहित स्वागत गरिनेछ' भनी पटक पटक दाबी गर्नेहरू अचेल इराकी जनताद्वारा गोली र बममार्फत् गरिएका सशक्त प्रतिरोधका कारण आच्छुआच्छु भइरहेका छन् ।

अतः झूठैझूठले भरिपूर्ण दावीहरूका साथ गरिएको बर्बरतापूर्ण युद्धको क्रममा विजयोत्सव मनाउँदै इराकमाथि आफ्नो शासन थोपर्ने नवऔपनिवेशिक सपना देखिरहेका तिनीहरूको शासनलाई कुनै पनि तरिकाले सहयोग गर्नु भनेको मानवताविरोधी अपराध ठहर्नेछ । नेपालको राज्यले इराकको 'पुनर्निमाण' या अन्य कुनै काममा त्यहाँ नेपाली सेना पठाउनु वा आक्रमणको समर्थन गर्नु वा युद्धको विरोधमा चुँसम्म नबोल्नु वा प्रतिरोध कर्ममा संलग्न इराकी जनतालाई समर्थन नगर्नु आपराधिक कर्मभन्दा कम सावित हुनेछैन । ❑



# उषाले खिचेका काश्मीरका तस्वीरहरू




**फोटो-पत्रकार** उषा तितिक्षुले भारतको विवादास्पद कश्मीर क्षेत्रमा भ्रमण गरी खिचेका फोटोहरूमध्ये ४८ वटाको विशेष प्रदर्शन काठमाण्डौमा सम्पन्न भयो । नेपाल आर्ट काउन्सिलको हलमा साउन १४ गतेदेखि हप्तादिनसम्म चलेको उक्त प्रदर्शनीका फोटोहरूले कश्मीरको वर्तमान परिवेशलाई विविध कोणबाट भल्काएका छन् । कश्मीरीहरूले सुगन्धमय महंगो कुङ्ग फूलहरूको वा कमल फूलका डाँठहरू वा सलगमको ब्यापार गरेका, धानको खेती गरेका, सिलाईको तालिम लिइरहेका वा तास खेलिरहेकाजस्ता गतिविधिहरूलाई प्रस्तुत गर्दै उनीहरूका स्कूल, घर, विवाह समारोह, प्रार्थना, मन्दिर, मस्जिद, पर्यटन, पोशाक वा तालतलैयाहरूसम्मको भलक उतार्न उषा सफल भएकी छिन् ।

खासगरी कश्मीर मामिलामा निहित द्वन्द्वका कारण जनजीवनमा परेको असरलाई संकेत गर्ने कोसिश पनि उनले गरेकी छिन् । तथापि प्रदर्शनीमा यो पक्षलाई नै प्रमुख पक्ष भने बनाइएको छैन । दोहोरो गोलावर्षाले छियाछिया भएको बारमुल्लास्थित घर, श्रीनगरको शहीद मजार (चिहान), भेलम नदीको पुलमा तैनाथ सरकारी सेना, भित्तामा लेखिएका भारतपक्षीय नाराहरूआदिका तस्वीरहरूले कश्मीरमा विद्यमान द्वन्द्व र त्यसले तयार गरेको विशिष्ट वातावरणलाई भल्काएका छन् । फोटोहरू सबै श्याम-श्वेत रंगका छन् र तिनमा प्रशंसनीय स्तरमा फोटोकारिताको कौशल प्रस्तुत भएको छ । जनताको जीवनलाई प्रतिनिधित्व गर्ने-गराउने यस्ता प्रयत्नहरूले नेपालमा उदियमान अवस्थामा रहेको फोटो-पत्रकारिता क्षेत्रको विकासमा ठोस मद्दत पुग्ने देखिन्छ ।

यो फोटो प्रदर्शनीको आयोजना नेपाल पत्रकार महासंघ, ललितपुर शाखाले गरेको थियो । ❑

■ पाठकको कुरो

## कमजोर कानून नबनोस्

'मूल्याङ्कन'को १०८ औं अंकमा लेखिएका सबै विषयहरु रोचक र पठनीय छन् । सरकार र माओवादी वार्ता सम्बन्धमा भन्नेपर्ने कुरा के हो भने प्रत्येक नेपाली जनतालाई शान्ति चाहिएको छ र कुनै पक्षले वार्ता बिथोल्नु हुँदैन । त्यस्तो काम भए-गरेमा त्यस्ता तत्वहरुलाई जनताले कदापि पनि छाड्ने छैनन् । नयाँ संविधानका पक्षपाती माओवादी मित्रहरुलाई के सन्देश छ भने अबको संविधान पहिलेजस्तै तरिकाले बनाउनु हुँदैन । जनतालाई कमजोर बनाउने कानून र संविधान बनाउनु हुँदैन । अतः प्रतिक्रियावादीहरुलाई नै फाइदा हुने काम कतैबाट पनि नहोस् ।

लोकराज बरालले शेरबहादुर देउवालाई शक्तिशाली निर्वाचित प्रधानमन्त्री भन्न खोज्नुभएको छ । मलाई लाग्छ, उनीजस्ता शक्तिहीन र अरुको आदेशमा चल्नेलाई त जनताको अदालतमा पुऱ्याउनुपर्छ । कांग्रेसको स्पष्ट बहुमत हुँदाहुँदै संसद् विघटन गरी मध्यावधिमा देशलाई धकेल्नु भनेको राष्ट्रघाती र जनघाती कदम हो ।

अहिले शाही कदम गलत भन्ने नेताहरुमध्येका गिरिजाप्रसाद कोइराला अथवा माधव नेपाललाई प्रधानमन्त्री बनाउने हो भने 'राजनीति पूरै ठीकठाक छ, नेपालमा राजा नभइ हुँदैन' भन्न थाल्नेछन्, त्यसैले तिनीहरुको नेतृत्व विश्वसनीय हुनसक्केको छैन ।

– वीरबहादुर न्यौपाने, *पो.ब.नं. २९५, सैहात- ३११७२, साउदी अरब*

## एसएलसीको नतीजा स्वाभाविक

पूर्णाङ्क १०९ मा एसएलसीको नतीजालाई भूर र अस्वाभाविक ठान्नु विश्लेषणको दोषजस्तो लाग्यो । अहिले अधिकांश विद्यालयहरुको पठनपाठन चित्तबुझ्दो छैन । शिक्षकहरु योग्य र कर्तव्यनिष्ठ छैनन्, विद्यार्थीहरु अनुशासित र लगनशील छैनन् । स्रोतव्यक्ति र जिशिअहरु असल एवं सक्रिय छैनन् । शिक्षा नीति नै दिगो र प्रभावकारी छैन । शिक्षकहरुप्रति राजनैतिक पार्टीहरुको विवादास्पद दृष्टिकोण, शिक्षकहरुलाई घटिया श्रेणीको नागरिक ठान्ने धारणा र अस्थायी शिक्षकहरुको कहालीलाग्दो अवस्थाले शैक्षिक जगतलाई नै तहसनहस पारिरहेका छन् । यसैले गुणस्तरीय शिक्षामा अपेक्षाकृत ह्रास आएको छ ।

यस्तो स्थितिमा पनि शिक्षालाई गुणात्मक बनाउन परीक्षा प्रणालीमा पनि सुधार गर्न परीक्षालाई मर्यादित ढंगले सञ्चालन गराउनु जरुरी छ । सैनिक परिचालनको कारणले अनेक हत्या, हिंसा र यातनाका घटनाहरु बढे पनि यस्तो परिचालनबाट एसएलसी परीक्षालाई मर्यादित गर्न, सही विद्यार्थीमात्र पास गर्न मद्दत पुगेको छ, जसलाई राम्रो पक्ष मान्न सकिन्छ । यस्तो सन्तोषजनक नतीजालाई कसरी भूर र अस्वाभाविक मान्ने ?

– इन्द्रकुमार श्रेष्ठ, *शिक्षक: सरस्वती मा.वि., खानीभञ्ज्याङ्, ओखलढुङ्गा*

## अंक १०९ माथि थोक टिप्पणी

आन्दोलनमा मान्छे भएनन्, किन ? कारण स्पष्ट छ, नेतृत्वले यो आन्दोलनबाट आफू कुर्सीमा जानेबाहेक अरु उद्देश्य राखेको छैन । सरकारमा गएर माओवादीसँग वार्ता गरी के के अग्रगामी निकास निकाल्ने हो, त्यो प्रष्ट पारेमा मात्र जनताले आन्दोलनलाई साथ दिने निश्चित छ ।

लोकतन्त्रको मोडेलबारे श्रीकृष्ण अनिरुद्ध गौतम र महेश मास्केले प्रस्तुत गरेका विचारहरु एकदमै मननयोग्य छन् । यी सामग्री नेपालका नेताहरुले पढेमा तिनको घैंटामा केही घाम लाग्थ्यो कि ?

चुडामणि गिरीको किरिया विद्रोहका लागि उहाँलाई प्रशंसा गर्नुपर्छ । यति आँट गर्ने अगुवाहरु देशलाई चाहिएको छ । रामप्रसाद खनाल नामक चाकरीवादी कलाकारले गीतलाई राजाको चाकरीको विषय बनाएकोमा विवश वस्तीको टिप्पणीमा मेरो सहमति छ । यस्ता भाटहरुको व्यापक भण्डाफोर हुनु जरुरी छ । नत्र भाटहरुले कलालाई भन् बढी बदनाम गर्ने खतरा हुन्छ । डि. आर. पोखरेलको संस्कृति चर्चाले निरन्तरता पाओस् । सुधा त्रिपाठीले नारीको धर्मभिरुतामाथि चिमोट्नु भएको राम्रो छ ।

– हरिकृष्ण शर्मा, *अनामनगर, काठमाण्डौ*


DAEWOO
नयाँ वर्ष मोडेल मूल्य
उच्च प्रविधि, उत्कृष्ट टिभी
30 MONTHS WARRANTY
FREE VOLTAGE 90-240v
100 CHANNELS
4 SPEAKERS WITH LINE STEREO
DIGITAL TECHNOLOGY
FULL FUNCTION REMOTE CONTROL
CHILD LOCK
2 A/V In/Out
ON TIMER SLEEP TIMER
Digital Cubic Sensor
DVD Ready
21D4 (Rs. 17,000/-)
20D4 (Rs. 15,800/-)
14D4 (Rs. 11,600/-)
21D9 (Rs. 19,500/-)
20D9 (Rs. 18,000/-)
21U8 (Rs. 27,500/-)
25G5 (Rs. 30,500/-)
29G4 (Rs. 39,000/-)
CURVES/04578/03
Authorized Daewoo Dealers:
Kathmandu: International Sound Service, Star Plus Electronics, Shrestha Radio Concern, Voice & Vision, Surya Trade Concern, Monami Video, Electronics Home, V & V Audio Video, Music Hut; New Baneshwor: TV World, Kalika Electronics; Chabahil: Kuldeep Home Appliances Center; Dilli Bazaar: Hans TV Center; Bhaktapur: S & S Electronics, Suryabinayak; Shyam Electronics, Kamalbinayak; Kalanki: Electronic TV House; Balaju: National Electronics; Lalitpur: Silu Electronics, Patan Electronic Centre; Lagankhel: Patan TV Center; Kumaripati: Paramount Himalayan Trade Links; Trishuli: Samundra Radio Service; Dhading: Bhairabi TV Center; Illam: Govinda Electronics; Birtamode: Bansal TV Center; Damak: Acharya Electronics; Urlabari: Naveen Kota; Dharan: Light House; Itahari: New Pathivara Electronics; Biratnagar: Arun Electronics/Abhisek; Rajbiraj: New Gajananda Traders; Gaighat: GC Suppliers & Traders; Katari: Prashant Electronics; Lahan: Music & Vision House; Bayelbas: Jagadamba Enterprises; Sindhuli: Kshitiz Electronics; Janakpur: Preeti Enterprises; Malangwa: Malang Baba Traders; Birgunj: R.K. Emporium; Hetauda: Shrestha Electricals and General Suppliers, Om Sai Electronics; Narayanghat: Trimurti Radio & Watch Pasal; Gorkha: Sakriya Radio Pasal; Lamjung: Lamjung TV World; Damauli: National Radio Service; Pokhara: Gautam Electric & Electronics Center; Kushma: Kaligandaki Cable Networks; Baglung: Baglung Electronics; Waling Bazaar: Gandaki Electronics & Gift Center; Galyang Bazaar: Nishu Gift House; Palpa: Sri Nagar Suppliers; Bhairhawa: Shangrila International, Butwal: Kumari Audio Video & Home Appliances; Argakhachi: Lumbini Suppliers & TV Bikri Kendra; Lamahi: Bhusal Electronics; Ghorahi: Vijaya Electronics; Vishwo Jyoti Electricals & GeneralOrder Suppliers, Tulsipur: Shree Ram TV Center; Nepalgunj: Delta Electronics; Surkhet: Maa Durga Emporium; Dhangadi: Dinesh Electronics; Mahendranagar: Chataut Trading, Munal Electronics; Banepa: MS Electronics; Charikot: Rainbow Electronics; Ramechap: Srijana Electronics.
Golchha Organisation
Assembled in Nepal By:
HIM ELECTRONICS PRIVATE LIMITED
नेपालको सर्वाधिक बिक्री हुने टिभी
DAEWOO
नेपालको नं १ COLOR TELEVISION
* Some features are only on select models.

MULYANKAN
A magazine for Thought-Interaction
ल.प.जि.प्र.का. द.नं. ९९/०४९/५८ म.क्षे.हु.द.न. १२ ०५० ५१

